# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १९ | २०८० माघ १-१५ | पूर्णाङ्क ७५७



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | ७ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ७ |
| इजलास नं. ४ | १३ |
| **जम्मा** | **४०** |

| | |
|---|---|
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | १३ |
| इजलास नं. ७ | १० |
| इजलास नं. ८ | १ |
| इजलास नं. १० | १ |
| इजलास नं. ११ | ४ |
| इजलास नं. ११ | १ |
| **जम्मा** | **३३** |

**कूल जम्मा ४० + ३३ = ७३**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, माघ – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ९** |
| १. | उत्प्रेषण / परमादेश | शेखर कुमार राणा वि. श्री नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १ |
| २. | उत्प्रेषणयुक्त परमादेशसमेत | धर्मराज बजगाईँसमेत वि. नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | १ |
| ३. | अंश | पानमती मिश्राइन वि. अदालत भन्ने अदाल मिश्रसमेत | २ |
| ४. | अंश भरपाई जालसाज | डिलमाया धमला न्यौपाने वि. जगतप्रसाद न्यौपाने | ३ |
| ५. | सम्बन्ध विच्छेद | डिलमाया धमला न्यौपाने वि. पशुपति जैसीसमेत | ४ |
| ६. | अंश | भुखाली डगौरा वि. रामबहादुर डगौरासमेत | ५ |
| ७. | उत्प्रेषण / परमादेश | ज्ञानी खड्का (श्रेष्ठ) समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ६ |
| ८. | जग्गा खिचोला मेटाई दर्ता हक कायम | मोहन शंकर अमात्य वि. ज्ञानबहादुर अमात्यसमेत | ७ |
| ९. | ठगी | भगवती शर्मा आचार्य वि. नेपाल सरकार, नेपाल सरकार वि. भगवती शर्मा आचार्य | ७ |
| १०. | जग्गा दर्ता हक कायम दाखेल खारेज | मोहन शंकर अमात्य वि. राजमान रघुवंशी | ८ |
| **इजलास नं.१** | | | **९ - १५** |
| ११. | बन्दी प्रत्यक्षीकरण | इन्द्रबहादुर विष्ट वि. दैलेख जिल्ला अदालतसमेत | ९ |
| १२. | उत्प्रेषणयुक्त परमादेश | मनोजकुमार के.सी.समेत वि. उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत | १० |
| १३. | सर्तनामा बमोजिम गरिपाऊँ | स्तुपा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, काठमाडौं वि. पञ्चमाया श्रेष्ठसमेत | ११ |
| १४. | किर्ते जालसाजी | कोशिलीयादेवीसमेत वि. विनोदप्रसाद यादव | ११ |
| १५. | उत्प्रेषणयुक्त परमादेश | पवित्रा के.सी. वि. उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत | १२ |
| १६. | खोटा चलन | रामप्रसाद चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. गोविन्द चौधरीसमेत | १३ |
| १७. | किर्ते जालसाज | पलट यादव वि. सत्यनारायण शर्मासमेत | १४ |

| | | | |
|---|---|---|---|
| इजलास नं. २ | | | १५ - १८ |
| १८. | उत्प्रेषणसमेत | जोशी बिज हाउस प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं वि. नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १५ |
| १९. | कर्तव्य ज्यान | विरे कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. कमल वि.क.समेत | १६ |
| २०. | उत्प्रेषणसमेत | संजयप्रसाद प्रधान वि. माछापुच्छ्रे बैंक लि, काठमाडौंसमेत | १७ |
| इजलास नं. ३ | | | १८ – २४ |
| २१. | नामसारी निर्णय दर्ता बदर हक कायम दर्ता | सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत | १८ |
| २२. | कर्तव्य ज्यान र बोक्सीको आरोप | नेपाल सरकार वि. विसुनदेव महतो थारूसमेत | १९ |
| २३. | बन्दी प्रत्यक्षीकरण | पासपतिदेवी थरूनी वि. श्री पर्सा जिल्ला अदालत तहसिल शाखा, पर्सा, वीरगन्जसमेत | २० |
| २४. | बैंकिङ कसुर | राजु थापा वि. नेपाल सरकार | २१ |
| २५. | बन्दी प्रत्यक्षीकरण | शिवजी महतो कम्कर वि. पर्सा जिल्ला अदालत | २१ |
| २६. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. प्रकाश परियारसमेत | २२ |
| २७. | उत्प्रेषणसमेत | रामेश्वर रिमालसमेत वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २३ |
| इजलास नं. ४ | | | २४ – ३४ |
| २८. | बन्दी प्रत्यक्षीकरण | नवलकिशोर साह वि. मकवानपुर जिल्ला अदालतसमेत | २४ |
| २९. | बन्दी प्रत्यक्षीकरण | अमोद बस्नेत वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २५ |
| ३०. | निषेधाज्ञा | मोहन ढकाल वि. नेपाल विद्युत् प्राधिकरण, जनकपुरसमेत | २६ |
| ३१. | करार भङ्ग गर्ने विपक्षीहरूबाट क्षतिपूर्तिको रकम दिलाइपाऊँ | प्रेमप्रकाश हमालसमेत वि. पृथ्वीप्रसाद रोका | २६ |
| ३२. | माना चामल | दीपा प्रधान चित्रकार वि. विमल चित्रकार, विमल चित्रकार वि. दीपा प्रधान चित्रकार | २७ |
| ३३. | जालसाज | देवेन्द्रकुमार श्रेष्ठ वि. राजभगत श्रेष्ठ | २८ |
| ३४. | जग्गा खिचोला चलन | बासुदेव भट्टराई वि. नेत्रकुमारी बरालसमेत | २९ |
| ३५. | अबन्डा जग्गा बन्डा गरी बकसपत्रको लिखत बदर दर्ता बदर दर्ता | लछुमन चौधरीसमेत वि. मिलादेवी चौधरीसमेत | २९ |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अन्तराम बोहरा | ३० |

| | | | |
|---|---|---|---|
| ३७. | बच्चा जन्माई फालेको (कर्तव्य ज्यान) | नेपाल सरकार वि. बबरमहल (न) | ३१ |
| ३८. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. निरज राना | ३२ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | मीरा दंगाल वि. उच्च अदालत पाटन हरिहरभवन, ललितपुरसमेत | ३३ |
| ४०. | अदालतको अवहेलना | दिपेसमान महर्जन वि. मनिषकुमार साहसमेत | ३४ |
| **इजलास नं. ५** | | | **३४ – ३६** |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पार्वती घर्ती खत्री | ३४ |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किसुनदेव महतोसमेत, किसुनदेव महतो वि. नेपाल सरकार | ३५ |
| ४३. | अदालतको अवहेलना | पुनदेवी महर्जनसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३६ |
| **इजलास नं. ६** | | | **३७ – ४६** |
| ४४. | लिखत दर्ता बदर दर्ता कायमसमेत | रत्नदेवी श्रेष्ठ वि. सोहन श्रेष्ठ | ३७ |
| ४५. | नामसारी कायलनामा लिखत दर्ता बदर दर्ता | रमेशसिंह भूमिहार वि. लालेश्वरीदेवीसमेत | ३७ |
| ४६. | जग्गा दाखिल खारेज दर्तासमेत | मोहीलाल राउत गद्दीसमेत वि. वकिल मियाँ | ३८ |
| ४७. | जग्गा खिचोला चलन चलाइपाऊँ | जगतारनी देवीसमेत वि. रामअशिष महतो | ३९ |
| ४८. | घरजग्गा कब्जा खिचोला चलन | चन्देश्वर राय वि. प्रेमलाल दास तत्मा, रामअशिष दास तत्मा वि. चन्देश्वर राय | ४० |
| ४९. | कब्जा छोडाई चलन | महेन्द्र राय यादवसमेत वि. शिवनाथप्रसाद यादव | ४० |
| ५०. | बन्दी प्रत्यक्षीकरण | दिवाकर पुरी वि. महानगरीय प्रहरी प्रभाग बलम्बु, काठमाडौंसमेत | ४१ |
| ५१. | खिचोला छोडाई घर खाली गराई चलन | अक्षलाल दास तत्वा वि. दरोगा महतो कोइरी | ४२ |
| ५२. | जबरजस्ती करणी | नेपाल सरकार वि. गगन नेपालीसमेत | ४२ |
| ५३. | जबरजस्ती करणी र जबरजस्ती चोरी | नेपाल सरकार वि. गोविन्द श्रेष्ठ, गोविन्द श्रेष्ठ वि. नेपाल सरकार | ४३ |
| ५४. | घर खाली गरी भाडासमेत दिलाइपाऊँ | रोमन थापासमेत वि. सकिला राईसमेत | ४४ |
| ५५. | बन्दी प्रत्यक्षीकरण, उत्प्रेषण, परमादेशसमेत | राजकुमार लामा वि. उच्च अदालत पाटनसमेत | ४५ |

| | | | |
|---|---|---|---|
| ५६. | बन्दी प्रत्यक्षीकरण समेत | शक्ति थापा वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४६ |
| इजलास नं. ७ | | | ४६ – ६० |
| ५७. | उत्प्रेषणसमेत | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं वि. पुस्तुनचन्द्र सिंह प्रधानसमेत | ४६ |
| ५८. | उत्प्रेषणयुक्त परमादेश | देवकी प्याकुरेल वि. काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत | ४७ |
| ५९. | बैंकिङ कसुर | भोज बहादुर दर्जी वि. नेपाल सरकार | ४९ |
| ६०. | बैंकिङ कसुर | नेपाल सरकार वि. आनन्द श्री न्यौपाने | ५० |
| ६१. | उत्प्रेषण परमादेश | शिशिरनाथ झवाली वि. उच्च अदालत, पाटन, हरिहरभवन, ललितपुरसमेत | ५१ |
| ६२. | जबरजस्ती करणी | खड्कबहादुर राना वि. नेपाल सरकार | ५३ |
| ६३. | उत्प्रेषणसमेत | विनयप्रसाद चौधरी वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेत | ५४ |
| ६४. | उत्प्रेषण / परमादेश | डा. बन्दना खनाल आचार्यसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | ५५ |
| ६५. | उत्प्रेषणसमेत | हाइवे कन्स्ट्रसन प्रा.लि. वि. हेटौंडा उपमहानगरपालिका कार्यालय, हेटौंडासमेत | ५६ |
| ६६. | अपहरण तथा शरीर बन्धक तथा सङ्गठित अपराध | नेपाल सरकार वि. प्रशन्न कार्की भन्ने प्रशन्न पराशर कार्कीसमेत | ५७ |
| इजलास नं. ८ | | | ६० – ६१ |
| ६७. | बन्दी प्रत्यक्षीकरण | बमबहादुर दमाई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ६० |
| इजलास नं. १० | | | ६१ – ६२ |
| ६८. | उत्प्रेषण / परमादेश | इन्द्रकान्त मिश्र वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, रत्नपार्क, काठमाडौंसमेत | ६१ |
| इजलास नं. ११ | | | ६२ – ६७ |
| ६९. | सवारी ज्यान | नेपाल सरकार वि. कृष्णप्रसाद श्रेष्ठसमेत | ६२ |
| ७०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हस्तबहादुर घर्तीसमेत | ६३ |
| ७१. | उत्प्रेषणसमेत | अनु थापा वि. श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक काठमाडौंसमेत | ६५ |
| ७२. | जग्गा दर्ता निर्णय बदर | श्यामलाल डंगोल वि. प्रदिप कुमार शाक्य, प्रदिप कुमार शाक्य वि. श्यामलाल डंगोल | ६६ |
| इजलास नं. १३ | | | ६७ – ६८ |
| ७३. | जिउनीको अबन्डा जग्गा बन्डा गरिपाऊँ | खेमबहादुर रायमाझी वि. भरतबहादुर रायमाझीसमेत | ६७ |

## संयुक्त इजलास

### १

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७८-**WO**-०२६३, उत्प्रेषण / परमादेश, शेखर कुमार राणा वि. श्री नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

उपर्युक्तबमोजिम स्वयं विपक्षी विभाग तथा मन्त्रालयबाट नै कोभिड-१९ को अवस्थालाई काबुबाहिरको परिस्थिति मानी स्वीकारिसकेको अवस्थामा सो समयको लागि प्रदान गरिने सुविधा सबै सरोकारवालाहरूले पाउने कुरा रिट निवेदनसमेतका हकमा वैध अपेक्षा (**Legitimate Expectation**) को विषय हुन्छ। यस सम्बन्धमा यस अदालतबाट निवेदक नेपाल आर्थिक साँस्कृतिक तथा व्यापारिक केन्द्र प्रा. लि. (नेक्ट) हिम कन्सल्टको ज्वाइन्ट भेन्चरको तर्फबाट अख्तियार प्राप्त कुमार पाण्डे विपक्षी नेपाल सरकार, उर्जा मन्त्रालयसमेत भएको ०७०-**WO**-०२२६ को उत्प्रेषण / परमादेश (ने.का.प. २०७४, नि.नं. ९७५३) मा "वैध अपेक्षाको सिद्धान्तलाई सरकारको स्वेच्छाचारितालाई नियन्त्रण गर्ने र निवेदकको पक्षमा आदेश जारी गर्न सकिने एउटा आधारको रूपमा रिट क्षेत्रमा स्वीकार गरिँदै आएको छ। लोकतन्त्रमा जनताप्रति स्वच्छ व्यवहार (**Fair Treatment**) गर्नु सरकारको कर्तव्य हुन्छ भने त्यस्तो व्यवहारको अपेक्षा गर्नु जनताको हक बन्छ। कानूनद्वारा स्थापित निकाय वा अधिकारीले जनताको वैध अपेक्षाको विरूद्ध सरकारी नीतिको कार्यान्वयन गर्ने सिलसिलामा निर्णय गरेको देखिएको अवस्थामा रिट क्षेत्राधिकारबाट त्यस्ता काम कारबाहीको परीक्षण गरी यस अदालतबाट उपर्युक्त आदेश जारी गर्न सकिने नै हुन्छ" भनी व्याख्या गरिएको पाइने।

तसर्थ निवेदकको पटकपटकको अनुरोधलाई बेवास्ता गरी विश्वव्यापी रूपमा स्वीकारिएको कोभिड-१९ महामारीको असरलाई समेत नजरअन्दाज गर्नु, प्राकृतिक न्यायको सिद्धान्तविपरीत सम्झौताको ३ वर्षभित्र वित्तीय व्यवस्थापन पूरा नभएको भनी सुपर त्रिशुली जलविद्युत् आयोजनाको उत्पादन अनुमति पत्र स्वतः रद्द गर्ने प्रत्यर्थीको मिति २०७७/१०/२३ को विभागीय निर्णय र सोको आधारमा उपलब्ध गराइएको मिति २०७७/१०/२७ र पुनः सोही कुराको जानकारी गराएको मिति २०७८/०२/०९ को पत्रसमेत आवश्यकता एवम् औचित्यताको सिद्धान्तका आधारमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकले मन्त्रिपरिषद्को मिति २०७७।११।२ को निर्णय अनुसार प्रकाशित सूचनाको म्यादभित्र मिति २०७७।११।१३ गते वित्तीय व्यवस्थापनको प्रयोजनको लागि कर्जा स्वीकृतिको सम्झौतासमेत पेस गरिसकेको देखिँदा निवेदकको मागबमोजिम अनुमति पत्र नवीकरण (म्याद थप) गरी इजाजतपत्र एवं विद्युत् खरिद बिक्री सम्झौताबमोजिम काम कारबाही गर्न आवश्यक सुविधा दिनु, दिलाउनु, आवश्यक सहजीकरण गर्नु, गराउनु र इजाजतपत्रबमोजिम कार्य गर्न रोकावट हुने कुनै कार्य नगर्नु, नगराउनु भनी नेपालको संविधानको धारा ४६, १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : नवराज दुलाल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७९ साल वैशाख ५ गते रोज २ शुभम्।

### २

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री कुमार रेग्मी**, *०७५-**WO**-०१६४, उत्प्रेषणयुक्त परमादेशसमेत, धर्मराज बजगाईँसमेत वि. नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरूले दाबी गरेको जग्गा आफ्नो हक भोग र स्वामित्वको हो भन्ने सबुद प्रमाण निवेदकहरूले पेस गर्नुपर्नेमा सो गर्नसकेका नै देखिँदैन। साबिक २०२५ सालदेखि नै दाबीको जग्गामा सिसौ खयरका रूखहरू रोपिएको भनी निवेदनमा नै निवेदकहरूबाट स्वीकार गरिएको देखिन्छ। निवेदकहरूले आफ्नो

हकभोग स्वामित्वको हो भन्ने सबुद प्रमाण पेस गर्न नसकेको र सोको अभावमा नापीको समयमा २०१८/०१९ सालमा नै वन बुट्यान क्षेत्र भनी उल्लेख भएको अवस्था मिसिल संलग्न कागजातबाट देखिएको छ। नापिकै समयमा वन क्षेत्र भनी नापी भएको जग्गालाई लामो समयको अन्तरालपछि राज्य सरकारले हडपेको भनी निवेदनमा जिकिर गरे पनि मौकामा सोउपर अदालत प्रवेश गरी सरकारलाई चुनौती दिन सकेको अवस्थासमेत देखिँदैन । २०२५ सालमा वन बुट्यान लगायो भनी दाबी गर्ने निवेदकहरू २०७४ सालमा आएर मुआब्जा र क्षतिपूर्तिसमेत राज्यले दिएन भनी दाबी गर्दैमा निवेदकहरूले सो जग्गा प्राप्त गर्न सक्ने अवस्था देखिँदैन । वन क्षेत्र घोषित भइसकेको, सरकारले मिति २०६८।११।१५ मा सूचना प्रकाशित गरी बरण्डाभार संरक्षित वन क्षेत्र घोषणा गरिसकिएको सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता हुनसक्ने कानूनी प्रावधान नै रहे भएको नदेखिँदा दाबीको जग्गाको जग्गाधनी प्रमाण पुर्जा निवेदनकहरूले प्राप्त गर्न सक्ने अवस्था नदेखिने।

निवेदकहरूको मागबमोजिम विपक्षीहरूको नाममा परमादेशसमेतको आदेश जारी हुने हो, होइन भन्नेतर्फ हेर्दा निवेदकहरूले उल्लेख गरेको चार किल्लाभित्रको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६ जारी भएपछि हदबन्दीमा परेको भनी निवेदनमा स्वीकार गरिएको छ। हदबन्दीमा परेको जग्गाको राप्ती दून जग्गा वितरण कमिसनले तोकेको दस्तुर बुझाई तिरो तिरान गरिआएको जग्गालाई २०२५ सालमा गैंडा गस्ती टिकौलीका प्रमुख नरबहादुर थापाले हात्ती लगाई हडपेको भनी निवेदनमा स्वीकार गरेको देखिन्छ। २०२५ सालमा सरकारले हडपेको भनेको जग्गाको सम्बन्धमा मौकामा सो हकाधिकार कायम गरिपाउँ भनी तत्कालै निवेदकहरू अदालत प्रवेश गर्नसकेको अवस्था नै देखिँदैन। सरकारले हडपेको भनी दाबी गरेको जग्गाको हक, भोग स्वामित्वको प्रमाण निवेदकहरूले पेस गर्न सकेको देखिँदैन । लामो समयको अन्तरालपछि निवेदकहरू अदालत प्रवेश गर्न आएको अवस्था देखिन्छ । विलम्बले समन्यायलाई समेत पराजित गर्दछ भन्ने सिद्धान्त प्रस्तुत विवादमा आकर्षित हुने देखिन आयो। निवेदकहरूले दाबी गरेको जग्गाको हक भोग स्वामित्वको प्रमाण नै पेस गर्न सकेका छैनन् भने जुन जग्गा आफ्नो नाममा दर्ता गरिपाउँ भनी दाबी गरेका छन् सो जग्गा २०१८/२०१९ सालमा नापी हुँदाकै अवस्थामा वन क्षेत्र भनी नापी भएको र सो जग्गामा सिसौ र खयरका बिरूवा लगाइएको भनी निवेदकहरूले स्वीकार गरिसकेको अवस्था छ। हाल आएर उक्त जग्गा सरकारले मिति २०६८।११।१५ मा सूचना प्रकाशित गरी बरण्डाभार संरक्षित वन क्षेत्र घोषणा भइसकेको देखिने।

तसर्थ, निवेदकहरूले दाबी गरेका जग्गा वन क्षेत्र घोषित भइसकेको र वन क्षेत्र घोषित भएको सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता हुनसक्ने कानूनी प्रावधान नै विद्यमान रहे भएको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था विद्यमान रहेको नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लेखबहादुर कोइराला

इति संवत् २०७९ साल जेठ १६ गते रोज २ शुभम्।

- यसै लगाउका ०७५-**WO**-०९९३, उत्प्रेषणयुक्त परमादेशसमेत, रामप्रसाद प्रधानसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ३

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७३-**CI**-१०५०, अंश, पानमती मिश्राइन वि. अदालत भन्ने अदाल मिश्रसमेत*

वादी दयाशंकर मिश्रले प्रमाणका रूपमा पेस गरेको ७ नं. फाराममा प्रतिवादी पानमती मिश्राइनले रामसवारे-१, अदालत भन्ने अदाल-१, नगरमती-१ र मसमेत चार जनाको अंश बराबर भएकोले दर्ता गरिपाउँ भनी उल्लेख गरेको उक्त ७ नं. फारामको प्रतिलिपिबाट देखिन्छ । उक्त फाराममा प्रतिवादी पानमती मिश्राइनले ल्याप्चे लगाई उक्त फारामको बेहोरालाई समर्थन गरेको देखिन्छ । प्रतिवादीले प्रतिउत्तरमा उल्लेख गरेझैँ

वादीहरू अंश नाताका व्यक्ति नरहेको भने उक्त फाराममा सोबमोजिमको बेहोरा लेखी सहीछाप गर्नुपर्ने देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ मा "...कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रतिवादी पानमती मिश्राइनले वादीहरू आफ्नो नाता पुस्ताको व्यक्ति नरहेको भनी जिकिर गरेको भए पनि आफ्नो साक्षीहरूलाई अदालतमा उपस्थित गराई उक्त जिकिरलाई पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीको उक्त जिकिरलाई प्रमाणमा लिन मिल्ने देखिँदैन। त्यस्तै सन् १०/०३/२००० मा वादीहरूमध्येका आरतीको उमेर ४८ वर्ष रहेको र चक्रधारीको उमेर २८ रहेको भन्ने मिसिल संलग्न भारत सरकारबाट जारी भएको रासन कार्डको प्रतिलिपिबाट देखिने।

प्रतिवादीले पुनरावेदन अदालत बुटवलबाट भएको फैसला ने.का.प.२०६८, नि.नं.८६०८ को सत्यनारायण कर्णसमेत विरूद्ध इन्द्रमुखीदेवी कर्णसमेत भएको अंशचलन मुद्दामा प्रतिपादित "प्रमाण भन्ने कुरा जहिले पनि स्वाभाविक देखिनुपर्दछ। मुद्दा परेपछि त्यसलाई भरथेग गर्न सिर्जित कागजातले कुनै मूल्य राख्दैनन्। नाताको विषयमा विवाद उत्पन्न भएपछि तयार भएका त्यस प्रकारका कागजातहरूलाई अदालतले प्रमाणको रूपमा लिई ग्रहण गर्ने हो भने नाता सम्बन्धको विवादित प्रश्न अन्ततः अदालतभन्दा बाहिरका अन्य निकाय वा पदाधिकारीको निर्णयबाट प्रभावित हुन पुग्दछ, जुन न्यायको मान्य सिद्धान्त प्रतिकूल हुने" भन्ने सिद्धान्तसमेतको विपरीत भएको भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा, प्रतिवादीले वादीले पेस गरेको ७ नं. फाराममा केही बेहोरा पछि थपिएको हुँदा सो लिखतलाई प्रमाणमा लिन नमिल्ने भन्ने जिकिर गरेको देखिन्छ। तर प्रतिवादी स्वयंको ल्याप्चे सहीछाप भएको आधिकारिक निकायमा परेको निवेदनमा निजको मन्जुरीबेगर कुनै बेहोरा अन्य कोही कसैले थप गर्न सक्ने स्थिति रहँदैन भने निज प्रतिवादीको जिकिर सही रहेको भनी जिल्ला भूमि सुधार कार्यालयबाट लेखी आएको नदेखिएको अवस्थामा प्रतिवादीको उक्त जिकिरसँग सहमत हुन नसकिने।

अत: मिति २०७०।०४।१५ मा वादीले पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये दर्ता स्रेस्ता भिडेको सम्पत्तिबाट नरमगरम मिलाई वादी दाबीबमोजिम ३ भागको २ भाग वादीहरूले प्रतिवादीबाट पाउने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७०।११।१९ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।०८।२३ को फैसला मिलेको देखिँदा सदर हुने। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मोहन सुवेदी/ कृष्णशोभा सुवाल/ लेखबहादुर कोइराला

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल ज्येष्ठ २७ गते रोज ६ शुभम्।

- यसै लगाउका ०७३-**CR**-०९३९, जालसाजी, पानमती मिश्राइन वि. अदालत भन्ने अदाल मिश्रसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७३-**CR**-०८०४, अंश भरपाई जालसाज, डिलमाया धमला न्यौपाने वि. जगतप्रसाद न्यौपाने*

प्रतिवादी पशुपति जैसी र कलावती जैसीबाट तीन छोराहरू मणिराम न्यौपाने, पदमप्रसाद न्यौपाने र जगतप्रसाद न्यौपाने गरी ५ अंशियार रहेकोमा कुनै विवाद छैन। वादी डिलमाया धमला न्यौपाने प्रतिवादीमध्येका मणिराम न्यौपानेकी श्रीमती भएबाट प्रतिवादीहरू पहिलो पुस्ताका अंशियार रहेका र वादी दोस्रो पुस्ताका अंशियार रहेको देखिन्छ। पहिलो पुस्ताहरूमध्येका प्रतिवादी पशुपति जैसीले जगतप्रसाद न्यौपानेलाई मिति २०६७।०४।०७ मा सुर्खेत जिल्ला, कटकुवा हाल वीरेन्द्रनगर नगरपालिका, वडा नं.७ को कि.नं.३६३ को जग्गा अंशबापत भरपाई गरिदिएको

देखिन्छ । सोहीबमोजिम प्रतिवादी पशुपति जैसीले प्रतिवादी पदमप्रसाद जैसीलाई सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. १क को कि.नं.८०२ को ०-१-० जग्गा र प्रतिवादी मणिराम जैसीलाई सुर्खेत जिल्ला, कटकुवा गा.वि.स., वडा नं.७ को कि.नं.६५९ को ०-१-४ को जग्गा मिति २०६५।०४।१९ मा अंशबापत भरपाई गरिदिएको देखिन्छ । दोस्रो पुस्ताको अंशियार रहेकी वादी डिलमाया धमलाले प्रतिवादीहरूका बिचमा भएको अंशबन्डाले आफ्नोसमेत अंश हकमा आघात पुगेको भने तापनि सामान्य अवस्थामा प्रथम पुस्ताका अंशियारहरूका बिचमा भएको अंश लिनुदिनुको कार्यबाट दोस्रो पुस्ताका अंशियारलाई असर पुग्ने हुँदैन । यी वादी दोस्रो पुस्ताका अंशियार भई प्रतिवादी / पति मणिराम न्यौपानेका हकमा परेको श्रीसम्पत्तिबाट यी वादीले अंश पाउने देखिन्छ । यसमा वादीका पति रहेका प्रतिवादी मणिराम न्यौपानेले आफूलाई अंशमा बराबर नपरेको भनी कहीँकतै उल्लेख नगरेको अवस्थामा वादीले गरेको दाबीकै आधारमा निज वादीको अंश हकमा आघात पुगेको मान्न मिल्ने देखिने।

अत: अंश भरपाई जालसाज भन्ने वादीको फिराद पुष्टि नभएकोमा जालसाज ठहर गर्ने गरेको सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७२।०२।१२ मा भएको फैसला नमिलेको हुँदा सो उल्टी भई अंश भरपाई जालसाज गरिपाउँ भन्ने वादीको फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।०३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल
कम्प्युटर : रामशरण तिमल्सिना
इति संवत् २०७९ साल असार ९ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७३-**CR**-०८०५, अंश भरपाई जालसाज, डिलमाया धमला न्यौपाने वि. पशुपति जैसीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ५

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७३-**CR**-१३८५, सम्बन्ध विच्छेद, डिलमाया धमला न्यौपाने वि. पशुपति जैसीसमेत*

प्रतिवादी डिलमाया अंशियार भई वादी मणिराम न्यौपानेबाट अंश पाउनेमा कुनै विवाद देखिँदैन । वादी मणिराम न्यौपाने र पदमप्रसाद न्यौपानेले आफ्ना बुबाआमाबाट मिति २०६५।०४।१९ मा अंश बुझेको र जगतप्रसाद न्यौपानेले मिति २०६७।०४।१३ मा अंश बुझेको मिसिल संलग्न अंश भरपाईको प्रतिलिपिबाट देखिन्छ । उक्त अंश लेनदेन हुँदा समानुपातिक हिसाबमा भएको र प्रस्तुत मुद्दामा पेस भएको फाँटवारी मूल्याङ्कनबाट समेत प्रतिवादीका पति मणिरामले कम अंश बुझेको भने नदेखिएको अवस्थामा यसै लगाउको अंश भरपाई जालसाज मुद्दामा जालसाज नहुने ठहऱ्याई फैसला भएको देखिने।

प्रतिवादीले वादीसँग छुट्टी भिन्न भइसकेको मिति अर्थात् २०६७ वैशाखदेखि २०७२ जेठसम्मको खाना खर्च भराई पाउनुपर्ने भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, प्रतिवादी डिलमाया धमला न्यौपानेले मणिराम न्यौपानेलाई प्रतिवादी कायम गरी खाना खर्च भराइपाउँ भनी सुर्खेत जिल्ला अदालतमा मिति २०७१।०३।१३ मा फिराद गरेको देखिन्छ । खाना खर्च आधारभूत आवश्यकताको विषयवस्तु नै भए पनि कुनै पनि व्यक्तिले खाना खर्च भराइ पाउनुपर्ने कारणसमेत स्पष्ट उल्लेख गरी निवेदन नगरेको अवस्थामा सो भराउन सकिने अवस्था रहँदैन । खाना खर्चको माग गरी निवेदन गरेपश्चात् मात्र खाना खर्चको आवश्यकता परेको बुझ्न सकिने र सो माग गरेपश्चात् मात्र भराइदिन सकिने अवस्थामा दाबी नै नगरेको विषयमा पछि माग गरेकै आधारमा प्रतिवादी वादीसँग छुट्टी भिन्न बसेको समयदेखि नै खाना खर्च भराइदिन मिल्ने देखिँदैन । प्रतिवादी डिलमाया धमलाले आफूलाई खाना खर्चको आवश्यकता परेपछि खाना खर्च भराइपाउन अदालतमा फिरादसहित उपस्थित भएको देखिन्छ । यस

प्रकार दाबीको विषयवस्तु, प्रतिवादीको समग्र अवस्था तथा वादीको सम्पत्ति तथा आयस्तासमेतलाई विचार गरी प्रतिवादीले वादीसँग छुट्टी भिन्न भइसकेको मिति अर्थात् २०६७ वैशाखदेखि २०७२ जेठसम्मको खाना खर्च भराइपाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादीले निजको लोग्ने मणिराम न्यौपानेको अंश भागबाट मात्र अंश पाउने ठहर फैसला गर्नुपर्नेमा अन्य प्रतिवादीबाट समेत अंश पाउने ठहर गरेको र खाना खर्चको हकमा मुद्दामा फिराद परेको मितिबाट खाना खर्च भराइदिने फैसला गर्नुपर्नेमा सोभन्दा अघिको मितिबाट खाना खर्च भरिपाउने ठहर गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७२।०२।१२ मा भएको फैसला सो हदसम्म उल्टी भई प्रतिवादीले निजका पति वादी मणिराम न्यौपानेको अंशबाट मात्र तीन भागको एक भाग अंशबन्डा छुट्याइलिन पाउने र प्रतिवादीले वादीबाट फिराद परेको मितिबाट मासिक रू ८०००/- खाना खर्च भराइपाउने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।०३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल
कम्प्युटर : रामशरण तिमल्सिना
इति संवत् २०७९ साल असार ९ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०७३-**CI**-१५१८, खाना खर्च, डिलमाया धमला न्यौपाने वि. मणिराम न्यौपाने
- ०७३-**CR**-०८०३, राजीनामा जालसाज, डिलमाया धमला न्यौपाने वि. पदमप्रसाद न्यौपानेसमेत

६

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७१-**CI**-०५८१, अंश, भुखाली डगौरा वि. रामबहादुर डगौरासमेत*

निजी आर्जनको भई बन्डा नलाग्ने भन्ने जिकिर लिने पक्षले आफ्नो ज्ञान, सिप वा व्यक्तिगत अध्ययन, पेसा, अनुभव र दक्षतासमेतका आधारमा वा जागिर गर्दाको अवस्थामा खरिद गरेको पुष्टि हुने अकाट्य प्रमाण पेस गर्नुपर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार "अन्यथा प्रमाणित नभएसम्म जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भएको भनी अदालतले अनुमान गर्नुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको छ। यस्तै प्रश्न समावेश भएको नन्दकिशोर शुक्ल विरूद्ध सरस्वती शुक्लको अंश मुद्दा (ने.का.प. २०६५, अङ्क ४, नि.नं. ७९५९) मा "एकासगोलमा नरहेको भन्ने कानूनबमोजिमको तथ्य र अवस्था कहीँकतैबाट खुल्न नआएको अवस्थामा आफू सगोलमा नरहेको र राजीनामाबाट खरिद गरेको सम्पत्तिलाई निजी आर्जनबाट खरिद गरेको सम्पत्ति हो भनी लिएको जिकिर तदनुसारको कुनै वैध लिखत वा अन्य कानूनबमोजिमको कुनै ग्रहणयोग्य प्रमाणबाट पुष्टि भएको देखिन नआउँदा प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भएको भनी अदालतले अनुमान गर्नुपर्ने।

निजी आर्जनको प्रमाण स्वरूप प्रतिवादीहरूद्वारा विभिन्न मितिका राजीनामा एवं बकसपत्रका लिखतहरू पेस गरेको र प्रतिवादी सुकराम डगौरा थारूले मिति २०६८।४।१ मा "नियमित मर्मत सम्भारको लागि सुपरभाइजरको सेवा करार" को सम्झौता पत्र र भौतिक योजना तथा निर्माण मन्त्रालयबाट जारी भएको कर्मचारी परिचयपत्रसमेत पेस गरेको देखियो। यद्यपि मिसिलसंलग्न राजीनामाको लिखतहरू हेर्दा, उक्त जग्गाहरू मिति २०४६/०४७ देखि २०५७/०५८ सालको बिचमा विभिन्न मितिमा खरिद भएका देखिन्छन्। उक्त समयावधिमा निज प्रतिवादी सुकराम डगौरा थारूले कहीँकतै जागिर गरेको प्रमाण पेस गर्न सकेको पाइँदैन। यसरी राजीनामाबाट प्राप्त सम्पत्ति स्वआर्जनको भई बन्डा नलाग्ने भन्ने कुनै पनि लिखित प्रमाणद्वारा पुष्टि हुन सकेको पाइएन। साथै,

माइतीदेवी चौधरीका नाउँ दर्ताको कि.न. ५६६ को जग्गा निजले आफ्नो बुवा बाँधु डगौरा थारूलाई रिझाएबापत मिति २०६३।६।३ गते हालैको बकसपत्रबाट पाएको देखिन्छ । मुलुकी ऐन, २०२० को स्त्री अंश धनको महलको ५ नं. ले "स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछिन्" भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा माइतीदेवी चौधरीका नाममा दर्ता रहेको कि.नं. ५६६ को जग्गामा वादी प्रतिवादी कसैको पनि बन्डा लाग्ने देखिन आएन। तसर्थ, तायदाती फाँटवारीमा उल्लिखित ऋणको हकमा साहुको नालेस परेकाबखत कानूनबमोजिम हुने नै हुँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये प्रतिवादी सुकरामको श्रीमती माइतीदेवीले बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति मात्र बन्डा नलाग्ने भई सोबाहेक अन्य सम्पत्तिमा बन्डा लाग्ने नै देखिने।

अतः प्रतिवादी सुकरामको श्रीमती माइतीदेवीले बकसपत्रबाट प्राप्त गरेको सम्पत्तिमा मात्र बन्डा नलाग्ने भई सोबाहेक तायदाती फाँटवारीमा उल्लिखित अन्य सम्पत्तिमा ३ भागको १ भाग सम्पत्ति वादीले अंश छुट्याइलिन पाउने ठहऱ्याई भएको सुरू कैलाली जिल्ला अदालतको मिति २०७०।२।२९ को फैसला केही उल्टी गरी सुरू अदालतले बन्डा लाग्ने ठहऱ्याएका जग्गाहरूलाई निजी कायम हुने भनी पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।०३।२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई तायदाती फाँटवारीमा उल्लिखित प्रतिवादी सुखराम डगौराको श्रीमती माइतीदेवी चौधरीले हालैको बकसपत्रबाट प्राप्त गरेको कि.नं. ५६६ बाहेकको सम्पूर्ण सम्पत्तिलाई ३ भाग गरी सो ३ भागको १ भाग सम्पत्तिमा वादी भुखाली डगौराको अंश हक कायम भई चलनसमेत चलाइपाउने।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ कार्तिक २० गते रोज १ शुभम्।

**७**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**WO**-०९४८, उत्प्रेषण / परमादेश, ज्ञानी खड्का (श्रेष्ठ) समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदक नेपाल निजामती कर्मचारी सङ्गठनसँग आवद्ध प्राविधिकतर्फका निजामती कर्मचारीहरूको तर्फबाट सङ्गठनका अख्तियार प्राप्त व्यक्ति शान्तिप्रसाद लुइटेल विरूद्ध विपक्षी अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौंसमेतको (रिट नं. ०७३-**WO**-०४०७, उत्प्रेषण / परमादेशसमेत) रिट मा "नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/३/३१ को निर्णय अनुसार २०७३/४/१ देखि लागु हुने गरी स्वीकृत गरिएको भनी जारी गरिएको अर्थ मन्त्रालयको मिति २०७३/४/४ को पत्रको प्रकरण (ग) को बेहोराबाट कर्मचारीहरूले खाइपाइ आएको सुविधा अनुचित र कानूनप्रतिकूल तवरबाट कटौती हुन पुगेको देखिँदा प्राविधिक कर्मचारीको ग्रेड समायोजन गर्ने भनिएको हदसम्म उल्लिखित निर्णय र पत्रसमेतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब, यसमा विपक्षीमध्येको अर्थ मन्त्रालयको मिति २०७३/४/४ को विवादित पत्रको प्रकरण "ख" मा उल्लेख भएबमोजिम वार्षिक ग्रेड वृद्धि सङ्ख्या कायम गरी २०५७ सालदेखि खाइपाइ आएको २ (दुई) ग्रेडलाई साबिकबमोजिम नै ग्रेडबृद्धि कायम राखी मिति २०५७/४/१ भन्दा पहिले प्राविधिक पदमा नियुक्ति पाई सेवा गरेका कर्मचारीहरूलाई नयाँ तोकिएको दरले (एक दिनको तलब बराबर एक ग्रेडका दरले) ग्रेड सुविधा प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ। अदालतबाट कानूनी स्थितिको एक पटक निरूपण भइसकेपछि पटकपटक सोही प्रश्न उठाइ व्यक्तिपिच्छे विवाद लिएर अदालत प्रवेश गर्नुपर्दछ भन्ने दृष्टिकोण राखिनु पनि हुँदैन । सरकारले आफ्ना जुनसुकै सेवा समूहका कर्मचारीहरूका हकमा न्याय र समान व्यवहार गर्नुपर्दछ । तसर्थ, रिट निवेदकहरूबाहेक पनि निजहरूसरहका अन्य २०५७ साल श्रावण १ गतेभन्दा अगाडिदेखि कार्यरत उपर्युक्त अनुसारको २ ग्रेड खाइपाइ आएका सबै प्राविधिक कर्मचारीहरू (हाल पदमा बहाल रहेका तर रिट निवेदन नगरेका, तथा यसबिच सेवा

निवृत्त भइसकेका भए निजहरूसमेत यस वर्गमा पर्ने सबै प्राविधिक कर्मचारीहरू) को हकमा समेत समन्यायिक तवरबाट विचार गरी निजहरूलाईसमेत उपर्युक्त अनुसारको २ (दुई) ग्रेड प्रदान गर्नु मनासिब देखिन्छ। अतः यो विवादको टुङ्गो लगाउनु मनासिब देखिएकाले २०५७ साल श्रावण १ गतेभन्दा अगाडिदेखि कार्यरत प्राविधिक २ ग्रेड थप खाइपाइ आएका कर्मचारीहरूलाई उपर्युक्त अनुसारको ग्रेड सुविधा प्रदान गर्नु, गराउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम विपक्षीहरूका नाउँमा यो "उपर्युक्त आदेशसमेत जारी गरिएको छ भनी सिद्धान्त प्रतिपादन भइसकेको परिप्रेक्ष्यमा प्रस्तुत निवेदनमा पनि उक्त रिटमा प्रतिपादित सिद्धान्तकै आधारमा २०५७ साल श्रावण १ गतेभन्दा अगाडि नियुक्त भएका रिट निवेदक कर्मचारीहरूले ग्रेड सुविधा प्राप्त गर्ने नै देखियो। सबै प्राविधिक कर्मचारीहरूलाई ग्रेड सुविधा प्रदान गर्ने गरी यस अदालतबाट व्याख्या र विवेचना भई फैसला भइसकेको हुँदा प्रस्तुत रिट निवेदनमा थप केही विवेचना गरिरहनु नपर्ने।

तसर्थ, रिट निवेदनको माग पूरा हुने नै देखिँदा प्रस्तुत रिट निवेदनको मागबमोजिम कुनै आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ चैत्र २ गते रोज ५ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-**CI**-०६५२, जग्गा खिचोला मेटाई दर्ता हक कायम, मोहन शंकर अमात्य वि. ज्ञानबहादुर अमात्यसमेत*

मुद्दामा यी पुनरावेदक वादीले दाबी गरेको कि.नं. ६७, ७३ र ८१ को जग्गामा निजको हक पुग्ने हो होइन भन्ने विषय मुख्य रूपमा निर्क्यौल गर्नुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी रहेको राजमान रघुवंशीले यिनै विवादित कि.नं. का जग्गाहरूमा आफ्नो हक कायम हुनुपर्ने भनी यिनै पुनरावेदक मोहनशंकर अमात्यसमेतलाई प्रतिवादी बनाई दायर गरेको यसै लगाउको ०७४-**CI**-०६५३ को जग्गा दर्ता हक कायम दाखेल खारेज मुद्दामा विस्तृत विवेचना भई विवादित कि.नं. ६७, ७३ र ८१ को जग्गा प्राणशंकर अमात्यको छोरी मोहनमाया रघुवंशीले पाउनेमा निज मोहनमाया रघुवंशीको मृत्यु भइसकेको हुँदा निजको छोरा राजमान रघुवंशीको हक कायम हुने ठहरी भएको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।२५ को फैसला सदर हुने भनी आज यसै इजलासबाट फैसला भएको छ। उक्त मुद्दामा विवेचित आधार कारणबाट प्रस्तुत मुद्दामा पुनरावेदक वादी मोहनशंकर अमात्यको दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत(उपसचिव) : कुबेर पाण्डे

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० साल जेठ ४ गते रोज ५ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-**CR**-१७४४, ०७५-**CR**-१७४५, ठगी, भगवती शर्मा आचार्य वि. नेपाल सरकार, नेपाल सरकार वि. भगवती शर्मा आचार्य*

प्रतिवादी भगवती शर्मा आचार्यले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, शोभा पुनले तालिम प्राप्त सदस्य हुन तयार रहेको भनी तालिम प्राप्त गरी रू.२,००,०००।– (दुई लाख रूपियाँ) कम्पनीमा बुझाई सदस्यता प्राप्त गरेका हुन्। निज जाहेरवाला स्वयम्को कम्पनीमा आउने जाने हुने गर्दथ्यो। जाहेरवालाले मबाट कम्पनीमा रकम बुझाएको भए पनि मैले निजबाट कुनै रकम प्राप्त गरेको छैन भनी बयान गरेको देखिन्छ। सोहीबमोजिम निज प्रतिवादीले सुरू अदालतमा म र शोभा पुनसँगै कम्पनीमा गएका थियौँ। शोभा पुनले कम्पनीको सदस्य बन्न इच्छुक रहेको भनेकाले नेपाल फर्की आएको १०/१५ दिनपछि सदस्यता र कम्पनीबाट उत्पादित वस्तुको खरिदबापत

रू.१,६०,०००।– (एक लाख साठी हजार रूपियाँ) र करबापतको रू.५०,०००।– (पचास हजार रूपियाँ) बुझाई सदस्यता प्राप्त गरेका हुन् । निज आफैँले सेयर खरिद गरेको र मैले निजबाट कुनै रकम लिएको नहुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी कसुरमा इन्कार रही बयान गरेको देखिने।

प्रतिवादी भगवती शर्मा आचार्यले जाहेरवालालाई गफलतमा पारी अर्काको हकमा रहेको सम्पत्ति आफ्नो हकमा लिई खाएको भन्ने प्रमाणबाट देखिँदैन । जाहेरवाला शोभा पुन आफैँ भारतस्थित कम्पनीमा गई एक हप्ते तालिम प्राप्त गरेको तथ्यलाई जाहेरी एवम् बकपत्रमा स्वीकारेको र निज जाहेरवाला **Sponsor** बनी अन्य व्यक्तिहरूलाईसमेत सदस्य बनाएको देखिन्छ भने कम्पनीसँग सन् २०१७ सम्म आवद्ध रही काम कारबाही गर्दैआएको भन्ने मिसिल संलग्न भौचरहरूको प्रतिलिपिबाट देखिन्छ। यसैगरी यी जाहेरवालाले प्रतिवादीले प्रलोभनमा पारी रकम लिएको भने तापनि प्रतिवादीले यी जाहेरवालासँग रकम लिएको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित हुनसकेको छैन। साथै, प्रतिवादीले देखाएको चिनाएको उक्त **Win Win Trade Mart Pvt. Ltd.** गलत (**fake**) कम्पनी रहेको भनी भन्नसकेको अवस्था पनि नदेखिने।

अत: प्रतिवादी भगवती शर्मा आचार्यलाई जाहेरवाला शोभा पुनको बिगो रू.२,००,०००।– (दुई लाख रूपियाँ) ठगी गरेको ठहर गरी मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम रू.२,००,०००।- (दुई लाख रूपियाँ) जरिवाना हुने र छ महिना कैद सजाय हुने तथा शोभा पुनले ऐ. ठगीको ७ नं. बमोजिम प्रतिवादीबाट बिगो रकम रू.२,००,०००।- (दुई लाख रूपियाँ) भराइपाउने, अन्य अभियोग मागदाबी पुग्न नसक्ने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।०७।२९ मा भएको फैसला कैद सजायका हकमा कसुरको प्रकृति र अनुपातका आधारमा मिलेको नदेखिँदा केही बदर भई प्रतिवादीलाई मुलुकी ऐन, ठगीको महलको १ नं. को कसुरमा ऐ. ४ नं. बमोजिम कैद महिना २ (दुई) र जरिवाना रू.२,००,०००।- हुने र जाहेरवाली शोभा पुनले प्रतिवादीबाट ऐ. ७ नं. बमोजिम बिगो रू.२,००,०००।- भराइलिन पाउने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुरको मिति २०७५।०१।३१ को फैसला नमिलेकोले उल्टी भई प्रतिवादी भगवती शर्मा आचार्यले अभियोग दाबीको कसुरबाट सफाइ पाउने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल
कम्प्युटर : रामशरण तिमल्सिना
इति संवत् २०७९ साल चैत्र ८ गते रोज ४ शुभम्।

## १०

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-**CI**-०६५३, जग्गा दर्ता हक कायम दाखेल खारेज, मोहन शंकर अमात्य वि. राजमान रघुवंशी*

वादी प्रतिवादीको पुस्तावली हेर्दा मूल पुरूष लालशंकर भई निजका तीन सन्तानमा प्राणशंकर अमात्य, शिवशंकर अमात्य र पूर्णशंकर अमात्य रहेको, प्राणशंकरको श्रीमती श्रीमाया भई निजहरूको छोरा सन्तान नभई ४ छोरीहरूमा मोहनमाया रघुवंशी, मैया प्रधान, गंगा कसजु, तरीनानी श्रेष्ठ भएको, शिवशंकर निसन्तान रहेका र पूर्णशंकरका २ छोरामा ज्ञानबहादुर र राजशंकर रहेकोमा राजशंकरका दुई छोरा मदनशंकर र यी पुनरावेदक प्रतिवादी मोहनशंकर अमात्य रहेको भन्ने तथ्यमा कुनै विवाद देखिँदैन । मिति २०५१।०१।१४ मा गाउँ विकास समितिको कार्यालय सैंबु ललितपुरले मालपोत कार्यालय ललितपुरलाई गरेको सिफारिस पत्रमा कि.नं. ६७, ७३ र ८१ समेत तीन कित्ता जग्गा नै मेरो सहोदर काका प्राणशंकर अमात्यका नाउँमा मौजे पाटन जिल्ला लगत नं. ७२१ साबिक पन्हागाल १३९ नं. लगतमा दर्ता भएकोमा निज काका प्राणशंकर परलोक भई निजको सन्तान कोही नभएकोले दबगवत्ती काजक्रिया मैले गरी आएकोले निज परलोक भएका काका प्राणशंकरको नाउँ खारेज गरी मेरो नाउँमा नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा पाउँ भनी ललितपुर मालपोत कार्यालयमा निवेदन पेस गरी मेरो नाउँमा मालपोत

कार्यालयबाट सबै प्रमाण बुझी जग्गाधनी प्रमाणपुर्जा लिन बाँकीमा हाल जग्गा भएको गा.वि.स. को सिफारिस आवश्यक परेको भनी निवेदन परेकोले निजको निवेदन मागबमोजिम हुन भनी सिफारिस गरिदिएको देखियो।

पुनरावेदक / प्रतिवादी र प्रत्यर्थी / वादीको निवेदन परेको समयमा कायम रहेको मुलुकी ऐनको अपुतालीसम्बन्धी कानूनी व्यवस्था हेर्दा मुलुकी ऐनमा मिति २०३३।०४।२८ मा भएको छैठौँ संशोधनले अपुतालीको महलको २ नं. मा "अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा वा छोराका छोरा भएसम्म छोरीले अपुताली पाउँदैन । त्यस्ता कोही नभए छोरीले अपुताली पाउँछ । छोरीहरूमध्ये कोही कन्या र कोही विवाह भएकी वा पोइल गएकी भए प्रत्येक कन्या छोरीले दुई खण्ड र प्रत्येक विवाह भएकी वा पोइल गएकी छोरीले एक खण्डको हिसाबले अपुताली पाउँछ । छोरी नभए सँग बसेका हकवालाले र त्यस्ता हकवाला नभए अरू हकवालाले अपुताली पाउँछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उपर्युक्त उल्लिखित दुवै समयको कानूनी व्यवस्था हेर्दा छोरीले अपुताली पाउन सक्दैन भन्ने पुनरावेदक / प्रतिवादीको जिकिरलाई कानूनसम्मत मान्न नसकिने।

तसर्थ प्राणशंकर अमात्यको नामको कि.नं. ६७, ७३, ८१ का जग्गामा निजको छोरी मोहनमाया रघुवंशीको अपुताली हक कायम हुनेमा निजको मृत्यु भइसकेको अवस्थामा निज मोहनमाया रघुवंशीको छोरा यी प्रत्यर्थी वादी राजमान रघुवंशीको फिराद दाबीबमोजिम हक कायम भई दर्ता नामसारीसमेत हुने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतले मिति २०६७।१२।१५ मा गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक / प्रतिवादी मोहनशंकर अमात्यको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० साल जेठ ४ गते रोज ५ शुभम्।

## इजलास नं. १

### ११

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७८-**WH**-०११७, बन्दीप्रत्यक्षीकरण, इन्द्रबहादुर विष्ट वि. दैलेख जिल्ला अदालतसमेत*

भरत रावलको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यिनै रिट निवेदक इन्द्रबहादुर विष्ट भएको नकबजनी चोरी मुद्दामा यी निवेदकलाई सुर्खेत जिल्ला अदालतबाट मुलुकी ऐन, चोरीको महलको १२ र १४(१) नं. बमोजिम १(एक) महिना १५(पन्ध्र) दिन कैद र रू.५,५७,४२५।– (पाँच लाख सन्ताउन्न हजार चार सय पच्चिस रुपियाँ) जरिवाना हुने ठहऱ्याई भएको फैसलाबमोजिम सो सजाय असुलउपर गर्नका लागि निज रिट निवेदक इन्द्रबहादुर विष्टलाई मिति २०७७।५।११ गतेदेखि २०७७।६।२५ सम्म कैदबापत थुनामा राख्न र जरिवाना नबुझाएमा सोबापत मिति २०७७।६।२६ गतेदेखि मिति २०८१।६।२६ गतेसम्म कैदमा राख्न दैलेख जिल्ला अदालतबाट मिति २०७७।५।१२ मा कैदी पुर्जी ठेकिएको देखिन्छ । यी निवेदक इन्द्रबहादुर बिष्ट मिति २०७७।५।११ गतेदेखि २०७७।६।२६ गतेसम्म कैदमा बसे निजको कैद भुक्तान हुने भनी च.नं.१८९ मिति २०७७।५।१२ को कैदी पुर्जी तथा सुर्खेत जिल्ला अदालतको लिखित जवाफबाट देखिएको र हाल जरिवाना ठहर भएको रू.५,५७,४२५।– बापत तत्काल प्रचलित मुलुकी ऐन, दण्ड सजायको महलको ३८(१) बमोजिम ४ वर्ष कैद ठेकेबमोजिम थुनामा रहेको पाइने।

उपर्युक्तानुसार दैलेख जिल्ला अदालतले रिट निवेदक इन्द्रबहादुर विष्टलाई दिएको च.नं.१८९ मिति २०७७/५/१२ को कैदी पुर्जी हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ को उप-दफा (३), केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)

को देहाय (ख) र (ग) र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ को प्रतिकूल रहेको देखिएकोले सो कैदी पुर्जी उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, सोहीअनुरूप कैदको लगत संशोधन गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए रिट निवेदक इन्द्रबहादुर विष्टलाई नकबजनी चोरी मुद्दाको रोहबाट आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ १३ गते रोज ६ शुभम् ।

**१२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-**WO**-०९९८, उत्प्रेषणयुक्त परमादेश, मनोजकुमार के.सी.समेत वि. उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत*

झापा जिल्ला अदालतको मिति २०७३।११।१४ को बन्डा मुचुल्का हेर्दा निवेदक प्रतिवादी डोरको तारेखमा रहेको भए पनि बन्डा मुचुल्कामा अनुपस्थित भएको पाइयो । झापा जिल्ला अदालतबाट मिति २०७३।११।१४ मा साबिक झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ३ को साबिक कित्ता नं. ७३६ हाल कि.नं. ७५१२ को ०-२-० पश्चिमतर्फबाट तथा कि.नं. ६८१ को ०-३-१३ पूर्वतर्फबाट एवम् हल्दिबारी वडा नं. ७ को कि.नं. ३२१ को ०-१०-० का साथै कि.नं. ७३५ को ०-४-५ जग्गाको हकमा उत्तरतर्फबाट बन्डा मुचुल्का भई ६ भागको २ भाग जग्गा वादीहरूको संयुक्त नाममा दाखिल खारेज हुने गरी तर्फ छुट्याई ल्याएको देखिँदा तामेलीमा राख्ने भनी मिति २०७३।११।१७ मा तहसिलदारबाट तामेली आदेश भएको देखिन्छ । निवेदकले दाखिल खारेज बन्डा मुचुल्का बदरका लागि मिति २०७३।१२।१ मा मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिमको निवेदन गरेकोमा निजलाई डोरको तारेख दिएकोमा निज डोरमा उपस्थित नभई प्रक्रियामै सामेल नभएको देखिँदा रीतपूर्वक भएको बन्डा मुचुल्का र तामेली आदेश बदर गर्नुपर्ने देखिएन भनी झापा जिल्ला अदालतबाट मिति २०७३।१२।२५ मा आदेश भएको पाइयो । निवेदकले सो आदेशउपर उच्च अदालत विराटनगर, इलाम इजलासमा मुलुकी ऐन अ.बं.१७ नम्बरबमोजिमको निवेदन गरेकोमा निज डोरमा उपस्थित नभएको र बन्डा मुचुल्काबाट निवेदक/प्रतिवादीको निकास बाटो रोकिएको पनि नदेखिएकाले जिल्ला अदालतको आदेश बेरितको नदेखिँदा बदर गरिरहनु नपर्ने भनी मिति २०७४।८।२८ मा आदेश भएको देखिने ।

विपक्षी रेणुका के.सी. वादी र यी निवेदकसमेत प्रतिवादी भएको अंश चलन मुद्दामा सुरू झापा जिल्ला अदालतबाट वादी दाबीअनुसार ६ भागको २ भाग अंश पाउने गरी मिति २०७१।१।२९ मा भएको फैसलालाई पुनरावेदन अदालत इलामले मिति २०७२।८।२८ मा सदर गरेउपर यसै अदालतमा परेको दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदनमा निस्सा नपाई मुद्दा अन्तिम भइसकेको स्थितिमा फैसला कार्यान्वयनका लागि वादीको निवेदन परी झापा जिल्ला अदालतबाट मिति २०७३।११।१४ मा बन्डा मुचुल्का भई सोको आधारमा तहसिलदारबाट मिति २०७३।११।१७ मा तामेली आदेश भएकोमा उक्त बन्डा मुचुल्का र तामेली आदेश जिल्ला न्यायाधीश र उच्च अदालतबाट सदर भएको पाइयो । यसरी तह तहका अदालतबाट प्रमाण र कानूनको विवेचना गरी फैसला भई न्याय निरूपण कार्य अन्तिम भइसकेको अवस्था भए पनि फैसला कार्यान्वयनको प्रक्रियालाई स्वीकार नगरी नरम गरम नमिलेको र बाटो निकास नदिएको भनी यी निवेदकले सुरू जिल्ला अदालत र उच्च अदालतबाट कानूनबमोजिम भए गरेका आदेश बदर गरी परमादेशसमेत जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदनमा माग गरेको देखिन्छ । निवेदकले माग गरेको विषयमा उच्च अदालतले रीतपूर्वक नक्सासमेत झिकाई बाटो निकास सम्बन्धमा हेरी न्याय निरूपण गरिसकेको विषयमा पुनः सोही प्रश्न खडा गरी रिटक्षेत्रबाट प्रवेश गरेको देखिने । अत: निवेदक प्रतिवादी बन्डा छुट्याउनका लागि तोकिएको तारेखमा अनुपस्थित भएको देखिएको,

निवेदनमा सो तारेखमा उपस्थित नहुनाको चित्तबुझ्दो कारण स-प्रमाण उल्लेख गर्न पनि नसकेको, साधिकार अदालतबाट मुद्दाको रोहमा भएको आदेशमा कुनै कानूनी त्रुटि भएको पनि नदेखिएको, निवेदकले निवेदनमा गम्भीर अन्याय भएको भन्ने स्थापित गर्न पनि नसकेकोले निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ २९ गते रोज ३ शुभम्।

**१३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-**CI**-०४३३, सर्तनामाबमोजिम गरिपाऊँ, स्तुपा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, काठमाडौं वि. पञ्चमाया श्रेष्ठसमेत*

मिति २०७१।१०।०५ गते भएको बैनाको कागजबमोजिम जग्गा बिक्रीकर्ताले बैनाको कागज भएको ३ महिनाभित्र रजिस्ट्रेसन पारित गरिदिने, कथमकदाचित सो म्यादभित्र खरिदकर्ताको तर्फबाट रजिस्ट्रेसन पास गर्न नसक्ने परिस्थिति आइपरेमा २ महिना म्याद थप गरिने छ भन्ने सर्त उल्लेख भएकोले सोबमोजिम २०७२।०३।०५ सम्म बैनाको कागजबमोजिम म्याद भएकोमा दुवैपक्षबिच मिति २०७२।०३।०१ मा भएको कागजबमोजिम मिति २०७२।०३।११ सम्म सो म्यादलाई सहमतिमा विस्तार गरेको देखिएकोमा उक्त म्यादसमेत सकिएको भए पनि जग्गा राजीनामा पारित गर्ने प्रक्रियामा रहेबाट सहमतिमै मिति २०७२।०३।१३ मा यी पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी पञ्चमाया श्रेष्ठबिच जग्गाको मोही हक राजीनामा पारित गरी लिनेदिने कार्य सम्पन्न भएको भन्ने कुरा मिसिलसंलग्न राजीनामाको प्रतिलिपिबाट देखिने।

उल्लिखित सिट नं.१०२-१०२७-२४ कि.नं.२८०, २८१ र ३३८ लाई नक्सामा ट्रायल चेक गर्दा स्रेस्ताअनुसार यथावत देखिएकोले उक्त कित्ताहरूको प्लट रजिस्ट्र उतार यसै पत्रसाथ पठाएको भन्ने नापी कार्यालय, चावहिलको च.नं.१५३, मिति २०७५।०४।२३ को पत्र र उल्लिखित कि.नं. का जग्गाहरू मिलान गरी एकीकृत कित्ता कायम गरिसकेको नक्साको प्रमाणित ब्लुप्रिन्ट उच्च अदालत पाटनको रेकर्ड मिसिलसामेल रहेको र बैना कागजको सर्तबमोजिम मिति २०७२।०३।१३ मा नै राजीनामा पारित गरी जग्गाको मोहीको हक हस्तान्तरण भइसकेको करिब डेढ वर्षपछि मिति २०७३।०७।२९ मा जग्गा अपुग भयो भन्ने बेहोराको फिराद दर्ता गरेको देखिन्छ । बैना कागजमा उल्लिखित जग्गा आफूले रजिस्ट्रेसन पारित गरी लिनुपूर्व नै बैना कागजका पक्षहरूले सर्तको सम्बन्धमा यकिन गरी जग्गा रजिस्ट्रेसन गरी लिनुपर्ने हुन्छ । बैनाको कागजमा उल्लिखित जग्गा बैना गरी रजिस्ट्रेसन पास गरी लिएपश्चात् पनि अस्तित्वमा रहेको भन्नको लागि उल्लिखित बैनाको कागजमा त्यस्तो सर्त उल्लेख भएकोसमेत देखिँदैन । बैनाबमोजिमको जग्गा रजिस्ट्रेसन गरी लिइसकेपश्चात् जग्गा पास गर्नुपूर्वको सर्तलाई आधार लिई दर्ता गराएको फिरादबमोजिम प्रस्तुत पुनरावेदन दाबी लिएको देखिने।

तसर्थः बैनाको कागजको अस्तित्व सोबमोजिमको कार्य सम्पन्न नहुन्जेलसम्म मात्र कायम हुने हो। सो कार्य नै सम्पन्न भइसकेको अवस्थामा सोमा उल्लिखित सर्त पालना भएन भन्ने दाबी पुग्न नसक्ने हुँदा काठमाडौं जिल्ला अदालतको मिति २०७३।१२।२४ को सुरु फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी पञ्चमाया श्रेष्ठको हकमासमेत वादी दाबी पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।०१।२९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने । उच्च अदालत पाटनको उक्त फैसला बदर गरी सुरू फैसला सदर कायम गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ ११ गते रोज ४ शुभम्।

**१४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६८-**CR**-०२६५, किर्ते जालसाजी, कोशिलीयादेवीसमेत वि. विनोदप्रसाद यादव*

पर्सा जिल्ला अदालतको मिति २०६५।०४।२४ को आदेशानुसार गीता साहले गरिदिएको भनिएको सो २०५७ सालको कुत बुझेको भरपाई र गीता साहको भूमिसुधार कार्यालय, पर्सामा चलेको मुद्दामा मिति २०५९।७।१० मा खडा भएको तारेख भरपाई तथा मिति २०६४।१०।२० मा खडा भएको तारेख भरपाईसँग तथा नमुना सहीछापसँग राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा जाँच गर्न पठाएको देखियो । राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च.नं. ८९३ मिति २०६६।०१।२५ को पत्रसाथ प्रेषित प्रतिवेदन हेर्दा विवादित २०५७ सालको कुतबाली बुझी लिएको भन्ने भरपाईमा भएको सहीछापसँग गीता साहसँग लिएको नमुना सहीछाप र भूमिसुधार कार्यालय, पर्सामा र पर्सा जिल्ला अदालतमा चलेको मुद्दाको तारेख भरपाईमा गीता साहले गरिदिएको सहीसँग भिड्छ भन्ने उल्लेख भएको पाइन्छ । यी पुनरावेदकहरूले विशेषज्ञलाई साक्षीसरह नबुझी गरिएको फैसला त्रुटिपूर्ण र प्रमाण ग्राह्य हुँदैन भनी जिकिर लिएको देखिन्छ । यस अदालतबाट मिति २०७४।११।१३ को आदेशानुसार जाँच गरी प्रतिवेदन दिने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका वैज्ञानिक अधिकृत पियुषमान शाक्यले यस अदालतमा मिति २०७५।०४।२१ मा बकपत्र गर्दा स.८ को जवाफमा नमुना स्वरूप प्राप्त न-१ (गीता साहले भूमिसुधार कार्यालय, पर्साबाट मिति २०५९।७।१० मा खडा भएको तारेख भरपाईमा गरिदिएको दस्तखत सहीछाप) को दस्तखतमा विवादित वि-१ (गीता साहले मंगली अहिरिनलाई कुत बुझी गरिदिएको भन्ने ती उल्लेख नभएको विवादित भरपाई) मा भएका सबै अक्षरहरू समान बनावटमा उत्रिएकोले वि-१ र न-१ का दस्तखतहरू पूर्णरूपमा मिल्छ भनी राय दिएको हो । न-२ (मिति २०६४।१०।२० मा खडा भएको तारेख भरपाईमा २०६४ देखि २०६५ सम्म विभिन्न मितिमा गीता साहले गरेका दस्तखत) र न-३(पर्सा जिल्ला अदालतबाट गीता साहसँग मिति २०६५।०४।१४ मा लिएको नमुना सहीछाप) का दस्तखतहरूमा विवादित दस्तखतमा सबै अक्षरहरू उत्रिएको नदेखिएको तथा उत्रिएका अक्षरहरू एकआपसमा तुलना गर्दा समान लेखन गुणका भएकाले वि-१, न-२ तथा न-३ आंशिकरूपमा मिल्दछ भनी राय दिएको हो भनी बकपत्र गरेको पाइने ।

तसर्थः विवादित लिखतमा भएको सहीछाप यी पुनरावेदक नागा साहको छोरा गीता साहको सहीछाप भएको भन्ने पुष्टि भएको अवस्थामा किर्ते जालसाजीमा सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहरी पर्सा जिल्ला अदालतबाट मिति २०६६।०३।०४ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।०२।३१ मा भएको फैसलामा कुनै कानूनी त्रुटि नभई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ भदौ १० गते रोज ६ शुभम् ।

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-WO-०९९७, उत्प्रेषणयुक्त परमादेश, पवित्रा के.सी. वि. उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत*

रिट निवेदकहरू बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम चलन मुद्दाको फैसला कार्यान्वयनका सन्दर्भमा कानूनबमोजिम प्रमाण हेरी निर्धारित प्रक्रिया पुऱ्याई भए गरेका आदेशउपर निवेदन गर्न पाउने व्यवस्थाको उपयोग गरिसकेपछि नरमगरम नमिलेको र बाटो निकास नदिएको भन्ने जस्ता विषय उठाएर प्रस्तुत रिट निवेदन दिन आएको देखिन्छ । निवेदकलाई झापा जिल्ला अदालतबाट बन्डा छुट्याउने डोर पुर्जीअनुसार मिति २०७३।१०।१३ मा मुचुल्का गर्न तोकिएको तारेखमा डोर नजाँदा मिति २०७३।११।१४ को डोर जाने तारेख भरपाईमा उपस्थित हुने भनी निवेदक/प्रतिवादी मनोज के.सी.ले सही गरेको देखिँदा बन्डा मुचुल्का हुने डोरको सूचना प्रतिवादीले पाएको देखिन आयो । मिति २०७३।११।१४ मा भएको बन्डा मुचुल्का हेर्दा यी निवेदक प्रतिवादी अनुपस्थित भनी उल्लेख भएको पाइयो । यसरी बन्डा मुचुल्का हुँदा प्रतिवादी आफू

उपस्थित भई आफ्ना कुराहरू राख्नुपर्नेमा तोकिएको तारेखमा उपस्थित हुने भनी तारेख लिने अनि सो दिन अनुपस्थित हुने र कानूनबमोजिम भएको बन्डा मुचुल्काउपर प्रश्न खडा गरी रिट लिएर आउँदा पनि बन्डा मुचुल्काका लागि तोकिएको तारेखमा अनुपस्थित हुनुपर्नाको स्पष्ट कारण दिनसकेको पनि पाइँदैन। यसरी निवेदकले बन्डा मुचुल्काको सूचना पाएर पनि अनुपस्थित हुनु भनेको आफ्नो कुरा राख्ने अधिकार र अवसर स्वेच्छाले परित्याग गरेको मान्नुपर्ने हुँदा बन्डा मुचुल्का हुँदा डोरमा अनुपस्थित हुने अनि सोही मुचुल्काका बारेमा प्रश्न खडा गरी अधिकार हनन भयो भनी बन्डा मुचुल्का बदर गरिपाउन रिट लिएर आउन मिल्ने नदेखिने। यस सन्दर्भमा निवेदक शकुन्तलादेवी यादव विरूद्ध सुनसरी जिल्ला अदालतसमेत भएको उत्प्रेषणसमेत (ने.का.प. २०६९, अङ्क ४ नि.नं.८८१६) मा "कानूनले बन्डा हुने सूचना पाई सो समयमा अनुपस्थित रहने तर पछिबाट रौँचिरा खोट देखाई भएको बन्डा मुचुल्का बदर गरिपाउन माग गरी फैसला कार्यान्वयनमा व्यवधान खडा गर्न सकियोस् भन्ने दण्ड सजायको ६१ नं. र अ.बं. १७ समेतको मनसाय होइन। म्याद सूचना बुझी अनुपस्थित हुनु भनेको अधिकार स्वेच्छाले परित्याग गरेको हुने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने।

अत: निवेदक प्रतिवादी बन्डा छुट्याउनका लागि तोकिएको तारेखमा अनुपस्थित भएको देखिएको, निवेदनमा सो तारेखमा उपस्थित नहुनाको चित्त बुझ्दो कारण स-प्रमाण उल्लेख गर्न पनि नसकेको, साधिकार अदालतबाट मुद्दाको रोहमा भएको आदेशमा कुनै कानूनी त्रुटि भएको पनि नदेखिएको, निवेदकले निवेदनमा गम्भीर अन्याय भएको भन्ने स्थापित गर्न पनि नसकेकोले निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ २९ गते रोज ३ शुभम्।

**१६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**CR**-०५२२, ०७५-**CR**-०७५१, खोटा चलन, रामप्रसाद चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. गोविन्द चौधरीसमेत*

निज पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीलाई मुलुकी ऐन, खोटा चलनको महलको कुन प्रावधानअनुसार सजाय गर्नुपर्ने हो सो सम्बन्धमा हेर्दा, यी पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीले नक्कली नोट बाहिर छापेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन नआएको,निज प्रतिवादीलाई भारतीय नागरिक उपेन्द्र ठाकुरले नोट दिएको भए पनि नक्कली नोट छाप्ने कार्यमा निजको संलग्नता नदेखिएको, निज प्रतिवादीले नोट बाहिडा छापेको वा छाप्ने यन्त्र, उपकरण राखेको भन्ने पनि नदेखिएको अवस्थामा यी पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीले बरामद भएको नक्कली नेपाली नोटहरू भारत हुँदै नेपालसम्म ल्याएकोसम्म देखिएको हुँदा प्रतिवादी रामप्रसाद चौधरीले खोटा चलनको कसुरको मतलबमा पसी खोटा मुद्रा नेपाल ल्याएकोसम्मको कसुर गरेको देखिन आयो। यस सन्दर्भमा मुलुकी ऐन, खोटा चलनको महलको ८ नं. मा "विदेशी सरकारको मुद्रा वा मुद्रासरह चलनमा आउनसक्ने चेक इत्यादि नेपालभित्र बसी टक मारे बनाएकोमा वा विदेशमा टक मारे बनाएको खोटा मुद्रा वा मुद्रासरह चलनमा आउनसक्ने चेक इत्यादि नेपालभित्र ल्याएको वा चलन गरेको वा सो कामहरू गर्ने उद्योग गर्ने वा त्यस्तो गर्ने मतलवमा पस्ने व्यक्ति प्रत्येकलाई सो मुद्रामा लेखिएको बिगोबमोजिम जरिवाना गरी पाँच वर्षसम्म कैद गर्नुपर्छ र त्यस्तो खोटा मुद्रा जफत गरी रद्द गर्नुपर्छ" भन्ने व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्था अनुसार विदेशमा टक मारे बनाएको खोटा मुद्रा वा मुद्रासरह चलनमा आउन सक्ने चेक इत्यादि नेपालभित्र ल्याएको वा चलन गरेको वा मतलवमा पस्ने व्यक्ति प्रत्येकलाई सो मुद्रामा लेखिएको बिगोबमोजिम जरिवाना गरी पाँच वर्षसम्म कैद गर्नुपर्छ र त्यस्तो खोटा मुद्रा जफत गरी रद्द गर्नुपर्छ भन्ने व्यवस्था रहेबाट यी पुनरावेदक प्रतिवादी

रामप्रसाद चौधरीले विदेशमा टक मारे बनाएको खोटा मुद्रा नेपाल ल्याएकोसम्म देखिन आएकोले मुलुकी ऐन, खोटा चलनको महलको ८ नं. अनुसारको सजाय हुन देखिन आउने ।

तसर्थ: यी पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीलाई मुलुकी ऐन, खोटा चलनको महलको ४(१) नं. बमोजिम १० वर्ष कैद र रू.१,०३,०००।- बिगोबमोजिम जरिवाना हुने गरी गरेको कैलाली जिल्ला अदालतको मिति २०७३।२।१६ को फैसलालाई सदर गरेको उच्च अदालत दिपायल डोटीबाट मिति २०७४।१२।२१ मा भएको फैसला पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीको हकमा मिलेको नदेखिएकाले केही उल्टी भई प्रस्तुत मुद्दामा प्रतिवादी रामप्रसाद चौधरीले गरेको कसुरको प्रकृति, मात्रा र अपराधमा निजको संलग्नतासमेतलाई विचार गर्दा निजलाई तत्काल कायम रहेको मुलुकी ऐन, खोटा चलनको महलको ८ नं. बमोजिम ३ वर्ष कैद र बिगोबमोजिम रू.१,०३,०००।- जरिवाना हुने ठहर्छ । निज पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीलाई भएको जरिवानाका सम्बन्धमा हाल परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २५७(२) मा खोटा चलनको कसुरमा अधिकतम रू.७०,०००।– (सत्तरी हजार) मात्र जरिवाना हुने व्यवस्था भएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा “कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ, तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन हुने छ" भनी उल्लेख रहेको र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा समेत “कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने” प्रावधान रहेबाट प्रस्तुत मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा २५७ को उपदफा (२) बमोजिम पुनरावेदक प्रतिवादी रामप्रसाद चौधरीलाई बढीमा रू.७०,०००।– मात्र जरिवाना हुने देखिन्छ । निज प्रतिवादी रामप्रसाद चौधरीलाई भएको कैद निज मिति २०७२।०८।१५ देखि थुनामा बसेको देखिएको र निज प्रतिवादीलाई भएको कैद मिति २०७५।०८।१४ सम्ममा भुक्तान भइसकेको देखिएको परिप्रेक्ष्यमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ को उपदफा(२) बमोजिम दिन एकको रू.३००।- का दरले जरिवानाबापत कैद बसेको अवधि गणना हुँदा उक्त जरिवानाबापत निज प्रतिवादी रामप्रसाद चौधरीले कैद बसी भुक्तान गरिसकेको देखिएकोले अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट आजै थुनामुक्त गरिदिनु भनी संक्षिप्त आदेशबमोजिम सम्बन्धित कारागार कार्यालयमा लेखी पठाई सोको जानकारी सम्बन्धित जिल्ला अदालतलाई दिई सकिएको हुँदा सो सम्बन्धमा केही बोलिरहनु परेन । साथै, प्रतिवादीहरू गोबिन्द चौधरी, रमेश चौधरी र सुरेश चौधरीलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर र प्रतिवादी रामप्रसाद चौधरीको अन्य पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ माघ ७ गते रोज ६ शुभम् ।

## १७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**CR**-२४४६, किर्ते जालसाज, पलट यादव वि. सत्यनारायण शर्मासमेत*

पुनरावेदक / वादीले सा.कि.नं. ७९८ को ०–०–७१/४ जग्गा मालपोत कार्यालय, सप्तरीको मिति २०७२।३।२ गतेको निर्णयले प्रत्यर्थी / प्रतिवादी सत्यनारायण शर्माको नाममा लगत कायम गरेको कार्य मुलुकी ऐन किर्ते कागजको महलको १ र ३ नं. विपरीत हुँदा प्रतिवादीहरूलाई किर्ते जालसाजमा कारबाही गरी मालपोत कार्यालयको मिति २०७२।३।२ गतेको निर्णय निष्क्रिय पारी सा.कि.नं. ७९८ को ०–०–७१/४ जग्गा आफ्नो नाममा दर्ता गरिपाउन माग गरेको सम्बन्धमा विचार गर्दा मालपोत कार्यालय सप्तरीले मिति

२०७२।३।२ गते सा.कि.नं. ७९८ को जग्गा प्रत्यर्थी / प्रतिवादी सत्यनारायण शर्माको नाममा लगत कायम गर्ने निर्णय गरेको देखिन्छ । पुनरावेदक / वादीले मालपोत कार्यालयको उक्त निर्णय बदर गरिपाउन सप्तरी जिल्ला अदालतमा फिराद गरेको भनी प्रस्तुत मुद्दाको फिरादमा उल्लेख भएको देखिएकोमा मिसिल संलग्न सप्तरी जिल्ला अदालतको मिति २०७५।१०।२४ गतेको मुलतबी आदेशको अवलोकन गर्दा पुनरावेदक / वादीका भाइ जगत यादव, सियालाल यादव र पंचित यादवले सत्यनारायण शर्मा र मालपोत कार्यालय सप्तरीसमेतलाई प्रतिवादी बनाई ०७३-**DP-**००३० को टिप्पणी आदेश निर्णय बदर गाउँ ब्लक लगत कायम दर्ता बदर दर्ता कायम मुद्दा दायर गरेको देखिन्छ । उक्त मुद्दा विचाराधीन रहेको देखिँदा प्रत्यर्थी / प्रतिवादी सत्यनारायण शर्माको नाममा लगत कायम गर्ने मालपोत कार्यालयको मिति २०७२।३।२ गतेको निर्णयको प्रामाणिकता र जग्गाको स्वामित्वको विवाद सोही मुद्दाबाट निरूपण हुने हुँदा प्रस्तुत मुद्दाको रोहबाट विचार गर्नुपर्ने नदेखिने ।

कुनै निकाय वा व्यक्तिले अर्काको हक मेट्ने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि कार्य गरेको देखिएको अवस्थामा त्यस्तो अर्काको हक मेट्ने निर्णय वा कार्य किर्ते जालसाजको कसुर हुने तथ्यमा विवाद छैन । प्रस्तुत विवादमा सा.कि.नं. ७९८ को जग्गा प्रत्यर्थी / प्रतिवादी मालपोत कार्यालय र सत्यनारायण शर्माले मिलेमतो गरी उक्त १ नं. र ३ नं. को कानूनी व्यवस्थाविपरीत प्रत्यर्थी / प्रतिवादी सत्यनारायण शर्माको नाममा लगत कायम गरेको देखिन्छ, देखिँदैन भन्ने सम्बन्धमा विचार गर्दा यिनै पुनरावेदक / वादीले प्रत्यर्थी / प्रतिवादी सत्यनारायण शर्माउपर सप्तरी जिल्ला अदालतमा जग्गा खिचोला मेटाई पर्खाल भत्काई चलन चलाइपाउँ भन्ने **CP-**१५१५ को मुद्दा दायर गरेको देखिन्छ । मिसिल संलग्न उक्त मुद्दाको फैसलाको प्रतिलिपि हेर्दा सप्तरी जिल्ला अदालतले मिति २०६९।११।२१ गते विवादित जग्गाको सम्बन्धमा भइआएको नाप नक्सा मुचुल्काको विश्लेषण गरी प्रतिवादी सत्यनारायण शर्मासमेतको भोगमा रहेको देखिएको भनी वादी दाबी नपुग्ने फैसला भएको देखिन्छ । उक्त फैसलाउपर गरेको पुनरावेदनमा पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।२।२६ गते सप्तरी जिल्ला अदालतको मिति २०६९।११।२१ गतेको फैसला सदर भएको देखिने ।

अतः पुनरावेदकको वादी दाबी नपुग्ने ठहर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।५।१४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक / वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ फाल्गुन १८ गते रोज ४ शुभम् ।

## इजलास नं. २

### १८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-**WO**-११९१, उत्प्रेषणसमेत, जोशी बिज हाउस प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं वि. नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

दायित्वबाट विमुख हुनेले अधिकारबाट पनि स्वतः वञ्चित हुनुपर्ने हुन्छ । व्यापार व्यवसाय भनेको जोखिम मोल्नु र नाफा प्राप्त गर्नु पनि हो । करार, ठेक्कापट्टाको कार्य पनि जोखिम वहन गरी नाफा आर्जन गरिने एक प्रकारको व्यापार व्यवसाय नै हो । यी निवेदकले विपक्षी कृषि सामग्री कम्पनी लिमिटेडलाई मल आपूर्ति गर्ने गरी भएको सम्झौताको उद्देश्य पनि निवेदकले मलको उपलब्धता, पारवहन जोखिम, मूल्य घटबढ जस्ता जोखिम लिई आफ्नो आपूर्ति मूल्यमा नाफा प्राप्त गर्ने नै हो । सेवा तथा वस्तुको इन्सुरेन्स, परिस्थितिको विश्लेषण, मूल्य संयोजन तथा अन्य व्यवस्थापनका **Tools** प्रयोग गरी यस प्रकारको जोखिम न्यूनीकरण पनि गर्ने गरिन्छ । यी निवेदकले अन्तर्राष्ट्रिय बजारमा कुन कस्तो मल पाइन्छ भन्ने कुरा नबुझी **Prilled or granular** दुवै प्रकृतिको मल आयातको

अनुमति प्राप्त नगरी मल आयात प्रक्रियामा सहभागी भई निवेदक स्वयंले उच्च स्तरको **Bussiness risk** लिएको देखिन्छ । **Bussiness risk** लिनु, लिन पाउनु आपूर्तिकर्ताको स्वविवेकीय अधिकार पनि हो । निवेदक र विपक्षी कम्पनीका बिचमा भएको सम्झौताको **Additional Condition** १**.Shipment i.** ले **L/C** खोलेको ७७ दिनभित्र सम्पूर्ण परिमाणको सामान शिपमेन्ट भइसक्नुपर्ने अन्यथा कार्य सम्पादन सुरक्षण जफत तथा सम्झौता अन्त्यसमेत हुने भनी उल्लेख गरेको पाइन्छ । निवेदकले सम्झौताबमोजिमको मल आपूर्ति गर्न नसकी म्याद थपसमेत भएकोमा सो थपिएको समयभित्रसमेत यी निवेदकबाट सम्झौता अनुसारको कार्य सम्पन्न हुनसकेको देखिँदैन । यसरी, आफैँले गरेको सम्झौता अनुसारको आफ्नो दायित्व पूरा गर्न नसकेपछि यी रिट निवेदकले सम्झौता अनुसारकै कारबाही भोग्न पनि तयार नै रहनुपर्ने ।

अतः विपक्षी कृषि सामग्री कम्पनी लिमिटेडले मिति २०७८।०१।२६ च.नं. ५२४ बाट रिट निवेदक जोशी बिज हाउस प्रा.लि. लाई गरेको पत्राचार कानूनविपरीत रहेको नदेखिँदा, उक्त मिति २०७८।०१।२६ च.नं. ५२४ को पत्राचार उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेत निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल फाल्गुन १५ गते रोज २ शुभम् ।

## १९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७१-**CR**-००१९, ०७१-**CR**-०१९३, कर्तव्य ज्यान, विरे कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. कमल वि.क.समेत*

अदालतसमक्ष भएको बकपत्र हेर्दा प्रतिवादीहरू विरे कामीसमेतले लाठी दाउरासमेतले निर्घात कुटपिट गरी मेरो श्रीमान्को उपचारको क्रममा मृत्यु भएको, शरीरका विभिन्न भागमा दाउरासमेतले कुटपिट गरेको चोटपटक थियो भनी घटना विवरण कागज गर्ने विष्णुकुमारी चँदराको बकपत्र । प्रतिवादीहरूसँग मृतकको कुनै पूर्वरिसइवी थिएन । (स.ज.७) विरेसँग बाँसको लोरो थियो । (स.ज.२२) विरबहादुरले लाठीले मृतकलाई टाउकोमा हानेको देखेको हुँ (स.ज.२३ र ३२) भन्नेसमेत बेहोराको मौकामा बुझिएका राजु वि.क.ले गरेको बकपत्र । प्रतिवादी रमेशको हातमा बन्चरो र अन्य प्रतिवादीको हातमा लौरी देखेको हुँ । मृतकलाई प्रतिवादी विरेले कट्टुसको २ हात लामो दाउराले कोदो पिट्दा जसरी पिटेको म आफैँले देखेको हुँ (स.ज.३८) भन्नेसमेत बेहोराको घटनाका प्रत्यक्षदर्शी डण्डे कामीले गरेको बकपत्रमा लेखाएको देखिने ।

वस्तुतः मृतक ब्वाँसे चँदराको मृत्यु निजको टाउकोमा काठको दाउरा / लाठीजस्तो कडा वस्तुको प्रहारबाट लाग्न गएको चोटका कारण घाइते भई उपचारको क्रममा निको हुन नसकी भएको भन्ने कुरामा विवाद छैन । मृतकको टाउकोमा उक्त प्रहार पुनरावेदक प्रतिवादी विरे कामीले गरेको भन्ने पुष्टि भएको छ । निजले गरेको उक्त कार्य, कसुरको मात्रा र गम्भीरताको आधारमा कसुर गर्दाको परिस्थितिलाई समेत ध्यानमा राखी निजलाई हुनसक्ने सजाय निर्धारण गर्नु कानून र न्यायको दृष्टिकोणबाट उचित र मनासिब हुने ।

तसर्थ, पुनरावेदक प्रतिवादी विरे कामीले तत्काल उठेको रिसको आवेगमा मृतक ब्वाँसे चँदरालाई चिरेको काठको दाउरा / लाठीले अन्धाधुन्ध प्रहार गर्दा निजको टाउकोमा घाउचोट लागी घाइते भई ललितपुरको बि एण्ड बि अस्पतालमा उपचारको क्रममा उक्त घाउ निको नभई सोही कारणबाट निज ब्वाँसे चँदराको मृत्यु भएको पुष्टि हुन आएकोले निज पुनरावेदक प्रतिवादी विरे कामीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू बेलबहादुर वि.क., कमल वि.क., जसबहादुर कामी र रमेश वि.क.ले आरोपित कसुरबाट सफाइ पाउने गरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७०।०१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर गर्नुपर्नेमा बदर गरी प्रतिवादी विरे कामीलाई ऐ. महलको ५ नं.को कसुरमा ऐ. महलको ६

नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत बागलुङको मिति २०७१।०१।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी विरे कामीलाई ऐ. महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहर्छ । अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिई भएको सुरु फैसला सदर गरेको हदसम्म उक्त फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकार र अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी विरे कामीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

इजलास अधिकृत : कृति बहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २९ गते रोज १ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७७-**WO**-०१२४, उत्प्रेषणसमेत, संजयप्रसाद प्रधान वि. माछापुच्छ्रे बैंक लि, काठमाडौंसमेत*

कालो सूचीमा राख्ने कार्यले संविधान प्रदत्त हकमा आघात परेको हुँदा बदर गरिपाउँ भन्ने निवेदकको दाबी छ सो सम्बन्धमा हेर्दा निज निवेदक सञ्जयप्रसाद प्रधानको श्रीमती बिनिता प्रधानको नाममा दर्ता भएको एभ्को इन्टरनेसनल प्रा.लि. को कार्यकारी निर्देशक रही निजहरूले सोही कम्पनीको नाममा विपक्षी माछापुच्छ्रे बैक लि. बाट विभिन्न मितिमा विभिन्न रकमको ऋण लिएको देखिन्छ। विपक्षी माछापुच्छ्रे बैक लि. ले एभ्को इन्टरनेसनल प्रा.लि. तथा जमानतकर्ता सञ्जयप्रसाद प्रधानलाईसमेत कर्जा चुक्ता भुक्तान गर्नको लागि मिति २०६७/०३/२७, २०६७/०३/३०, २०६७/०४/३१, २०६७/०५/०७, २०६७/०५/१०, २०६७/०५/२७, २०६७/०७/०५, र २०६७/०७/२५ २०६७/०८/१२, २०६८/०३/३१ मा पत्राचार गरेको देखिन्छ । उल्लिखित पत्राचार गर्दासमेत ऋण रकम असुलउपर नभएपश्चात् पुन: कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा मिति २०६७/०८/११ र २०६८/०८/१४ गते ३५ दिने ऋण रकम भुक्तान गर्नका लागि सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ । यसरी पटकपटक सूचना प्रकाशित गर्दासमेत ऋणी कम्पनी, कम्पनीका सञ्चालक र जमानतकर्ताले बैंकसँग भएको ऋण तमसुक जमानतको कागजबमोजिम ऋण रकम भुक्तान गर्न तत्परता देखाएको नदेखिने ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९(१) ले नेपाल राष्ट्र बैंकलाई वाणिज्य बैंक तथा वित्तीय संस्थाको कामकारबाही नियमन गर्ने पूर्ण अधिकार प्रदान गरी सोही दफाको उपदफा (२) ले यसरी नियमन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले आवश्यक देखेको विषयमा नियम तथा विनिमय बनाउन र आवश्यक आदेश निर्देशन तथा सूचना जारी गर्न सक्ने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरी त्यस्तो नियम तथा विनियम र आदेश निर्देशन तथा सूचनाको पालना गर्नुपर्ने गरी सम्बन्धित वाणिज्य बैंक तथा वित्तीय संस्थालाई कर्तव्यसमेत तोकेको देखिन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले प्रदान गरेको अधिकार प्रयोग गरेर नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले मिति २०६७ असारमा जारी गरेको इ.प्रा.निर्देशन नं. १२।०६७ को निर्देशन जारी गरेको देखिन्छ । उल्लिखित प्रावधान अनुसार विपक्षी माछापुच्छ्रे बैंक लि.ले निवेदकलाई बारम्बार पत्राचार र सूचना गरेपछि पनि ऋण असुल नभएको अवस्थामा निवेदकलाईसमेत कालोसूचीमा राख्ने कार्यलाई कानूनविपरीतको कार्य मान्न मिल्ने अवस्था रहन नआउने।

तसर्थ यी निवेदकका श्रीमती बिनिता प्रधान संलग्न रहेको एभ्को इन्टरनेसनल प्रा.लि. ले लिएको ऋण कर्जाको सम्बन्धमा यी निवेदकले जमानत प्रदान गरेको र उक्त कम्पनीले लिएको ऋण कर्जा भुक्तान नभएपश्चात् विपक्षी बैंकले पटकपटक कर्जा भुक्तानका लागि सूचना प्रदान गर्दासमेत ऋण रकम असुल हुन नसकेबाट प्रचलित नियम कानूनबमोजिम यी निवेदकलाईसमेत कालो सूचीमा राखेको देखिँदा गैरकानूनी रूपमा मिति २०६८/०३/३२ मा सि. नं. १७०९ कालोसूची नं. ३८८१ मा कालोसूचीमा समावेश गरेको काम

कारबाहीलगायत अन्य सम्पूर्ण काम कारबाही बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गुर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : देबिमाया खतिवडा (देबिना), राधिका घोरासाइने

इति संवत् २०७९ साल ज्येष्ठ १० गते रोज ३ शुभम्।

- यसै लगाउका ०७७-**WO-**०१२५, उत्प्रेषणसमेत, ममाधवी श्रेष्ठ वि. माछापुच्छ्रे बैंक लि, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ३

### २१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०६९-**CI**-११८८, नामसारी निर्णय दर्ता बदर हक कायम दर्ता, सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत*

कृष्णदेवी र विष्णुदेवीले पेस गरेको नाता प्रमाणित पत्रमा हिरालालको एक मात्र श्रीमती पूर्णकुमारी रहेको भनी उल्लेख भएको र हुदै नभएको चिनीमायालाई जेठी श्रीमती बनाएको भन्ने पुनरावेदन जिकिर छ त्यसतर्फ हेर्दा, प्रत्यर्थीहरूले पेस गरेको माथि उल्लिखित नाता प्रमाणपत्र, सर्जमिन मुचुल्काहरूबाट हिरालालको एक छोरा कृष्णलाल र ३ छोरी रहेको भन्ने उल्लेख भएको देखिएको, हिरालालको जेठी श्रीमती चिनीमाया हुन् र निजको तर्फबाट छोरा कृष्णलालको जन्म भएको हो भनी कृष्णदेवी र विष्णुदेवीले मिति २०५८।११।२० मा दर्ता गराएको निर्णय दर्ता बदर अपुताली हक कायम मुद्दाको फिराद पत्रमा उल्लेख गरेको देखियो। चिनीमाया हिरालालको श्रीमती नभएको भन्ने जिकिर लिने वादीले कृष्णलाल हिरालाल र चिनीमायाको छोरा नभए कस्को छोरा हो त्यस सम्बन्धमा प्रमाणहरू पेस गरी पुष्टि गर्न सक्नुपर्नेमा सो केही नगरी मौखिक जिकिर लिनु मात्र पर्याप्त हुने देखिँदैन। वादीले कृष्णलालको अस्तित्व देखाउन नसकेको अवस्थामा प्रत्यर्थी प्रतिवादीहरूले साधिकार निकायबाट प्रमाणित गराइएको नाता प्रमाणित पत्र, सर्जमिन मुचुल्का र सिफारिसलगायतको प्रमाणहरू तथा उल्लेख गरेको नाता पुस्तावारीलाई अन्यथा हो भन्न मिल्ने देखिएन। यसप्रकार चिनीमायाको नाम नाता प्रमाणपत्रमा उल्लेख नहुँदैमा चिनीमाया हिरालालको श्रीमती होइनन् भनी अर्थ गर्न मनासिब हुँदैन। यसरी प्रत्यर्थीहरूले पेस गरेको प्रमाणहरूबाट हुँदै नभएका व्यक्तिहरूले गलत बेहोराको सिफारिस र नाता प्रमाणपत्र बनाई नामसारी गराइलिएको भनी पुनरावेदकले लिएको जिकिर मनासिब नदेखिने।

हिरालालको छोरा कृष्णलाल भएको र छोरी मृतक लक्ष्मी कायस्थ भएकोमा मृतक लक्ष्मी कायस्थको अपुताली हक पुनरावेदक वादीले पाउन सक्ने हो वा होइन ? भन्नेतर्फ विचार गर्दा, तत्काल बहाल रहेको मुलुकी ऐन, अपुतालीको महलको १ नं.लाई हेर्दा "हकवाला भनेको सम्बन्धित व्यक्तिको सात पुस्तासम्मको सबैभन्दा नजिकको अंशियार हुन्छ। सात पुस्ता नाघेको टाढाको नातेदार हुन्छ" भन्ने व्यवस्था रहेको देखिन्छ भने अपुतालीको २ नं. मा "अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन। मर्नेको छोरा नभई विधवा बुहारी भएमा निजले छोरासरह अपुताली पाउँछे। त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरू पनि नभए त्यस्तो अपुताली ऐनबमोजिमको हकवालाले पाउँछन्" भन्ने व्यवस्था रहेको पाइन्छ। अपुतालीको ३ नं. मा "भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराका छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी वा छोरी ज्वाइँ वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिता छोरीले स्याहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा , सासू, ससुरा वा बाजे, बज्यैको अपुताली पाल्ने विवाहिता छोरी, छोरी-ज्वाइँ वा नाति नातिनाले पाउँछन्। अरू हकवालाले पाउँदैनन्"

भनी अपुताली पाउनेको प्राथमिकता निर्धारण गरेको पाइने।

तसर्थ, मृतक लक्ष्मी कायस्थको सम्पत्तिमा पुनरावेदक वादीको हक स्थापित हुन सक्ने अवस्था नहुँदा मिति २०५८।८।१३ को नामसारी निर्णय दर्ता बदर गरी आफ्नो नाममा हक कायम दर्ता गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।१५ को फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६८।१।८ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर २० गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-**CI**-११८९, लिखत बदर मुद्दाको मिलापत्र बदर, सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत
- ०६९-**CI**-११९०, जालसाजी मुद्दाको मिलापत्र दर्ता बदर, सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत
- ०६९-**CI**-११९१, जालसाजी मुद्दा मिलापत्र बदर, सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत
- ०६९-**CI**-११९२, निर्णय दर्ता बदर मुद्दाको मिलापत्र दर्ता बदर, सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत

२२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७५-CR-०९६८, कर्तव्य ज्यान र बोक्सीको आरोप, नेपाल सरकार वि. विसुनदेव महतो थारूसमेत*

यस अदालतको आदेशबमोजिम मुद्दामा हाजिर भई संलग्न हुन आएका प्रतिवादी विसुनदेव महतो र धुरूप महतोको हकमा हेर्दा मृतकलाई बोक्सी घोषित गरी घरबाट निकाला गर्ने कार्यको हकसम्ममा यी प्रतिवादीहरू सरिक रहेको देखिएको, कुटपिट गर्नमा यी प्रतिवादीको संलग्नता नरहेको भन्ने निजहरूको अनुसन्धानको बयानबाट देखिन आउँछ। जाहेरवालाले दिएको जाहेरीमा र प्र.ना.नि. गोपाल बहादुर थामीले दिएको प्रतिवेदनमा समेत यी प्रतिवादीहरूको नाम उल्लेख भएको पाइँदैन । अन्य प्रतिवादीहरूले समेत मृतकलाई कुटपिट गर्नमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी स्पष्ट रूपमा भन्न सकेको अवस्था नहुँदा विश्वसनीय र भरपर्दो प्रमाणको अभावमा केवल शंका र अनुमानको आधारमा मात्र मृतकलाई कुटपिट गर्नमा यी प्रतिवादीको समेत संलग्नता रहेको भनी मान्न नसकिने हुँदा यी प्रतिवादीहरूको हकमा वादी नेपाल सरकारले लिएको अभियोग मागदाबी तथा पुनरावेदन जिकिरसमेत पुग्न सक्दैन तर निजहरू मृतकलाई बोक्सी घोषणा गर्ने पञ्चायतीमा सरिक भई मृतकलाई बोक्सी घोषणा गर्ने कार्यमा संलग्न रहेकोसम्म देखिँदा मुलुकी ऐन, अदलको महलको १०ख नं. बमोजिम जनही २(दुई) वर्ष कैद हुने ठहर्छ भनी भएको फैसला कानूनसम्मत नै देखिने।

प्रतिवादी लोहा सिंह थारूको हकमा विचार गर्दा, जाहेरी दरखास्त तथा प्रहरी प्रतिवेदन दुवैमा यी प्रतिवादीको नाम समावेश भएको पाइँदैन । त्यसैगरी मौकामा तत्काल पक्राउ पर्ने प्रतिवादी पासवतीदेवी थारूनीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा समेत कुटपिट गर्ने वा गाउँ निकाला गर्ने पञ्चायती भेलामा यी प्रतिवादी संलग्न रहेको भनी पोल गरेको पनि देखिँदैन। निजको नाम, निजका बाबुको नाम र निजको उमेरसमेतमा मिसिलमा स्पष्टता रहेको खुल्न आउँदैन। यसरी यी प्रतिवादी विरूद्ध कसुर कायम गर्न विश्वासिलो प्रमाण पेस हुन सकेको देखिँदैन । प्रतिवादीको नाम कहीँ लोदर सिंह, कहीँ लोहर सिंह र कहीँ लोहा सिंह उल्लेख भएको देखिएको, वादी नेपाल सरकारले पेस गरेको अभियोग पत्रमा प्रतिवादीलाई भाली राय यादबको छोरा वर्ष ५० को लोहा सिंह थारू भनी उल्लेख भएको देखिएको, निजले पेस गरेको निजको नामको नागरिकताको प्रमाण पत्रमा बाबुको नाम हेमकुमार राउत

र निजको जन्ममिति २०४३।१।१० उल्लेख भएको देखिएबाट निजको उमेरसमेत फरक परेको अवस्थामा र निजले कसुरमा इन्कार गरी बयान गरेकोसमेतका आधार कारणबाट यी प्रतिवादीको कसुरमा संलग्नता रहेको नदेखिएको भनी निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत जनकपुर वीरगन्ज इजलासको फैसला मिलेकै देखिने।

तसर्थ, प्रतिवादीमध्येका जगदीश महतो थारूको मिति २०७३।४।२४ गते मृत्यु भएको भन्ने देखिँदा निजलाई अब खतबात लाग्ने देखिएन । प्रतिवादीमध्येका धनराज भन्ने धर्मराज महतो थारू र कारी खाँ थारूको हकमा उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको मिति २०७५।३।२७ को फैसला निजहरूको हकमा केही उल्टी भई निजहरू दुवै जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ (तीन) वर्ष कैद तथा मुलुकी ऐन, अदलको महलको १०ख.नं. बमोजिम जनही थप २(दुई) वर्ष कैद सजायसमेत हुने ठहर्छ । प्रतिवादीमध्येकी पासपतिदेवी थरूनी र अनिल राउत थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३)नं. बमोजिम जन्मकैदको सजाय हुने र अदलको महलको १०ख. नं. बमोजिम जनही थप २(दुई) वर्ष कैद सजायसमेत हुने ठहऱ्याएको फैसलालगायत अन्य प्रतिवादीहरूका सम्बन्धमा उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।३।२७ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम्।

## २३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना**, *०७८-**WH**-०१८२, बन्दीप्रत्यक्षीकरण, पासपतिदेवी थरूनी वि. श्री पर्सा जिल्ला अदालत तहसिल शाखा, पर्सा, वीरगन्जसमेत*

रिट निवेदक पासपतिदेवी थरूनीसमेतउपर चलेको कर्तव्य ज्यान र बोक्सीको आरोप मुद्दामा पर्सा जिल्ला अदालतले मिति २०७२/४/१७ मा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. र अदलको महलको १०ख. नं.बमोजिम क्रमशः सर्वस्वसहित जन्मकैद र थप २ (दुई) वर्ष कैद गरी जम्मा २२ वर्ष कैद सजाय हुने ठहर गरी पर्सा जिल्ला अदालतबाट फैसला भएको पाइयो । सो फैसलाउपर यी निवेदक प्रतिवादीको पुनरावेदन परी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।३।२७ मा उक्त फैसला नै सदर भएको देखिन्छ । सो मुद्दामा निवेदक / प्रतिवादी पासपतिदेवी थरूनी २०७०/४/३२ देखि हालसम्म थुनामा रहको देखिएको छ । उक्त मुद्दामा निज निवेदकले मौका तथा अदालतमा बयान गर्दा आफ्नो उमेर ५० वर्ष भएको भनी उल्लेख गरेको तथा पछि मिति २०७६।९।११ मा निवेदक थुनामा रहेकै अवस्थामा बनाएको नागरिकतामा जन्ममिति २००१।२।१५ भनी बढी उमेर लेखाएको पाइयो । निज निवेदकले आफू कारागारमा बसेकै बेला बनाएको नागरिकतामा उल्लेख गरिएको जन्ममिति २००१।२।१५ अनुसार निजको हालको उमेर झण्डै ७८ वर्षको भई ज्येष्ठ नागरिक भएकोले ज्येष्ठ नागरिक ऐनले दिएको सुविधा माग गरेर प्रस्तुत निवेदन दिएको देखिन्छ । रिट निवेदकलाई तह-तहको अदालतबाट भएको फैसलाबमोजिम ठेकिएको कैद भुक्तान गर्न कारागारमा थुनामा राखिएकोमा विवाद नदेखिने।

ज्येष्ठ नागरिकले प्राप्त गर्ने सुविधा सम्बन्धमा हेर्दा, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी देहायबमोजिमको कैद छुट दिन सकिने छ । (क) पैँसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म, (ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म, (ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई

पचहत्तर प्रतिशतसम्म भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन अनुसारको सुविधा पाउने निश्चित कार्यविधि र तरिका पनि सोही ऐनमा तोकेको पाइने।

तसर्थ, निवेदकसमेत प्रतिवादी भएको कर्तव्य ज्यान र बोक्सीको आरोप मुद्दामा तह-तह अदालतबाट फैसला भई सोही फैसलाको आधारमा निवेदक थुनामा रहेको देखिएको र सो मुद्दा आज यसै इजलासबाट उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट पेस भएको फैसला साधक सदर भई टुङ्गिएकोले निजको थुना गैरकानूनी नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम्।

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७५-**RB**-०५९५, बैंकिङ कसुर, राजु थापा वि. नेपाल सरकार*

प्रतिवादी राजु थापाले दिएको चेक सटहीका लागि हिमालयन बैंक लिमिटेडसमक्ष जाहेरवालाले पेस गर्दा खातामा रकम पर्याप्त नरहेको कारण चेक फिर्ता भएको अभियोगपत्रसाथ संलग्न चेक र हिमालयन बैंक लिमिटेडको चेक नं. २४०५५१९८ को हकमा मिति २०७४।१०।१५ को र चेक नं. २४०५५१९९ र २४०५५२०० को हकमा मिति २०७४।१०।२१ को पत्रबाट समेत पाइयो । आफ्नो खातामा पर्याप्त रकम नभएको जानी जानी चेक काटिदिन नहुने भन्ने व्यवस्था बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले गरेको देखिन्छ । प्रतिवादीले हिमालयन बैंक लि. मा रहेको ०१९०६९४२१७००१७ नं को खातामा मौज्दात रकम नभएको जानी जानी जाहेरवालालाई चेक काटिदिएको कुरा जाहेरी दरखास्त, प्रतिवादीको अनुसन्धानको क्रममा तथा अदालतसमक्ष भएको बयान, मौकामा सङ्कलित घटना विवरण कागजको बेहोरा, मिसिल संलग्न सटही हुन नसकी फिर्ता भएको चेक, बैंकले लेखिदिएको पत्र र जाहेरवालाले अदालतमा गरेको बकपत्रलगायतका प्रमाणबाट पुष्टि भइरहेको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) ले निषेध गरेको कार्य गरेको पुष्टि हुन आउने।

तसर्थ, जाहेरी बेहोरा, प्रतिवादीको अनुसन्धान तथा अदालतसमक्ष भएको बयान, मिसिल संलग्न चेक, हिमालयन बैंक लिमिटेडको पत्र, घटना विवरण कागज, जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादी राजु थापाले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिम कसुर गरेको देखिँदा प्रतिवादी राजु थापालाई सोही ऐनको दफा १५(१) बमोजिम बिगो रू.१५,००,०००।- (पन्ध्र लाख रूपियाँ) कायम गरी प्रतिवादीबाट जाहेरवालालाई बिगो भराइ बिगोबमोजिम रू.१५,००,०००/- (पन्ध्र लाख रूपियाँ) जरिवाना र दिन १०(दश) कैद हुने ठहरी भएको उच्च अदालत पाटन, वाणिज्य इजलासको मिति २०७४।१२।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शम्भुप्रसाद रेग्मी

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल असोज २५ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७५-**RB**-०७१४, बैंकिङ कसुर, कृष्णकुमार दानुकोटी वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०८०-WH-००६६, बन्दीप्रत्यक्षीकरण, शिवजी महतो कम्कर वि. पर्सा जिल्ला अदालत*

प्र.ना.नि.गोपालबहादुर थामीको प्रतिवेदनले वादी नेपाल सरकार तथा प्रतिवादी रिट निवेदक शिवजी महतो कम्करसमेत जना-३ भएको ०७२-**CR**-००७६ को लागु औषध (चरेश) मुद्दामा पर्सा जिल्ला अदालतको मिति २०७३/१/२९ को फैसलाले निवेदक प्रतिवादी शिवजी महतो कम्मरलाई १ वर्ष कैद र रू.१०,०००।-

जरिवानाको सजाय हुने ठहर भई फैसला भएकोमा उक्त मुद्दामा निवेदक प्रतिवादीले पुनरावेदन नगरी उक्त मुद्दा अन्तिम भएको र उक्त तथ्यलाई रिट निवेदकले स्वीकार गरेको पाइयो । उक्त मुद्दामा निवेदक प्रतिवादी मिति २०७१/४/१३ गते पक्राउ परी मिति २०७१/७/४ को आदेशानुसार रू.१५,०००।- धरौटी बुझाई तारेखमा रहेको कारणले फैसलाअनुसार निजलाई लागेको जरिवानाको रकम निजले राखेको धरौटीबाट असुल भइसकेकोले निजबाट असुल हुन बाँकी कैद ९ महिना ९ दिन असुल गर्ने प्रयोजनका लागि पर्सा जिल्ला अदालतको च.नं. ४९३२ मिति २०८०/३/१३ को कैदी पुर्जीबमोजिम मिति २०८०/१२/२२ सम्मका लागि निवेदक प्रतिवादीलाई कारागार कार्यालय, डिल्लीबजारमा कैदमा राखेको देखियो । रिट निवेदक प्रतिवादी पक्राउ परेको जानकारी इलाका प्रहरी कार्यालय, पोखरिया, पर्साको पत्र अनुसार मिति २०७४।०८।२५ गते फैसलाको प्रतिलिपि सोही समयमा पठाएको देखिएबाट पर्सा जिल्ला अदालतलाई रिट निवेदकको कैद बाँकी रहेको कुरा जानकारी भएकै देखिने।

यसैबिचमा आशा भट्टचन गौचनको जाहेरीले वादी नेपाल सरकार तथा प्रतिवादी निवेदक शिवजी महतो कम्करसमेत भएको ०७४-**CR**-०८३७ को कर्तव्य ज्यान मुद्दामा निवेदक शिवजी महतो कम्कर मिति २०७४/७/२७ मा पक्राउ परी मिति २०७४/१०/९ को थुनछेक आदेशानुसार निज उक्त मुद्दा पुर्पक्षको लागि थुनामा रहेकोमा मुद्दा फैसला हुँदाको दिन मिति २०८०/३/१२ सम्म थुनामा रहेकोमा उक्त मुद्दा फैसला हुँदा निजले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएको देखियो । उक्त मुद्दामा पुर्पक्षको क्रममा निवेदक प्रतिवादी पर्सा जिल्ला अदालतबाट लागु औषध मुद्दाको फैसला भएको करिब सात वर्षपछि निज रिट निवेदक ५ वर्ष ७ महिना १५ दिन थुनामा बसिसकेपछि सफाइ पाएको देखिने।

तसर्थ निवेदक प्रतिवादीलाई निवेदक अदालतकै आदेशमा थुनामा रहिरहेको अवस्थामा पछिल्लो मुद्दाबाट सफाइ पाउने गरी फैसला भएकोमा पहिले भएको कैदभन्दा बढी समय थुनामा बसिसकेको अवस्थामा सो मुद्दाबाट छुटी जाने भएपछि लागु हुने गरी मिति २०८०।०३।१३ गते पर्सा जिल्ला अदालतबाट जारी भएको कैदीपुर्जी जारी गर्ने कार्य संविधानसम्मत नदेखिएको हुँदा उक्त कैदीपुर्जी उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) बमोजिम निवेदकलाई प्रस्तुत मुद्दाको रोहबाट तत्काल थुनामुक्त गर्नु गराउनु भनी विपक्षी पर्सा जिल्ला अदालतको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने । निवेदकलाई प्रस्तुत मुद्दाको रोहबाट तत्काल थुनामुक्त गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने गरी संक्षिप्त आदेश भइसकेकोले थप केही गरिरहनु नपर्ने।

इजलास अधिकृत : खुमप्रसाद भण्डारी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल भदौ २५ गते रोज २ शुभम्।

## २६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७५-**CR**-१४०३, मानव बेचबिखन तथा ओसार पसार, नेपाल सरकार वि. प्रकाश परियारसमेत*

प्रतिवादी मीनबहादुर परियार र पीडिता परिवर्तित नाम (वीरगन्ज ङ) लाई मिति २०७३।७।१ गते जिल्ला पर्सा, वीरगन्ज वार्ड नं. १८ स्थित सडकमा शंकास्पद अवस्थामा देखी सोधपुछ गर्दा पुरूषले हामी श्रीमान् श्रीमती हौँ, भनी बताएको र महिलाले दाजु बहिनी हौँ म दाजुसँग भारतको दिल्लीबाट कुवेत जान लागेको भनी बताएकीले शङ्का लागी प्रहरी घटनास्थलतर्फ आउन लाग्दा प्रतिवादी मीन बहादुर परियार भागेको भन्नेसमेत बेहोराको साना हात नेपाल नामक संस्थाको पत्र र स्वयं पीडित परिवर्तित नाम वीरगन्ज ड ले दिएको जाहेरीका आधारमा प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिने।

पीडित वीरगन्ज ड लाई वीरगन्जस्थित वडा नं. १८ स्थित सडकबाट उद्धार गरिएको पत्रको

बेहोरा र सोही बेहोराको पीडितको जाहेरी एवं बयानमा प्रतिवादीले भारतको वेश्यालयमा बिक्री गर्न लगेकोमा शङ्का लागेको भन्ने देखिन्छ भने मौकामा कागज गर्ने रिता थापाले गरेको बकपत्रको बेहोराले पनि पीडितलाई भारतको वेश्यालयमा बिक्री गरिसकेको नभई बिक्री गर्न लादै गरेको भन्नेसम्मको अवस्था देखिन्छ । प्रतिवादी मीनबहादुर परियार र पीडिता सँगै रहेको अवस्थाले मात्र भारतको वेश्यालयमा बिक्री गर्न लगेको भन्ने देखिँदैन भने बेचबिखनको कार्य सम्पन्नसमेत भई नसकेको अवस्था देखिन्छ । सो कार्य गर्न यी प्रतिवादीहरूले सिलसिला मिलाउँदै गर्दाको अवस्थामा पीडित वीरगन्ज ड को उद्दार भएको र प्रतिवादीहरू पक्राउ परेको पाइने ।

तसर्थ, प्रतिवादीहरू मीनबहादुर परियार र प्रकाश परियारलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) को (क) (ख) को कसुर अपराधमा सोही ऐनको दफा १५(१) को देहाय (ङ) (१) बमोजिम १० (दश) वर्ष कैद र जनही रू. ५०,०००।– जरिवाना हुने ठहरी भएको सुरू पर्सा जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादीहरू मीनबहादुर परियार र प्रकाश परियारलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) अन्तर्गतको कसुर अपराधको उद्योगमा सोही ऐनको दफा १५(१) को (ङ)(१) बमोजिम हुने कैद सजायको आधी ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम प्रतिवादी प्रकाश परियार र मीनबहादुर परियारलाई जनही ५(पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, वीरगन्ज इजलासको मिति २०७५।५।३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शम्भुप्रसाद रेग्मी

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल असोज २५ गते रोज ५ शुभम् ।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-**WO**-०३६८, उत्प्रेषणसमेत, रामेश्वर रिमालसमेत वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

प्रत्यर्थी वसन्त थापासमेतले ०७६-**C**४-००५३ को जालसाजीसमेतका मुद्दा भक्तपुर जिल्ला अदालतमा दायर गर्दा बिक्रेता इन्द्रबहादुर थापा र क्रेता सम्भाव्यता डेभलपर्स प्रा.लि. भई भक्तपुर जिल्ला चाँगुनारायण गा.वि.स. वडा नं. ५(क) को कि.नं. २२७, २९३ र २२५ का जग्गाहरू मिति २०६५।१२।०५ मा र.नं. ३८६५(ङ) बाट लिनुदिनु गरेको, मिति २०६६।१०।११ मा सम्भाव्यता डेभलपर्स प्रा.लि.ले र.नं. ३१०८(ङ) बाट रामेश्वर रिमालका नाममा रा.पा. गरिदिएको र पुनः मिति २०६६।१०।१९ मा र.नं. ३७२१(ङ) बाट दाता रामेश्वर रिमालले क्रेता गोमादेवी खड्काका नाममा राजीनामा लिखत पारित गरी हकहस्तान्तरण गरेको कुरा मिति २०७६।०३।०४ मा नक्कल सारी थाहा पाएको भन्ने झुठा बेहोरा उल्लेख गरी साबिक मुलुकी ऐन, किर्ते कागजको १८ नं. र मुलुकी अपराध संहिता, २०७४ को दफा २८३ को हदम्याद ६ महिनाभित्रै भएको भनी जालसाजी र लिखत बदरमा गरेको फिराद हदम्यादभित्र छैन । उक्त हदम्यादविहीन फिराद खारेज गरिपाउँ भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३१(ख) को जिकिर लिई प्रतिउत्तर गरेकोमा भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।०९।१३ मा प्रारम्भिक सुनुवाइ हुँदा र.नं. ३७२१(ङ) मिति २०६६।१०।१९ को राजीनामाको लिखत सम्बन्धमा मिति २०७६।३।४ अघि नै थाहा जानकारी प्राप्त गरेको भन्ने नदेखिएको र सो तथ्यलाई प्रतिवादीले अन्यथा भन्न नसकेको भन्ने आधार लिई मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा ४७३ को व्यवस्थाको गम्भीर त्रुटि गरी हदम्याद छ भनी ०७६-**C**४-००५३ को जालसाजी मुद्दामा गरेको आदेश र सोही आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७९।५।३० को आदेश कानूनप्रतिकूल भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन जिकिर रहेको देखिने ।

प्रतिवादीले ०७६-**C**४-००५३ को जालसाजी मुद्दामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा

१३१(ख) बमोजिम लिएको जिकिरका सन्दर्भमा भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।९।१३ मा "यसै लगाउको ०७६-C४-००५२ को जालसाजी मुद्दामा विवेचित आधारमा प्रस्तुत मुद्दालाई हदम्यादविहीन मान्न मिलेन, बाँकी कारबाहीकानिमित्त नियमानुसार पेस गर्नु" भनी भएको आदेश उच्च अदालत पाटनबाट समेत मिति २०७९।५।३० मा सदर भएकोले मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा ४७३ को व्यवस्थाको गम्भीर त्रुटि गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३३ अनुसार फिराद खारेज नगरेको भनी हदम्यादसम्बन्धी प्रश्न उठाई मुद्दाको सुनुवाइ प्रक्रिया रोक्ने गरी अन्तरिम आदेशसमेतको माग गरी निवेदक प्रतिवादीले प्रस्तुत रिट निवेदन गरेको पाइने।

लगाउमा रहेको यिनै निवेदक रामेश्वर रिमालसमेत र प्रत्यर्थी वसन्त थापासमेत भएको यसै विवादको विषयसँग सम्बन्धित ०७९-**WO**-०३६९ को उत्प्रेषणसमेत मुद्दामा आज यसै इजलासबाट आदेश (फैसला) हुँदा निवेदनमा उठाइएको विषय नियमित अदालतमा दायर भई न्यायिक प्रक्रियामा रहेको र सोही न्यायिक प्रक्रियाका सन्दर्भमा उक्त विवादको कानूनबमोजिम निरूपण हुने नै भएको तथा यस्तो प्रकृतिको विवादलाई रिट क्षेत्राधिकारबाट हेरिनु रिट कानूनकै मान्यताविपरीत हुन जाने भनी उक्त ०७९-**WO**-०३६९ को रिट खारेज हुने ठहरेकोले सोही रिट निवेदनमा विवेचित बुँदा प्रमाणको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय / भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल फागुन १५ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७९-**WO**-०३६९, उत्प्रेषण, रामेश्वर रिमालसमेत वि. उच्च अदालत पाटन, ललितपुरसमेत
- ०७९-**WO**-०३७०, उत्प्रेषणसमेत, रामेश्वर रिमालसमेत वि. उच्च अदालत पाटन, ललितपुरसमेत

## इजलास नं. ४

### २८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुङ्गाना**, *०७९-**WH**-०१०७, बन्दीप्रत्यक्षीकरण, नवलकिशोर साह वि. मकवानपुर जिल्ला अदालतसमेत*

परिवर्तित नाम ३१ (पालुङ्ग) (०७९/०८-ञ) ले मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को उपदफा (१) को देहाय (ङ)बमोजिमको कसुर गरेको कुरामा साबित भई मौकामा र अदालत दुवै स्थानमा बयान गरेको देखिएको छ। उक्त कसुर गरेको खण्डमा उमेर पुगेको व्यक्तिलाई दुई वर्षदेखि सात वर्षसम्म कैद र बिस हजार रूपियाँदेखि सत्तरी हजार रूपियाँसम्म जरिवाना सजाय हुनसक्ने देखिन्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) मा "चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने छ" भन्दै कानूनको विवादमा परेका बालबालिकाको हकमा सजायमा छुट हुने व्यवस्था गरेको पाइन्छ। त्यसैगरी बालवालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) मा तीन वर्षभन्दा बढी कैदको सजाय हुने अवस्थाको बालबालिका नभनी "तीन वर्ष वा सोभन्दा बढी कैद गर्नुपर्ने कसुरजन्य कार्यको अभियोग लागेका बालबालिका" भन्ने शब्दावली प्रयोग भएको छ। बालबालिकाले जघन्य, गम्भिर वा सामान्यमध्ये कुन कसुर गरेको छ भन्ने कुरा अमुक अदालतले तोकेको वास्तविक सजायको आधारमा गरिने नभई कसुरको प्रकृति र कसुरदारलाई सोही कसुरमा तोकिएको कैदको दायरा (**Range**) को आधारमा गरिने वर्गीकरण हो। तर सजाय भने व्यक्तिगत परिस्थिति र सहभागिता, उस्को

उमेरसमेतको आधारमा गरिने सजाय हो भन्ने देखिने।

अब, जहाँसम्म प्रस्तुत विवादको प्रश्न छ, यहाँ यी निवेदकउपर चोरी गरेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(१)बमोजिम अभियोग दाबी लिई मुद्दा परेको देखिन्छ । कसुरको प्रकृति र सजायको हिसावबाट हेर्दा यो गम्भीर प्रकृतिको कसुर हो भन्नेमा विवाद भएन । यस्तो कसुरमा बालबालिकाको हकमा निजको उमेर, सहभागिता आदिलाई हेरी के कति सजाय गर्ने हो भनी अदालतले निर्क्योल गर्ने हो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (२) (ख) अनुसार तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा पुर्पक्षको लागि सुधार गृहमा राख्न सकिने हुन्छ । यदि सम्बन्धित बालबालिकाको व्यक्तिगत परिस्थिति हेरेर ऐ. को दफा २४(३) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाबमोजिम गर्ने हो भने पनि सोबमोजिमको अवस्था छ वा छैन भन्ने कुरा सम्बन्धित जिल्ला अदालतको बाल इजलासले मुद्दाको रोहमा हेरी सुधार गृहमा राख्ने वा नराख्ने कुराको आदेश गर्ने हो । यो उसको न्यायिक स्वायत्तताको विषय हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन वा पुनरावेदन हेरेजस्तो गरी बन्दीप्रत्यक्षीकरणको रिटबाट हस्तक्षेप गर्ने विषय नहुने।

तसर्थ, मकवानपुर जिल्ला अदालतबाट परिवर्तित नाम ३१ (पालुङ्ग) (०७९/०८०-ञ) लाई मुद्दा पुर्पक्षको क्रममा आधार कारणसमेत खुलाई पछि ठहरेबमोजिम हुने गरी तत्काल प्राप्त प्रमाणको आधारमा बाल सुधार गृहमा राख्न पठाउने गरी मिति २०७९/७/१४ मा आदेश भएको र हाल उक्त मुद्दाको फैसला भई स्थिति परिवर्तनसमेत भएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कर्णबहादुर राई

इति संवत् २०७९ साल चैत्र १० गते रोज ६ शुभम्।

## २९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना**, *०७९-**WH**-०१३३, बन्दीप्रत्यक्षीकरण, अमोद बस्नेत वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

रिट निवेदक अमोद बस्नेतले कन्ट्री फुड्स प्रा.लि. सँग व्यापार व्यवसाय गर्नको लागि रमेश प्रजापति भन्ने व्यक्तिबाट रू.८,५०,०००।– रकम लगेकोमा निज रमेश प्रजापतिले रकम फिर्ता माग्दा एन.आई.सी. एसिया बैंक लिमिटेड, बत्तिसपुतली शाखाको खाताबाट मिति २०७७।०४।३० र मिति २०७७।०६।२५ मा रू.८,५०,०००।– को २ थान चेक काटिदिएकोमा भुक्तानीको लागि बैंकमा जादाँ पटकपटक गरी तीन पटकसम्म चेक बाउन्स भएको जानकारी निवेदकलाई गराउँदा निज सम्पर्कमा नरही फरार रहेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने रमेश प्रजापतीको महानगरीय प्रहरी परिसर, टेकुसमक्ष जाहेरी दरखास्त परेको र निजउपर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐ.को दफा १५(१) बमोजिम बिगो रू.८,५०,०००।– कायम गरी बिगोबमोजिम सजायको मागदाबी लिई उच्च अदालत पाटनसमक्ष अभियोगपत्र दायर भएको देखियो। उच्च अदालत पाटनबाट अभियोग दाबीबमोजिम चेकमा उल्लिखित रकम रू.८,५०,०००।– (आठ लाख पचास हजार) बिगो कायम भई जाहेरवालालाई निवेदक प्रतिवादी अमोद बस्नेतबाट बिगो भराइ बिगोबमोजिम जरिवाना र ३ दिन कैद हुने, साथै प्रतिवादीलाई जरिवाना भएको रकमको चार प्रतिशतले हुन आउने रकम रू.३४,०००।– (चौँतिस हजार रूपियाँ) क्षतिपूर्ति शुल्कबापत बुझाउनुपर्ने गरी मिति २०७९।०९।११ मा फैसला भएको पाइन्छ । उक्त फैसलापश्चात् फैसला कार्यान्वयनको सन्दर्भमा काठमाडौं जिल्ला अदालत, तहसिल शाखाबाट मिति २०७९।०९।२६ को आदेशले यी निवेदकलाई थुनामा राख्न पठाएको देखिने।

निवेदकले एन.आई.सी. एसिया बैंकमा खाता खोल्दा व्यक्तिगत खाता खोल्ने फाराममा हाल आफू बस्ने

ठेगाना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ गौशाला, काठमाडौं डेरा गरी बस्ने भनी स्पष्ट उल्लेख गरेको र उक्त व्यक्तिगत खाता खोल्ने फाराम अभियोग पत्रसाथ संलग्न रहेकोसमेत देखिन्छ । तर सम्बन्धित निकायले निवेदक बस्ने हालको उल्लिखित ठेगानामा म्याद तामेल नगरी साबिकको ठेगानामा तामेल गरेको र राष्ट्रिय दैनिक पत्रिकामा निज निवेदकको नाउँमा दुई पटकसम्म म्याद सूचना प्रकाशित हुँदासमेत गलत ठेगाना उल्लेख गरी प्रकाशन गरेको देखिने ।

तसर्थ, यी निवेदक विरूद्ध परेको मुद्दा नं. ०७७-**CB-**१६०६ को बैंकिङ कसुर मुद्दा निजको प्रतिरक्षाविना प्राकृतिक सुनुवाइको सिद्धान्तविपरीत उच्च अदालत पाटनबाट मिति २०७९।०९।११ मा भएको फैसला कानूनबमोजिम भए गरेको नदेखिँदा उक्त फैसलालगायत निजलाई फैसला कार्यान्वयनको सिलसिलामा कैदमा राख्न पठाएको मिति २०७९।०९।२६ को च.नं. १३१२ को काठमाडौं जिल्ला अदालतको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, निज निवेदकलाई उच्च अदालत पाटनमा उपस्थित गराई अड्डाकै रोहबरमा म्याद बुझाई कानूनबमोजिम जे जो गर्नुपर्छ गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी गरिदिएको छ । निज निवेदक विरूद्ध कानूनबमोजिम अदालतसमक्ष अभियोग पत्र दायर भई भएको फैसलाबमोजिम थुनामा रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल माघ २९ गते रोज १ शुभम् ।

### ३०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७५-**CI**-०७९१, निषेधाज्ञा, मोहन ढकाल वि. नेपाल विद्युत् प्राधिकरण, जनकपुरसमेत*

जिल्ला महोत्तरी, भङ्गाहा नगरपालिका वडा नं.५ को वडाप्रमुखसमक्ष २०७४।०८।०४ गते, दर्ता नं.१२७ को निवेदनमा उक्त वडामा सिचाइ गर्नको लागि विद्युत्को माग गरी ऐ. वडाका जनताहरूले निवेदन पेस गरेको देखिन्छ । त्यसैगरी, मिसिल संलग्न कागज प्रमाणबाट भङ्गाहा नगरपालिकाको कार्यालयले मिति २०७४।९।७, च.नं.१५४ को पत्रबाट पोल र तार उपलब्ध गराइदिन नेपाल विद्युत् प्राधिकरण, गौशाला वितरण केन्द्रलाई माग पेस गरेको देखिन्छ । मूलभूत रूपमा अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा तत्काल हुन गइरहेको वा भइरहेको काम कारोबारबाट कुनै पनि व्यक्तिको कानूनी हकमा आघात पर्न जाने स्थितिको आशंकाको विद्यमानतालाई नै हेर्ने हो । कुनै कार्य तत्कालै रोक्नु वा नरोक्नु भनी जारी हुन सक्ने आदेश नै निषेधाज्ञाको प्रकृति हो । नागरिकको हक अधिकारको प्रयोग गर्न वा नगर्न तत्कालै कुनै कार्यलाई निषेध गर्न यसको प्रयोग हुने हुन्छ । मिसिल संलग्न भङ्गाहा नगरपालिकाको पत्रलगायतका प्रमाण कागजातहरूबाट निवेदकले निषेधाज्ञा जारी गरिपाउन माग गरेको विषयमा कार्य सम्पन्न भएको अवस्था देखिने ।

तसर्थ, विपक्षी नेपाल विद्युत् प्राधिकरणले ४०० भोल्टेजको **LT** लाइनको लागि पोल गाडी तार तान्ने कार्य सम्पन्न भइसकेको देखिएकाले निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेन भनी निषेधाज्ञाको निवेदन खारेज हुने ठहर्‍याएको उच्च अदालत, जनकपुरबाट भएको मिति २०७५।३।२६ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : पुष्कल राज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम् ।

### ३१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-**CI**-०८००, करार भङ्ग गर्ने विपक्षीहरूबाट क्षतिपूर्तिको रकम दिलाइपाऊँ, प्रेमप्रकाश हमालसमेत वि. पृथ्वीप्रसाद रोका*

वादी र प्रतिवादीहरूबिच जलजला बहुमुखी क्याम्पस (प्रथम पक्ष) र पृथ्वीप्रसाद रोका (द्वितीय पक्ष) भई मिति २०६६/०३/१५ मा जलजला बहुमुखी क्याम्पसको भवन निर्माण रू.५४,०००००।-

को लागतमा सम्पन्न गर्ने गरी करार भएको, उक्त करारबमोजिम वादीले रू.२०,००,०००।– (बिस लाख) मोबिलाइजेसनबापत बुझी लिई निर्माण कार्य गरिरहेको अवस्थामा प्रतिवादीहरूको मिति २०६६।०८।१५ को पत्रले रोकिएको र परिणामतः करार भङ्ग भएकोमा विवाद देखिएन । निर्माणसम्बन्धी कार्य रोकिनुपूर्व बादीबाट करार विपरीत यो यस्तो कार्य भएको थियो भन्ने पनि जिकिर लिएको अवस्था छैन। यहाँ केवल निर्माणको सन्दर्भमा के कति खर्च भएको थियो भन्नेबारेमा वादी र प्रतिवादीबिच विवाद रहेको पाइन्छ । वादीले आफ्नो रू.३१,८१,०७०।- बराबरको रकम खर्च भएकोले क्षतिपूर्ति दिलाइपाउँ भनी प्रस्तुत मुद्दा दायर गरेको अवस्था छ भने सो कुरालाई इन्कार गर्दै जिल्ला प्राविधिक कार्यालय रोल्पाले मिति २०६६।०८।१५ को सर्वपक्षीय सर्वदलीय बैठकको निर्णय अनुसार जलजला क्याम्पसको भवनको मूल्याङ्कन गरी रू. ४,११,८९८।१३ खर्च भएको भनी मिति २०६८।०८।१९ गते मूल्याङ्कन गरेको भन्ने प्रतिवादीहरूको जिकिर रहेको पाइन्छ । सोही मूल्याङ्कनलाई आधार गर्दै लगाउको ०७३-**CI**-०७९९ को मुद्दामा उक्त रकम कटाई मोबिलाइजेसनबापत लिएको बाँकी रकम फिर्ता पाउँ भनी फिराद परेको अवस्था पनि देखिने।

करार भङ्ग भएको कारणबाट वादीलाई के कति हानि भएको हो भन्नेतर्फ हेर्दा माथि उल्लिखित जिल्ला प्राविधिक कार्यालयको प्रतिवेदनको अलावा वादीका साक्षी मानसिंह डाँगीका अलावा बिल भर्पाई अनुसारको दररेट रकमका निर्माण सामाग्रीहरू थिए भन्नेसमेत बेहोराको जिल्ला प्राविधिक कार्यालय, रोल्पाका सब-इन्जिनियर तारानाथ बन्जारेले सुरू अदालतमा बकपत्र गरिदिएको पाइन्छ। करार भङ्गबाट मर्का परी क्षतिपूर्ति दाबी गर्ने पक्षले करारको उल्लङ्घनबाट प्रत्यक्ष र वास्तविक रूपमा भएको हानि नोक्सानीबापत वा करार उल्लङ्घन भएबापत वा क्षतिपूर्तिबापत मनासिब माफिकको रकम भराइलिन पाउने छ भन्ने व्यवस्था करार ऐनको दफा ८३(२) मा उल्लेख भएको पाइन्छ भने दफा ८५(क) मा "करारबमोजिम काम गरिसकेको वा गरिरहेकोमा अर्को पक्षको गल्तीले करार अन्त्य भएमा मर्का पर्ने पक्षले आफूले गरेको काम वा बुझाएको नगद वा जिन्सीबापत सोको अनुपातमा भुक्तानी पाउन दाबी गर्न सक्ने छ" भन्ने कानूनी व्यस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक / प्रतिवादीले एकतर्फी रूपमा करार भंग गरी प्रत्यर्थी वादीलाई हानि नोक्सानी पुऱ्याएको देखिएबाट उल्लिखित कानूनी व्यवस्थाबमोजिम वादीले वास्तविक हानि नोक्सानीको क्षतिपूर्ति पाउने नै देखिने।

अतः जिल्ला प्राविधिक कार्यालय, रोल्पाको आ.व.२०६६/०६७ को भवन मूल्याङ्कन प्रतिवेदनमा प्रत्यर्थी / वादीले रू.२८,३४,५५८।४ वास्तविक खर्च लागेको हो भन्ने देखिएकाले सोही रकम भराइपाउने ठहऱ्याई प्रत्यर्थी / वादी पृथ्वीप्रसाद रोकाले लिएको पेस्की रकम रू.२०,०००,००।- (बिस लाख) बाट कटाई बाँकी रू.८,३४,५५८।६४ रकम पुनरावेदक/प्रतिवादीबाट भराइलिन पाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत तुल्सीपुरको मिति २०७३।०२।०२ को फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक / प्रतिवादीको मागदाबी पुग्न नसक्ने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का
कम्प्युटर : पद्मा आचार्य
इति संवत् २०७९ मंसिर ८ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७३-**CI**-०७९९, रकम फिर्ता पाऊँ, प्रेमप्रकाश हमाल वि. पृथ्वीप्रसाद रोका भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-**CI**-०५६६, माना चामल, दीपा प्रधान चित्रकार वि. विमल चित्रकार, विमल चित्रकार वि. दीपा प्रधान चित्रकार*

वादी विमल चित्रकार र प्रतिवादी दीपा प्रधान चित्रकारबिच लोग्ने स्वास्नीको नाता सम्बन्ध रहेको र निजहरूबाट एक छोरी दुचु चित्रकारको जायजन्म भएको कुरामा विवाद रहेको पाइँदैन । नातामा विवाद नभएको अवस्थामा आफ्नी श्रीमती तथा छोरीलाई आफ्नो

इज्जत आमद अनुसार खान लगाउन दिनुपर्ने दायित्व पिता तथा पतिको हुने कुरामा पनि विवाद गर्ने ठाउँ छैन। तर प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा आफूले अंशबाट पाएको जग्गा श्रीमतीलाई बकसपत्र गरिदिएको र आफूहरूको संयुक्त प्रयासबाट खरिद गरिएका जग्गाहरूसमेत श्रीमतीकै नाममा रहेको अवस्थामा श्रीमतीले आफूलाई सो घरजग्गामा बस्नसमेत नदिएको भन्दै आफ्नो अंश भाग छुट्याउन श्रीमती दीपा प्रधानउपर अंश चलन मुद्दा दायर गरेको कुरा यसै लगाउको ०७३-**CI**-०४९८ को मिसिलबाट देखिन्छ। उक्त अंश चलन मुद्दामा पेस गरेको तायदाती फाँटवारीमा दीपा प्रधानको नाममा कि.नं. २४७, ३४४२ र १०४ का जग्गाहरू देखिएकोमा सुरू ललितपुर जिल्ला अदालतले कि.नं. २४७ को जग्गाबाट मात्र यी पुनरावेदक विमल चित्रकारले अंश पाउने ठहर गरेकोमा उच्च अदालत पाटनले सुरूको उक्त फैसलालाई केही उल्टी गर्दै माथि उल्लिखित तीन वटै कित्ता जग्गाबाट वादीले अंश छुट्याइलिन पाउने गरी भएको फैसला आजै यसै इजलासबाट सदर कायम भएको अवस्था रहेको।

पति विमल चित्रकारको नाममा कुनै अचल सम्पत्ति रहेको नपाइएको, सम्पूर्ण घर जग्गा नै दीपा प्रधान चित्रकारको नाममा दर्ता रहेको कारण विमल चित्रकारले आफ्नो अंश भाग प्राप्त गर्नसमेत पत्नी दीपा प्रधान चित्रकारउपर मुद्दा दायर गर्नुपरेको अवस्था छ। यसको अलावा निज दीपा प्रधान चित्रकारले आफू स्वयम् आर्थिक उपार्जन गर्न योग्य र सक्षम रहेको भनी यसै लगाउको ०७३-**CI**-०४९८ को अंश चलन मुद्दामा जिकिर लिएको र निजको उक्त जिकिरलाई मिसिल संलग्न कागजातबाट पुष्टिसमेत गरेको अवस्था छ। पत्नीको कुनै स्रोत नभएको वा कमजोर आर्थिक स्थिति भएको अवस्थामा पतिले माना चामल भराइदिनुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दाका वादी दीपा प्रधान चित्रकार पढे लेखेको व्यक्ति देखिई निजको आर्थिक हैसियत पनि निजको पतिको भन्दा कम रहेको अवस्था नपाइने।

तसर्थ, प्रतिवादीबाट माना चामल खर्च भराइपाउँ भन्ने वादी दीपा प्रधानको दाबी पुग्न नसक्ने र वादी दुचु चित्रकार हाल वादी आमासँग रहेको देखिँदा वादी दुचु चित्रकारको अंश भाग नछुट्याउन्जेलसम्म प्रतिवादीबाट मासिक रू.१०,०००/- (दश हजार) का दरले माना चामल खर्च भरिपाउने ठहर गरेको ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।८।६ को फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी र प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल चैत्र ९ गते रोज ५ शुभम्।

## ३३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-**CR**-१७२५, जालसाज, देवेन्द्रकुमार श्रेष्ठ वि. राजभगत श्रेष्ठ*

वादी प्रतिवादीका पिता स्व. कुवेरबहादुर श्रेष्ठ र आमा स्व. विष्णुदेवी श्रेष्ठ भई निजका ४ भाई छोराहरूमा भगतकुमार श्रेष्ठ, फिरादी देवेन्द्रकुमार श्रेष्ठ, प्रतिवादी राज भगत श्रेष्ठ र कृष्ण भगत श्रेष्ठ रहेको भन्ने कुरामा विवाद देखिँदैन। मिसिल संलग्न मालपोत कार्यालय सुनसरीबाट पारित शेषपछिको अष्टलोह पत्रको कागज हेर्दा दिने यी पुनरावेदक वादीका पिता कुवेरबहादुर श्रेष्ठ र लिने प्रतिवादी राजभगत श्रेष्ठबिच मिति २०६९।१२।०५ मा र.नं. ७०७४ कबाट शेषपछिको अष्टलोहको पत्र पारित भएको देखिन्छ। उक्त शेषपछिको अष्टलोह पत्रको लिखत अंश मुद्दा चल्दा चल्दैको अवस्थामा पारित भएको देखिने।

अतः पुनरावेदक वादी देवेन्द्रकुमार श्रेष्ठसमेतका पिता कुवेरबहादुर श्रेष्ठले आफ्नो पालनपोषण, स्याहारसुसार, औषधी उपचार, सेवा टहल खान लाउनसमेत दिँदैआएका आफ्ना साइँला छोरा राजभगत श्रेष्ठलाई मालपोत कार्यालय सुनसरीबाट मिति २०६९।१२।५ र.नं. ७०७४ "क" बाट पारित शेषपछिको अष्टलोहको लिखत जालसाज नहुने ठहऱ्याई भएको सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत

विराटनगरबाट मिति २०७४।२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादीको पुनरावेदक जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल वैशाख ४ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-**CI**-११९८, शेषपछिको अष्टलोहपत्र बदर, देवेन्द्रकुमार श्रेष्ठ वि. राजभगत श्रेष्ठ
- ०७४-**CI**-११९७, अंश चलन, देवेन्द्रकुमार श्रेष्ठ वि. राजभगत श्रेष्ठ

**३४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-**CI**-०६१६, जग्गा खिचोला चलन, बासुदेव भट्टराई वि. नेत्रकुमारी बरालसमेत*

वादीले कि.मि. ५३० मा ०-०-११/२ जग्गा र कि.मि. ६०९ मा ०-०-११/२ जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि फिरादसाथ पेस गरेको देखिन्छ। त्यसैगरी प्रतिवादीमध्येकी नेत्रकुमारी बरालले कि.मि.६०६, को ०-०-६, कि.मि. ६०७ को ०-०-४१/२ र कि.मि. ९०८ को ०-०-५ को र रामबहादुर बरालले कि.मि.९०६ को ०-०-६ जग्गा साथै दिलबहादुर तामाङले कि.मि.५४१ को अच्युत रमण भट्टराई (वादीका छोरा) बाट खरिद गरेको राजीनामाको प्रतिलिपि पेस गरेको देखिने।

जहाँसम्म वादीको जग्गामा फायल नक्सा तयार गर्दा त्रुटि भएको भन्ने कुरा छ, नापी कार्यालय धरानबाट प्राप्त फायल हेर्दा फायल नक्सा सुधार सम्बन्धमा नापी कार्यालयबाट नापी विभागलाई मिति ०७३।५।१२ मा लेखेको पत्र नापी विभागले ०७५।३।२२ मा नापी कार्यालय, सुनसरीलाई लेखेको पत्रपश्चात् मिति ०७५।६।९ मा अमिन राम दुलार साहसमेतले नापी कार्यालय धरानलाई बुझाएका प्रतिवेदन र तत्पश्चात् २०७५।६।१५ मा नापी कार्यालय सुनसरीले नापी विभागलाई लेखेको पत्रसमेतबाट फायल नक्सामा त्रुटि भएको कुरा स्वीकार गरेको पाइयो। नापी कार्यालयले फायल नक्सा सुधार गर्न सक्ने कुरालाई (अदालतबाट भएको नक्सासमेतलाई आधार गरी) गर्न सक्ने नै हुन्छ। सो गर्दा प्रतिवादीहरूले आपत्ति गर्ने कुरा भएन। घरायसी भोगको जग्गामा भनी अदालतको नक्साबाट देखिएको न. नं. १ र २ को जग्गा वादीले सुपथ भोग गर्न पाउने नै हुँदा प्रतिवादीहरूले खिचोला गरेको नठहऱ्याएको सुरू अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालतको फैसला परिवर्तन गर्नु नपर्ने ।

अत: (अदालतबाट भएको नक्सासमेतलाई आधार गरी) घरायसी भोगको जग्गा भनी अदालतको नक्साबाट देखिएको न. नं. १ र २ को जग्गामा वादीले सुपथ भोग गर्न पाउने नै हुँदा फिराददाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल वैशाख ४ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-**CI**-०५९७, अबन्डा जग्गा बन्डा गरी बकसपत्रको लिखत बदर दर्ता बदर दर्ता, लछुमन चौधरीसमेत वि. मिलादेवी चौधरीसमेत*

बाजे मनु खाँ (मनु चौधरी) निजको छोरा बुहारी स्व. जुवालाल चौधरी र स्व. मुनैरदेवीका ६ भाइ छोराहरूमा जेठा स्व.अवध चौधरी, माइला स्व. राम रसि चौधरी, साइँला स्व. सियाराम चौधरी, काइँला स्व.सिरीया चौधरी, राइँला सौखीय चौधरी र कान्छा चन्दर चौधरी रहेको भन्ने मिसिल संलग्न फिरादपत्र, प्रतिउत्तरपत्र, अंश दर्ता मुद्दाको मिलापत्रको बेहोराबाट देखिन्छ। यसै मुद्दाका पुनरावेदक वादी मागैन चौधरीले चन्दर चौधरीसमेत ५ जनाउपर २०४७ सालको सा.दे. नं. १३९७/८२ को अंश दर्ता मुद्दा दायर गरेकोमा वादीले अंश पाउने गरी २०४८।८।२४ मा फैसला भएको

देखिन्छ। त्यस्तै वादी लक्ष्मण चौधरी, सौखिया चौधरी, चन्दर चौधरी र सिरिया चौधरीसमेत ४ जनाले यी प्रत्यर्थी प्रतिवादीहरूको आमा तथा सासू गंगिया थरूनीउपर दे.नं. १९१४/६२८ को अंश मुद्दा दिई ४ भागको १/१ भाग वादीहरूले पाउने गरी मिति २०५२।९।२५ मा फैसला भएको देखिएको छ भने यसै मुद्दाका पुनरावेदक वादी चन्दर चौधरीले मागैन चौधरी, लक्ष्मण चौधरी, कुस्मा थरूनी, सौखिया चौधरी तथा गंगीय थरूनीसमेत ५ जनाउपर सा.दे.नं. २८१५ को अंश मुद्दा दिई मिति २०६७।२।११ मा मिलापत्र भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिई अंश मुद्दा तीन पटक परेको देखिने।

मिति २०६७।२।११ मा मिलापत्र भएको अंश दर्ता मुद्दामा उक्त मिलापत्र हुँदा स्व. जिजुबाजे मनुखाँ (मनु चौधरी)का नाउँमा रहेको गाउँब्लक मिन्हा जग्गासमेत लिने दिने गरी मिलापत्र भएको देखिन्छ । विवादित जग्गा मिति २०६७।२।११ मा सुरू जिल्ला अदालतमा मिलापत्र भई अंशको विवाद टुङ्गिएपछि छुट जग्गा भनी दर्ता भएको देखिन्छ । यी वादी प्रतिवादीहरू भाइ भाइका सन्तान भएकोमा विवाद छैन। उल्लिखित छुट दर्ताको जग्गा जुवालाल चौधरीको छोरा अवधको हांगामा पहिला अवधकी श्रीमती गंगीया थरूनीले छुट दर्ताको लागि निवेदन दिएको र पछि निजको छोराहरूमध्ये देवली चौधरी थारूले सकार गरी दर्ता भएको देखिन्छ । मालपोत कार्यालय सिराहाबाट जारी भएको विवादित जग्गा छुट दर्ता प्रक्रियामा सूचना प्रकाशित भई सम्बन्धित गा.वि.स. सर्जमिन हुँदा यसै मुद्दाका वादीमध्येका चन्दर चौधरीले सहीछाप गरी सहमति जनाएको देखिन्छ। उक्त विवादित कि.नं. ५८० को जग्गा अवधका ३ जना छोराहरूमा पने चौधरी थारू र नन्दलाल चौधरीसमेतले दाबी छाडी देवली चौधरी थारूका नाउँमा आएको देखियो । हाल पुनरावेदक वादीहरूले तारेख गुजारेर बसेको पनि देखिन्छ । यसरी यी पुनरावेदक वादीहरूले पटकपटक मुद्दा दायर गरेकोसमेतबाट यो विवादित कि.नं.५८० को जग्गा यदि अबन्डा पैत्रिक भएमा सोबारे जानकारी नहुने भन्ने कुरा नहुने।

विवादित कि.नं.५८० को जग्गा प्रत्यर्थी प्रतिवादीहरूको एकलौटी रहेको देखिन्छ भने अबन्डा राखिएको भन्ने व्यवहार प्रमाणबाट नदेखिएको अवस्थामा सो जग्गालाई अबन्डा मानी विवादित बकसपत्र लिखत र सोबमोजिमको दर्तासमेत वादीहरूका हकमा बदर गर्ने गरेको सुरू अदालतको फैसला उल्टी हुने ठहर्‍याई भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल वैशाख ४ गते रोज २ शुभम्।

**३६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-**RC**-००५७, कर्तव्य ज्यान, नेपाल सरकार वि. अन्तराम बोहरा*

प्रतिवादीकी पत्नी तारा बोहराले अदालतसमक्ष बकपत्र गर्दा निज प्रतिवादी ९ वर्षपहिला मानसिक स्थिति बिग्री बरेलीबाट उपचार गराएको र २, ४ दिन अगाडिदेखि बिरामी परी बोली राख्ने गर्दै थिएँ भने तापनि निज प्रतिवादीको शारीरिक तथा मानसिक अवस्था ठिक रहेको भनी जिल्ला स्वास्थ्य कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र, बैतडीले उल्लेख गरेको तथा प्रतिवादी स्वयंले निज मानसिक तथा शारीरिक अवस्था ठिक रहेको भनी अदालतमा बयान उल्लेख गरेको देखिन्छ। साथै, वारदातमा प्रयोग भएको हतियार र पटकपटकको प्रहार तथा हृदयविदारक वारदातको अवस्थाले आवेश प्रेरित हत्याको परिभाषाभित्र पर्ने अवस्था नदेखिँदा प्रतिवादी अन्तराम बोहराले नन्दा बोहरालाई कर्तव्य गरी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) अन्तर्गत ज्यान मार्ने कसुर कायम गरी मिति २०७२/१२/२३ मा भएको सुरू फैसला सदर गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७४/१२/२१ मा भएको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

सजायको हकमा यी प्रतिवादी अन्तराम बोहरालाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी

महलको दफा १३(१) बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गर्ने गरेको बैतडी जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७४/१२/२१ मा फैसला भएको देखिन्छ । तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार यी प्रतिवादीलाई भएको सजाय मिलेको देखिए पनि हाल मुलुकी ऐन, खारेज भई मुलुकी फौजदारी संहिता, २०७४ को लागु भएको अवस्था छ । उक्त संहिताको दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुर सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाकोबखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था हुनुको साथै केही नेपाल कानूनलाई संशोधन,एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा "कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था भएको र उक्त कानूनी व्यवस्था अनुसार यी प्रतिवादीलाई सर्वस्वको सजाय हुन सक्ने नदेखिने ।

तसर्थ, प्रतिवादी अन्तराम बोहराले निजको आमा नन्दा बोहरालाई कर्तव्य गरी मारेको पाइएकोबाट निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिमको कसुर कायम गरेको मिति २०७२/१२/२३ को बैतडी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासको मिति २०७४/१२/२१ को फैसला सदर भई यी प्रतिवादीलाई जन्म कैदको सजाय हुने ।

इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल जेठ ३ रोज ३ शुभम् ।

## ३७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-**RC**-००९०, बच्चा जन्माई फालेको (कर्तव्य ज्यान), नेपाल सरकार वि. बबरमहल (न)*

मिसिल संलग्न घटनास्थल तथा लास जाँच मुचुल्कामा चार किल्लाभित्र नाम, थर, वतन नखुलेको सालनालसहितको पुरुष जातक शिशु अं.८/९ महिनाको जस्तो देखिने बच्चा दक्षिण टाउको पारी उत्तानो अवस्थामा मृत अवस्थामा रहेको, लोकेन्द्र रायमाझीको चर्पीको पछाडिपट्टि टिनको झ्यालको माथिल्लो भागमा रगत जस्तो रातो पदार्थ लागेको टाटाहरू रहेको, झ्यालको माथिल्लो भागमा सानो प्वाल रहेको, मृतकको पूरै शरीरभरि रगत जस्तो पदार्थ लागेको टाटाहरू रहेको, कम्मरको भागमा दुवै खुट्टा खुम्चिएको, बायाँ हातको कुइनानजिक खोस्रिएको लामो दाग देखिएको, दुवै हात मुट्ठी पारेको, केही दिसा निस्किएको भन्ने देखिन्छ । नवजात शिशुको शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारण **Blunt force injury to head** भन्ने उल्लेख भएको देखिन्छ । घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मिसिल संलग्न कागजप्रमाणहरूलगायतबाट नवजात शिशुको मृत्यु स्वाभाविक नदेखिने ।

यी प्रतिवादीको कर्तव्यबाट नवजात शिशुको मृत्यु भएको हो वा होइन, उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ वा छैन भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादी बबरमहल (न) ले निजले जन्माएको नवजात शिशुलाई जन्म दिई मारी फाली कर्तव्य गरी मारेकोले निज बबरमहल परिवर्तित बबरमहल (न) लाई कानूनबमोजिम कारबाही गरिपाउँ प्र.स.नि. भनी हेम कुमार थपलियासमेतले प्रतिवेदन गरेको देखिन्छ । उमेर परीक्षण प्रतिवेदनबाट प्रतिवादीको हालको उमेर १५ देखि १६ सम्म रहेको भनी उल्लेख भएको देखिन्छ । प्रतिवादी बबरमहल (न)लाई सुजन लामाले निजसँग विवाह गर्छु भनी करिब २ वर्षअगाडिदेखि

पटकपटक शारीरिक सम्पर्क गर्दै आएका र निज सुजन लामासँगको यौन सम्पर्कका कारण पेटमा गर्भ रहन गई निज सुरज भन्ने सुजन तामाङलाई भेटी पेटमा भएको बच्चा ठुलो भइसकेको अब १।२ महिनामा जन्मन्छ भन्दा निजले चिन्ता लिनु पर्दैन जन्मेपछि कोही कसैलाई पनि थाहा नदिई मारी फालिदिनु भनेकाले कोही कसैले थाहा नपाउने गरी आफू बसेको घरको शौचालयमा गई बच्चा जन्माउँदा आधा घण्टासम्म नरोएपछि मरेको बच्चा जन्मेछ भन्ने सोची टिनको झ्यालबाट बाहिर फालेको भनी मौकामा तथा अदालतमा साबिती भई बयान गरेको देखिन्छ । मिसिल संलग्न लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीले अदालतमा साबिती भई गरेको बयान, प्र.स.नि. हेम कुमार थपलियासमेतले गरेको बकपत्रलगायत मिसिल संलग्न कागज प्रमाणहरूसमेतका आधारमा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १८, १३(३) को कसुरमा ऐ. महलको १३ नं. को दहाय ३ अनुसार सर्वस्वसहित जन्मकैद हुनेमा प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार १०(दश) वर्ष ९(नौ) महिना सजाय कायम गर्ने गरी सुरू अदालतबाट मिति २०७३/०३/३० मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) को कसुर कायम गरी प्रतिवादी नाबालिका हुँदा बालबालिकासम्बन्धी ऐन,२०४८ को ११(३) बमोजिम कैद हुनेमा परिवर्तित बबरमहल (न)लाई साबिक मुलुकी ऐन, अ.वं.१८८ नं.बमोजिम २ वर्ष कैद सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन,२०४८ को दफा ५० को उपदफा २ बमोजिम कैद सजाय स्थगित गरी साधक सदरको लागि लेखी पठाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनबाट मिति २०७६/०७/१९ मा भएको फैसला रायको हकमा समेत सदर हुने।

इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल ज्येष्ठ ३ रोज ३ शुभम्।

## ३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-**RC**-००४९, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. निरज राना*

मिसिल संलग्न मिति २०७५/१२/२५ को बरामदी मचुल्का हेर्दा वारदातस्थलमा ३ फिट काठको बिँड र ५ इन्च गोलाइ भएको फलामले निर्माण गरिएको फरूवा थान १ (एक) बरामद भएको देखिन्छ । मिति २०७५/१२/२५ को घटनास्थल लास जाँच मुचुल्का हेर्दा मृतक शवको पिठ्युँको बायाँ भागमा निलो डाम रही नाक र दुवै कानमा रगत जमेको अवस्थामा रहेको भनी उल्लेख भएको देखिन्छ। शव परीक्षण प्रतिवेदनमा बासमती रानाको मृत्यु दिमागमा चोट र रगत बगेको कारणले सास तथा मुटु सञ्चालन हुन नसकेर हुन गएको भनी उल्लेख भएको देखिन्छ। बरामदी मुचुल्का, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत मिसिल संलग्न कागज प्रमाणहरूबाट जाहेरवालाकी श्रीमती बासमती रानाको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्यमा विवाद नदेखिने।

यी प्रतिवादीको कर्तव्यबाट जाहेरवालाको श्रीमती बासमती रानाको मृत्यु भएको हो वा होइन, उक्त वारदातमा यी प्रतिवादीको संलग्नता छ वा छैन भन्ने सम्बन्धमा हेर्दा, यी प्रतिवादीले जाहेरवालाकी श्रीमती बासमती रानालाई लखेटी लखेटी फरूवाले प्रहार गरी निजको मृत्यु भएकोले निज प्रतिवादी निरज रानालाई कारबाही गरिपाउँ भनी राम कृपाल रानाको किटानी जाहेरी परेको अवस्था छ । जाहेरवालाकी श्रीमतीलाई प्रतिवादी निरज रानाले आफ्नो हातमा रहेको कोदालो (फरूवा) को उल्टो भागले पछाडिबाट टाउकोमा प्रहार गर्दा बासमती राना वारदात स्थानमा नै भुइँमा लडी छट्पट गर्दै सोही चोटको कारणले सोही स्थानमा बासमती रानाको मृत्यु भएको भनी रामकृपाल रानाले अदालतसमक्ष बकपत्र गरेको तथा बाटोसम्बन्धी विवादको बरबहाना बनाई पूर्वरिसइवी राखी निज निरज रानाले नै फरूवाले प्रहार गरी बासमती रानालाई मारेका हुन् भन्नेसमेत बेहोराको दिनेश रानासमेतले कागज

गरेको मिसिल संलग्न कागजबाट देखिन्छ । शव परीक्षण प्रतिवेदन, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का र प्रतिवादी निरज रानाले बासमती रानालाई कोदालो (फरूवा) प्रहार गरी कर्तव्य गरी मारेको बेहोरा मौका अनुसन्धान तथा अदालतमा बयान गर्दासमेत उल्लेख गरेको हुँदा प्रतिवादीको बासमती रानालाई कर्तव्य गरी मारेको कुरालाई नकार्न सक्ने अवस्था नदेखिएको हुँदा निज प्रतिवादीलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) बमोजिमको कसुरमा ऐ. दफा १७७(२) बमोजिम जन्म कैद सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको मिति २०७६/०२/२७ को फैसला सदर गर्ने गरी मिति २०७७/०३/०७ मा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसलाको सन्दर्भमा अन्यथा मान्नुपर्ने नदेखिने ।

तसर्थ, प्रतिवादी निरज रानालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसुरमा ऐ. दफा १७७(२) बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क(१) बमोजिम निज प्रतिवादीलाई १५ वर्ष कैद सजाय हुने राय प्रस्ताव गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७६/२/२७ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको मिति २०७७/०३/०७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- पुष्कलराज प्रसाई
कम्प्युटर अपरेटर :- पद्मा आचार्य
इति संवत् २०७९ साल जेठ ३ गते रोज ३ शुभम् ।

**३९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-**WH**- ००७३, बन्दीप्रत्यक्षीकरण, मीरा दंगाल वि. उच्च अदालत पाटन हरिहरभवन, ललितपुरसमेत*

उच्च अदालत पाटन वाणिज्य इजलासको मिति २०७६/११/०५ को आदेशानुसार पुनः निवेदक प्रतिवेदकको नाउँको समाह्वान म्याद "जिल्ला काठमाडौं गोकर्णेश्वर नगरपालिका वडा नं.१२ घर भएको गोविन्द चापागाईकी छोरी मीरा दंगाल फोन नं.९८४०४१५२४३ भनी जारी भएकोमा सो म्यादसमेत" खोजतलास गर्दा म्यादवाला मानिस निजको घरद्वारसमेत पत्ता नलागेको र म्यादमा उल्लिखित फोनमा फोन गर्दा फोनमा जोरपाटी चोकमा आएर फोन गर्नु भनेको त्यसपछि फोन गर्दा स्विच अफ गरेको, पुनः मैले फोन गरेपछि स्विच अफ गरिराख्ने गरेको हुँदा निजलाई म्याद सूचना बुझाउन नसकेको, गोकर्णेश्वर वडामा वडा नं.९ सम्म मात्र भएको वडा नं.१२ नभएको हुँदा प्रतिवेदनसाथ म्याद फिर्ता गरेको छु" भन्नेसमेत तामेलदार कर्मचारीको मिति २०७७/०६/०८ को प्रतिवेदनसाथ म्याद फिर्ता आएको पाइने ।

अतः पटकपटक म्याद तामेल गर्ने कर्मचारीसँग फोन सम्पर्क भएको, म्यादमा उल्लिखित फोन नम्बर, तीनपुस्ते विवरण तथा जारी भएको नागरिकता प्रमाण पत्र नम्बरसमेतलाई निवेदकले अन्यथा भन्न नसकेको, जारी भएको चेकलाई अन्यथा भन्न नसकेको यस स्थितिमा केबल वडा नं. फरक परेको जिकिर लिई निवेदक अदालत प्रवेश गरेबाट निज निवेदक सफा हात लिएर अदालत प्रवेश गरेको नदेखिँदा कानूनविपरीत म्याद तामेल भएबाट निवेदकले सुनुवाइको मौका नपाएको भन्ने जिकिरसँग सहमत हुन सकिएन । यस स्थितिमा साधिकार निकाय उच्च अदालत पाटनबाट कानूनको रीत पुऱ्याई भएको फैसला बदर गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता देखिएन । अतः निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरण र उत्प्रेषणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सदन अधिकारी
कम्प्युटर : पद्मा आचार्य
इति संवत् २०७९ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

**४०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-**MS**-००४२, अदालतको*

*अवहेलना, दिपेसमान महर्जन वि. मनिषकुमार साहसमेत*

यस अदालतको pre-interim विपरीत ठेक्का सम्झौता गरेकोले अदालतको अवहेलना भयो भन्ने निवेदन रहेको अवस्था छ तर निवेदकले दिएको ०७८-**WO-**०९७१ र ०७८-**WO-**०९७२ को रिट निवेदनमा यी निवेदकका वारेस मन्जिल खनालले मिति २०७९/०४/१६ को तारेख गुजारेकोबाट उक्त रिट निवेदनहरू सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८२ बमोजिम आजै तामेलीमा राख्ने आदेश भएको छ। यसरी मूल निवेदन नै तामेलीमा रहेबाट यस अदालतको आदेशको अवहेलना भयो भन्ने विषय नै सारभूत रूपमा कायम रहन सकेन। यसरी मूल विषय नै कायम नरहेपछि यस अदालतको आदेश मानिएन भन्ने कुरा नै अप्रासाङ्गिक हुन पुगेको पाइयो। तसर्थ, विपक्षीहरूबाट अदालतको अवहेलना भयो वा भएन भन्ने कुरा नै हेर्न वा विचार गर्नुपर्ने अवस्था कायम रहेन। प्रस्तुत विषयमा विपक्षीहरूले अदालतको अवहेलना गरे भन्ने दाबी नपुग्ने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र १७ गते रोज ६ शुभम्।

## इजलास नं. ५

### ४१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७१-**CR-** ०५५७, कर्तव्य ज्यान, नेपाल सरकार वि. पार्वती घर्ती खत्री*

मृतक मनवीर खड्काको लास पानीको निकास हुने ह्युम पाइपभित्र रहेको, लास जाँच प्रकृति मुचल्काबाट मृतकको दायाँ कानमा खोस्रिएको, नाँकमा ददारिएको घाउ रहेको,बायाँ आँखाको माथि निधारमा खोस्रिएको, बायाँ आँखी भौँभन्दा तल काटिएको घाउ चोट रहेको र मृतकको शव परीक्षण प्रतिवेदनमा incisional cut (supra orbital region LT) suggestive of weapon 4cm in lenth about 3cm depth र ICH (intra cranial haemorrage) को कारण मृत्यु भएको भन्ने उल्लेख भएबाट मृतकको मृत्यु शंकास्पद भए तापनि दाबी पुष्टि गर्ने अभिभारा वादी पक्षमा हुने भन्ने फौजदारी कसुरको मान्य सिद्धान्तबमोजिम प्रतिवादीहरू तिलकराम खत्री र पार्वती घर्ती खत्रीसमेतको केकस्तो कार्यले मृतकको मृत्यु भएको हो ? मृतकको मृत्युमा निजहरूको योगदान के कति हो ? मृतकको लास ह्युम पाइपभित्र के कसरी पुग्यो ? त्यसमा अरू को कसको सहभागिता थियो भन्ने कुराका सम्बन्धमा प्रस्ट रूपमा अनुसन्धान गरी कसुरमा संलग्नताको आधार खुलाई कसुरमा प्रतिवादीहरूको योगदानको आधारमा सजायको मागदाबी लिई अभियोगपत्र पेस हुन सकेको नपाइने।

यी प्रतिवादीहरू वारदातमा संलग्न रहेका छन् भन्ने बेहोराको जाहेरी दरखास्त, प्रतिवादीहरूले कसुरमा इन्कार रही बयान गरेको भए पनि मादक पदार्थ सेवन गरी विवाद हुँदा धकल पकल गरेको भन्ने प्रतिवादीको बयान र लास प्रकृति मुचुल्कामा लास ह्युम पाइपभित्र देखाइएको शवको स्थितिसमेतका तथ्यका केही प्रसङ्ग तथा परिस्थितिजन्य प्रमाण वादी नेपाल सरकारले पेस गरेको भए पनि प्रतिवादीको यो यस्तो कार्यले मृतकको मृत्यु भएको हो भन्ने कुरा खम्बिर रूपमा पुष्टि हुने गरी वारदातका सम्बन्धमा सम्बद्ध प्रत्यक्ष प्रमाण भने वादी पक्षले पेस गर्न सकेको देखिँदैन। मृत्युको कारण मस्तिष्कमा रगत जमेको भने पनि के कारणले रगत जम्न गएको हो भन्ने सम्बन्धमा कुनै अनुसन्धान नै भएको नदेखिने।

तसर्थ, प्रतिवादी तिलकराम खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम २(दुई) वर्ष कैद र प्रतिवादी पार्वती घर्ती खत्रीलाई १(एक) वर्ष कैद हुने गरी दाङ देउखुरी जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी पार्वती घर्ती खत्रीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी र अर्को प्रतिवादी तिलकराम खत्रीको हकमा सुरू फैसला सदर हुने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६९/१/४ मा

भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृत : अञ्चन भट्टराई / भूमिप्रसाद शर्मा
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७८ साल भाद्र २० गते रोज १ शुभम्।

**४२**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-**CR**-०९६२, ०७३-**CR**-१००५, कर्तव्य ज्यान, नेपाल सरकार वि. किसुनदेव महतोसमेत, किसुनदेव महतो वि. नेपाल सरकार*

प्रतिवादी किसुनदेव महतोले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक श्रीमती ममतादेवीको मृत्यु निज प्रतिवादीकै कारणले भएको तथ्य स्वीकारेको भए तापनि अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिन्छ । निजको अधिकार प्राप्त अधिकारसमक्ष गरेको बयानमा उल्लिखित बेहोरा जस्तै मृतकले विष खाएको थाहा पाई उक्त कुरा छरछिमेकबाट गुपचुप राख्न गरेको प्रयास पानीमा गोबर घोलेर खुवाउने, जिउभरि छर्किने, वाक वाक गरेको आवाज रोक्न घाँटीमा केराको बोटको पातको लागि पलाउने पिकको नरम भाग घाँटीभित्र छिराउने आदि तथ्यहरू मिसिल संलग्न लास जाँच प्रकृति मुचुल्का र बरामदी मुचुल्कामा उल्लिखित बेहोरालाई मृतक ममताकुमारी महतोको अनुहारभरि गोबर लागेको, नाकबाट रातो रंगको जस्तो पदार्थ निस्केको, रगतजस्तो लागेको केराको कलिलो २ वटा पात, दुधजस्तो पदार्थसहितको मिनरल बाटर बोतल, antracol 50g लेखेको औषधीसहितको प्लाष्टिक भन्नेसमेत बेहोराले समर्थन एवं पुष्टि गरिरहेको देखिने।

प्रतिवादीहरू सुरेश महतो, गणेश महतो, बिसुन भन्ने विष्णु महतो र सकुन्तलादेवी महतोको हकमा विचार गर्दा, प्रतिवादीहरू सुरेश महतो, गणेश महतो, बिसुन भन्ने विष्णु महतोले विष खुवाउने कार्यमा मतलबी भई सहयोग गरेको हुँदा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोग दाबी लिएको देखिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. मा "अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भनी व्यवस्था गरेको पाइन्छ। यी प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा आफूउपर आरोपित कसुरमा पूर्णरूपमा इन्कार भई बयान गरेको देखिन्छ भने प्रतिवादी किसुनदेव महतोले अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्ष उपस्थित भई बयाना गर्दासमेत मृतक ममतादेवी महतोको मृत्य हुनुमा निजहरूको संलग्नता रहेको बारेमा कहीँकतै पोल गरेकोसमेत देखिँदैन । साथै, यी प्रतिवादीहरूबिच मृतकलाई विष खुवाई मार्नुपर्नेसम्मको कुनै रिसइवी रहेको र मृतकलाई मार्न मतसल्लाहमा पसिई मृतकको ज्यानसम्म लिने कार्यमा निजहरू मतलबी रहेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन आएको देखिँदैन । दिलीप बस्याल विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा "मतलबमा पस्नु भनेको यसको सोझो अर्थ ज्यान मार्ने साझा योजना (**common plan**) मा संलग्न रहेको भन्ने नै हो । साझा योजना बनेको छैन, योजना बनेको भए पनि आरोपित व्यक्ति त्यस्तो योजना बनाउनमा संलग्न छैन वा जानकार छैन भने निजको हकमा १७ नं. आकर्षित हुँदैन ।" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । उक्त सिद्धान्तसमेतको आधारमा पुनरावेदन अदालत जनकपुरबाट यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको फैसला मुनासिब नै देखिने।

तसर्थः पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।५।८ मा प्रतिवादीहरू सुरेश महतो, गणेश महतो, बिसुन भन्ने विष्णु महतो र सकुन्तलादेवी महतोको हकमा अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई र प्रतिवादी किसुनदेव महतको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) बमोजिमको कसुर स्थापित गरी घटना हुँदाको अवस्था र परिस्थितिले जन्म कैदको सजाय चर्को हुने हुँदा प्रतिवादी किसुनदेव

महतोलाई मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्षको कैद सजायको राय व्यक्त गरी भएको फैसला मिलेकै देखिँदा रायसहित उक्त फैसला सदर हुने। वादी नेपाल सरकार र प्रतिवादी किसुनदेव महतोको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत : सुमेधा खनाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल कार्तिक २४ गते रोज ५ शुभम्।

**४३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-**MS**-००३१, अदालतको अवहेलना, पुनदेवी महर्जनसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरू भएको ०७२-**WO**-०७१९ रिट निवेदनमा उक्त रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सडक विस्तारको कार्य रोक्नु भनी मिति २०७२।१२।२६ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने गरी मिति २०७३।१।१४ मा अन्तरिम आदेश जारी भएको रहेछ। रिट निवेदन ०७२-**WO**-०७१९ मा रहेको मुख्य विवादको विषय त्रिभुवन राजपथ विस्तारको सम्बन्धमा यस अदालतमा वि-भिन्न रिट निवेदनहरू दायर भई उक्त रिट निवेदनहरूमा उठाइएका प्रश्नहरूको पूर्ण इजलासबाट स्थायी रूपमा निरूपण हुनुपर्ने देखी मिति २०७३।९।२५ मा पूर्ण इजलासमा जाने आदेश भएको रहेछ। यस सडक विस्तार सम्बन्धमा पूर्णइजलासमा पेस भएको मुल मुद्दाको रूपमा रहेको निवेदक सानु श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत भएको मुद्दा नं. ०७३-**WF**-०००३ मा "त्रिभुवन राजपथ कलंकी, नागढुंगा सडकको केन्द्र बिन्दुबाट ११/११ मिटरको क्षेत्रमा पर्ने घर टहरा हटाई सडक विस्तारका लागि सूचना प्रकाशित गर्नेलगायतका कार्य गर्दा सार्वजनिक सडक ऐन, २०३१, नगर विकास ऐन, २०४५, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गरेको र निवेदकहरूलाई मुआब्जा र क्षतिपूर्ति कानूनी प्रक्रिया पुर्‍याएर दिएको नदेखिँदा यी निवेदकहरूको हकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७१।८।२५ मा भएको सचिवस्तरीय निर्णय, सोबमोजिम प्रकाशित सूचना र भए गरिएका पत्राचारहरूसमेत उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब, निवेदकहरूको जग्गासमेत पर्ने गरी साबिकमा रहेको केन्द्ररेखाबाट ८/८ मिटरको बाटो विस्तार गरी ११/११ मिटरको बनाउने भनी मिति २०७१।८।२५ को सचिवस्तरीय निर्णयअनुरूप प्रकाशित सूचनाका आधारमा ३/३ मिटर जग्गाको सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ का विकल्पहरूमध्येबाट जग्गाको मुआब्जा र क्षतिपूर्तिको विषय टुङ्गो लगाउनु र प्रस्तुत सडकको अधिकांश भागमा सडक विस्तार भइरहेको र सीमित क्षेत्रमा सडक विस्तारको कार्य रोकिन गई सडक विस्तारले पूर्णता नपाउँदा सार्वजनिक यातायातमा अवरोध पुग्न गई विकास निर्माणको कार्यमा समेत असर पर्ने र सो क्षेत्रको पर्यावरणमा समेत प्रतिकूल असर पर्ने देखिएकाले मुआब्जा/क्षतिपूर्ति उपलब्ध गराउने कार्यको साथसाथै सडक विस्तारको कार्य सम्पन्न गर्नु भनी परमादेश जारी हुने ठहर्छ" भनी आदेश भई उक्त सडक विस्तारको विषय अन्तिम भई बसेको पाइने।

अतः प्रत्यर्थीहरूले यस अदालतको मिति २०७२।१२।२६ को अल्पकालीन अन्तरिम आदेश र उक्त अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने गरी मिति २०७३।१।१४ मा जारी भएको अन्तरिम आदेशको अवज्ञा हुने गरी कुनै काम कारबाही गरेको नदेखिएबाट उक्त आदेशहरूको अवज्ञा गरी निज निवेदकहरूको घर टहरा भत्काई क्षति पुर्‍याएको भन्ने निवेदन दाबी पुग्न नसक्नेसमेत भएकाले निवेदकहरूको मागबमोजिम अदालतको अवहेलना भएको भन्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : सुमेधा खनाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल असोज ४ गते रोज ५ शुभम्।

## इजलास नं. ६

**४४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**CI**-१६२३, लिखत दर्ता बदर दर्ता कायमसमेत, रत्नदेवी श्रेष्ठ वि. सोहन श्रेष्ठ*

तत्कालीन मुलुकी ऐनको लेनदेन महलको १० नं. मा "...अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुरी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ ..." भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । दाबीको कि.नं. २१९ को जग्गा प्रतिवादी रत्नदेवी श्रेष्ठको आफूखुस गर्न पाउने सम्पत्ति भएको भन्ने पुष्टि हुन नसकेको अवस्था विद्यमान रहेकोमा अंशबन्डाको १९(२) नं.को प्रावधानसमेतबाट दाबीको जग्गा प्रतिवादी रत्नदेवी श्रेष्ठले बिक्री गर्दा वादीको मन्जुरी लिनु नपर्ने अवस्था रहेको भनी भन्न मिल्नेसमेत देखिँदैन । यस परिप्रेक्ष्यमा फिराद दाबीको कि.नं. २१९ को जग्गा यी पुनरावेदक / प्रतिवादी रत्नदेवी श्रेष्ठको आफूखुसी गर्न पाउने सम्पत्ति भएको भन्ने पुष्टि नभई प्रत्यर्थी / वादीको समेत अंश भाग लाग्ने सम्पत्ति भएको देखिन आएको अवस्थामा उक्त जग्गाको हक हस्तान्तरण गरिदिँदा लेनदेन महलको १० नं. बमोजिम प्रत्यर्थी / वादीको मन्जुरी लिनुपर्नेमा सो भएको नदेखिएकोले दाबीको जग्गाको चार भागको एक भाग प्रत्यर्थी / वादीको हिस्सा जति जग्गाको दाबीको र.नं. १४५५(ग), मिति २०६८।११।११ को राजीनामा लिखत बदर हुने देखिन आयो । यस्तो स्थितिमा दाबीको र.नं. १४५५(ग), मिति २०६८।११।११ को राजीनामा लिखत बदर गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर गरी सुरू जिल्ला अदालतले गरेको फैसला उल्टी भई वादी दाबीको कि.नं. २१९ को जग्गाको चार भागको एक भाग वादीको हिस्साजति जग्गाको दाबीको लिखत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलामा अन्यथा भयो भनी भन्न मिल्ने अवस्था नदेखिने ।

तसर्थ, दाबीको र.नं. १४५५(ग), मिति २०६८।११।११ को राजीनामा लिखत बदर गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर गरी सुरू जिल्ला अदालतले गरेको फैसला उल्टी भई वादी दाबीको कि.नं. २१९ को जग्गाको चार भागको एक भाग वादीको हिस्साजति जग्गाको दाबीको लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०५।०६ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । पुनरावेदक / प्रतिवादी रत्नदेवी श्रेष्ठको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल चैत्र ९ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७३-**CI**-१६२४, लिखत दर्ता बदर दर्ता कायमसमेत, रत्नदेवी श्रेष्ठ वि. सोहन श्रेष्ठ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**CI**-१६१२, नामसारी कायलनामा लिखत दर्ता बदर दर्ता, रमेशसिंह भूमिहार वि. लालेश्वरीदेवीसमेत*

पुनरावेदक / वादी रमेश सिंह भूमिहारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रस्तुत मिसिल संलग्न फैसलाका प्रतिलिपिहरूबाट मूलपुरूष विलाससिंह भूमिहारका ३ छोरा जेठा राजेन्द्र सिंह, महिला चन्द्रमा सिंह र कान्छा विरेन्द्रसिंह रहेकोमा माहिला चन्द्रमा सिंहले अन्य दुई भाइ राजेन्द्र सिंह तथा विरेन्द्र सिंहउपर सर्लाही जिल्ला अदालतमा वि.सं. २०२८ सालमा अंश मुद्दा दिई सो अदालतबाट मिति २०३०।०४।२१ मा ३ भागको १ भाग वादीले अंश पाउने ठहर भई फैसला भएको र उक्त फैसला मिति २०३२।१०।०९ मा जनकपुर अञ्चल अदालतबाट समेत सदर भएको देखिन्छ । यसरी अन्तिम भई बसेको उक्त फैसलाबमोजिम चन्द्रमा सिंहले

आफ्नो अंश भाग लिएको र बाँकी २ भाग अंश जेठा राजेन्द्र सिंहकै नाउँमा रहेको र मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाहरूबाट राजेन्द्र सिंहको नाउँको अंश भागको जग्गा विभिन्न व्यक्तिहरूमा हक हस्तान्तरण भएको देखिन्छ । मिसिल संलग्न मालपोत कार्यालय सर्लाहीको मिति २०६८।१०।५ को टिप्पणी आदेशको प्रतिलिपिबाट जेठा राजेन्द्र सिंहको नाउँमा रहेको कान्छा विरेन्द्र सिंहको अंश भागको जग्गा पनि निज राजेन्द्र सिंहको मृत्युपश्चात् निजका छोराहरू उदयनारायण सिंह, मोहन सिंह र राम सिंहका नाममा नामसारी भई हक कायम भएको साथै उक्त निर्णयको पिठमा तत्कालीन धनकौल गा.वि.स.का सचिव प्रतिवादी मेधु साह बनियाँले राजेन्द्र सिंहका हकदार निजका छोराहरूबाहेक अरू कोही छैनन् भनी सनाखतसमेत गरेको देखिने ।

तसर्थ, वादी रमेश सिंह भूमिहारको हकमासम्म नामसारी दर्तासमेत बदर हुने ठहर गरी सुरू सर्लाही जिल्ला अदालतले गरेको मिति २०७१।०२।०४ को फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०५।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी रमेशसिंह भूमिहारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल चैत्र ९ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७३-**CR**-१४५९, जालसाजी, रमेशसिंह भूमिहार वि. लालेश्वरी देवीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**४६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**CI**-१६५७, जग्गा दाखिल खारेज दर्तासमेत, मोहीलाल राउत गद्दीसमेत वि. वकिल मियाँ*

पुनरावेदक / वादी मोहीलाल राउत गद्दीसमेतको पुनरावेदन जिकिरतर्फ हेर्दा, कि.नं. २९, ७८ र ४५ को जग्गाहरू पुनरावेदक/वादीको नाउँमा दर्ता रहेको भन्ने देखिन आएको छ । वादीको नाउँमा दर्ता रहेको कि.नं. २९ को जग्गा हाल सर्भे नापी हुँदा कि.नं. ३८ मा नापी भएको देखियो । हाल सो कि.नं. ३८ को जग्गा के कस्तो अवस्थामा रहेछ भनी सुरू पर्सा जिल्ला अदालतबाट भई आएको मिति २०६९।०४।३० को नक्सा मुचुल्का हेर्दा न.नं. १, ३ र ७ समेत साबिक कि.नं. २९ हालको कि.नं. ३८ अन्तर्गत रहेको भनी सो नक्सा मुचुल्कामा उल्लेख भएको पाइन्छ । नक्सा मुचुल्काको न.नं. १ मा मस्जिद भएको र सो न.नं. १ सँगै जोडिएर रहेको न.नं. १६ कि.नं. ३७ मा मस्जिदको पक्की भवन भएको भन्ने जनिएको देखिन्छ । त्यसैगरी न.नं. १६ को पूर्वतर्फ मस्जिदको भवनबाट बाहिर निस्कने सिँढीसमेत रही न.नं. ३ को जग्गामा निस्कने बाटो रहेको देखिन्छ । यसरी न.नं. १ मा मस्जिद रहेको र न.नं. ३ मा न.नं. १६ मा रहेको मस्जिदको पक्की भवनबाट बाहिर निस्कने खाली जग्गा रहेबाट न.नं. १ र ३ को जग्गा सार्वजनिक प्रयोगमा रहने मुस्लिम धर्मावलम्बीहरूको पवित्रस्थल मस्जिदकै भोगचलन एवं प्रयोगमा रहेको पुष्टि हुन आउँछ । यसरी वादीको साबिक कि.नं. २९ को जग्गामा सार्वजनिक प्रयोगको धार्मिकस्थल मस्जिदसमेत निर्माण भई लामो समयदेखि नै सो जग्गा मस्जिदले नै भोगचलन गर्दै आइरहेको देखियो । यसरी वादीले आफ्नो साबिक कि.नं. २९ को जग्गामा लामो समयदेखि नै सार्वजनिक प्रयोगको धार्मिकस्थल मस्जिद निर्माण भई सञ्चालनमा आए पनि वादीले प्रस्तुत मुद्दामा सो मस्जिदलाई प्रतिवादी बनाएको पनि देखिँदैन । नक्सा मुचुल्काबाट वादीको घर बसोबास न.नं. १ मा रहेको मस्जिदको छेउमा नै जोडिएर रहेको देखिन्छ । आफ्नै घर बसोबासअगाडि आफ्नो नाउँमा दर्ता कायम रहेको जग्गामा सार्वजनिक मस्जिद निर्माण भई सार्वजनिक प्रयोग भइरहेको देख्दादेख्दै वादीले कुनै अवरोध रोकावट नगरी उक्त जग्गा सार्वजनिक प्रयोग एवं भोगको लागि समर्पण गरिरहेको देखियो ।

तसर्थ, अदालतबाट भएको नक्साको न.नं. ७ को जग्गा मस्जिद जाने बाटो, न.नं. ३ को जग्गा मस्जिद र न.नं. २, ४, ५, १३ को जग्गा वादीको हककायम

हुने ठहर्ने साथै न.नं. १४ को जग्गामा वादी स्वयंको हकभोग रहेको देखिँदा सोतर्फ न्याय निरूपण गर्नुपर्ने अवस्था देखिएन भनी न.नं. ११ को जग्गामध्ये वादीले लगाउको चलन हटकको मुद्दाबाट चलन पाएकोतर्फ कि.नं. २६ मध्ये ०-०-२ धुर जग्गामा वादीको हक कायम गरी निज वादीको नाउँमा दर्ता हुने ठहर गर्नुपर्नेमा सोतर्फ केही नबोलेको सुरू पर्सा जिल्ला अदालतको मिति २०७०।०१।२५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वादीको साबिक कि.नं. ७८ को क्षेत्रफल ०-०-२ धुर जग्गा प्रतिवादीको नाउँमा हाल कि.नं. २६ बाट नापी भएको हदसम्म वादीको हकको देखिँदा हाल साबिक गरी लगाउको चलन हटक मुद्दामा चलन पाएतर्फबाट कित्ताकाट गरी वादीको नाउँमा दर्तासमेत हुने ठहर्ने साथै अरू सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०२।०४ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । मस्जिद रहेको र मस्जिदले भोगेको जग्गा बाटोसमेतमा हक कायम गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल चैत्र ९ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७३-**CI**-१४२३, जग्गा खिचोला चलन, श्यामबहादुर श्रेष्ठ वि. मेजरमान गोलेसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**४७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-**CI**-०५५७, जग्गा खिचोला चलन चलाइपाऊँ, जगतारनी देवीसमेत वि. रामअशिष महतो*

जिल्ला धनुषा, रघुनाथपुर गा.वि.स., वडा नं. १ को ०-१५-० जग्गा प्रतिवादीहरूले खिचोला गरेको भन्ने वादी दाबी भएकोमा आफ्नो पिताले हदमुनिको राजीनामाबाट खरिद गरिलिएको जग्गा जिल्ला धनुषा रघुनाथपुर वडा नं. २(छ) को कि.नं. १४२ को बगरको ६३-१७-१८ मध्येको जग्गा हो, भन्ने प्रतिउत्तर जिकिर रहेको देखिएकोमा सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७०।४।१९ मा भई आएको नक्सा मुचुल्का हेर्दा साबिक जिल्ला सिराहा भोक्राहाको नक्सा प्रिन्टलाई आधार बनाई नापनक्सा मुचुल्का गरेको देखिन्छ । वादी दाबी वडा नं.१ को जग्गामा रहे पनि साबिक सिरहा भोक्राहा गा.वि.स. वडा नं.१ हाल जिल्ला धनुषा, रघुनाथपुर गा.वि.स. वडा नं. २ अन्तर्गतका जग्गाहरू भनी नक्सा मुचल्का भएको देखिन आउँछ । यसरी वादी दाबीको जग्गा रघुनाथपुर वडा नं. १ मा रहेकोमा वडा नं.२ मा के कसरी कायम हुन आयो **?** प्रतिवादीको कि.नं. १४२ को जग्गाको अवस्थितिको स्थान कुन हो **?** आदि जस्ता प्रश्नका अतिरिक्त पुनरावेदन अदालत जनकपुरको फैसलामा उठाइएका प्रश्नहरूका सम्बन्धमा यकिन नगरी इन्साफ हुन सक्ने अवस्था नदेखिने ।

सुरू अदालतले आफ्नो तहबाट बुझ्नुपर्ने प्रमाणहरू बुझी फैसला गरिसकेको अवस्थामा बुझ्नुपर्ने देखिएका थप प्रमाणहरू स्वयम्ले बुझी इन्साफ गर्दा समय, खर्च र श्रमको बचत भई ढिलाइले प्रश्रय पाउने अवस्था पनि न्यून हुन पुग्छ । ढिलो न्याय दिनु न्याय नदिनुसरह हो भन्ने न्यायिक मान्यतालाई मनन गरी न्यायमा ढिलाइले प्रश्रय नपाओस् भन्नेतर्फ हामीले सदा सजग र सचेत भई कार्य गर्नुपर्ने हुन्छ । तल्लो तहमा लामो समयसम्म कारबाही र किनारा भई पुनरावेदन परी पुनरावेदनको चरणमा कारबाही भएको मुद्दालाई पुनः प्रमाण बुझी इन्साफ गर्न सुरू अदालतमा पठाउँदा स्वाभाविक रूपले ढिलाइले प्रश्रय पाउने अवस्था सिर्जित हुन्छ । थप प्रमाण बुझ्न तल्लो तहमा पठाउने अधिकार पुनरावेदन तहलाई रहने देखिए पनि जुनसुकै अवस्थामा थप प्रमाण बुझ्न तल्लो तहमा नै पठाउनुपर्छ भन्ने सोचलाई न्यायोचित मान्न नमिल्ने ।

अतः उल्लिखित आधार, कारण, कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको रोहमा सुरू धनुषा जिल्ला अदालतको फैसला बदर गरी जे जो बुझ्नु बुझी इन्साफ गर्नु भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।११।३० मा भएको फैसला मिलेको नदेखिँदा

उल्टी हुने । अब प्रस्तुत फैसलामा उठाइएको प्रश्न र ताहाँको मिति २०७२।११।३० को फैसलामा उठाइएका प्रश्नसमेतको निराकरण गरी अन्य जे जो बुझ्नुपर्ने हो बुझी साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ख) हाल न्याय प्रशासन ऐन, २०७३ को दफा १४(ख) बमोजिम स्वयंले इन्साफ गर्नु भनी सुरू र रेकर्ड मिसिलसहित यस अदालतमा तारेखमा रहेका पक्षहरूलाई तारेख तोकी उच्च अदालत जनकपुर पठाइदिनू।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर अपरेटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल फागुन १८ गते रोज ५ शुभम्।

४८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७०-**CI**-०७३४, ०७०-**CI**-०८५६, घरजग्गा कब्जा खिचोला चलन, चन्देश्वर राय वि. प्रेमलाल दास तत्मा, रामअशिष दास तत्मा वि. चन्देश्वर राय

वादीका दाताले नै कि.नं. ७३९ को जग्गामा रहेको भनिएको घरमा आफ्नो हक स्थापित गराउन नसकेको अवस्थामा सो घरसमेत निजबाट आफूले अचल सम्पत्तिका रूपमा खरिद गरी लिएको भन्ने पुनरावेदक वादीको कुरा विश्वासलायक देखिँदैन । कि.नं. ७३९ को उक्त जग्गामा प्रतिवादीको घर पहिलादेखि नै रहेको कुरा उक्त लिलामी मुचुल्काको कागज तथा वादीको साक्षीसमेतबाट पुष्टि भइरहेको अवस्था छ । कि.नं. ७३९ को जग्गा र सोमा देखिएको न.नं. ९ को घर प्रतिवादीको भोगमा रहेको भनी नक्सा मुचुल्कामा नै झगडा जनिएको देखिएको छ । उक्त जग्गा वादीको दर्ता स्रेस्तामा रहेको देखिँदा घरले चर्चेको र निकास बाटोबाहेकको कि.नं. ७३९ को जग्गामा प्रतिवादीले गरेको भोगलाई खिचोला कब्जा मान्नुपर्ने नै हुँदा उक्त जग्गाबाट न.नं. ९ को घरले चर्चेको जग्गाबाहेकको जग्गामा प्रतिवादीले खिचोला गरेको नै देखिने।

अतः नक्सामा देखिएको न.नं. १ को घर जग्गा र न.नं. ९ को जग्गामासम्म प्रतिवादीले खिचोला गरेको देखिँदा वादी दाबीबमोजिम सो हदसम्म प्रतिवादीले खिचोला गरेको ठहर्छ भन्ने बेहोराको सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६७।०१।१५ मा फैसला भएको केही उल्टी गरी फैसलाको ठहर खण्डमा उल्लेख नभएको कि.नं. ८२६ र ५९७ को जग्गामा समेत तपसिल खण्डमा उल्लेख गरी खिचोला ठहऱ्याएको सो हदसम्मको सर्लाही जिल्ला अदालतको मिति २०६७।०१।१५ को फैसलाको तपसिल खण्डको उक्त बेहोरा बदर हुने र कि.नं. ९०९ को जग्गा तथा सोमा रहेको घरमा प्रतिवादीले खिचोला गरेको ठहऱ्याएको फैसला सो हदसम्म मिलेको हुँदा सो सदर हुने ठहऱ्याएको र कि.नं. ७३९ को जग्गामा खिचोला नठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसला सो हदसम्म नमिलेको हुँदा सो बदर भई कि.नं. ७३९ को जग्गामा रहेको प्रतिवादीको घरमा जाने आउने निकाससहित उक्त घरले चर्चेको वरिपरिको ३ फुट जग्गाबाहेक बाँकी जग्गामा प्रतिवादीले खिचोला गरेको ठहर्छ भन्ने पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०२।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी र पुनरावेदक प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल भाद्र १९ रोज ३ शुभम्।

४९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-**CI**-१३१६, कब्जा छोडाई चलन, महेन्द्र राय यादवसमेत वि. शिवनाथप्रसाद यादव*

विवादित जग्गा आ-आफ्नो भएको दाबी गर्दै वादी प्रतिवादी दुवै पक्षले जिकिर लिएको अवस्थामा सो जग्गा कसको स्वामित्वको हो भनी निर्णयमा पुग्नुपर्ने देखियो । विवादित जग्गा साबिकमा वादीका पिता रामचन्द्र राय यादवका नाउँमा दर्ता रहेकोमा रामचन्द्र राय यादवको मृत्युपछि निजका छोरा वादीहरूले नामसारीका लागि निवेदन दिई मालपोत कार्यालय बाराको मिति २०६७।०१।२६ को निर्णयबमोजिम निजहरूका नाउँमा नामसारी भएको देखिन आएको

छ। प्रतिवादीले मेरा पिता गंगा राय यादवका नाउँमा रहेको सो जग्गा वादीहरूले गैरकानूनी रूपमा नामसारी गराई लिएकाले दोहोरो रूपमा दर्ता भएको वादीको नामसारी बदर गरिपाउँ भनी निवेदन दिएकोमा सो निवेदनबमोजिम भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकबाट मिति २०६७।१२।०४ मा वादीहरूको नाउँमा कायम स्रेस्ता बदर हुने ठहरेको र वादीहरूको स्रेस्ता खारेज गरी शिवनाथ राउतको निवेदनबमोजिम निजका नाउँमा नामसारी हुने गरी मालपोत कार्यालय बाराबाट मिति २०६७।१२।२८ मा निर्णय भएको पाइने।

प्रतिवादीले प्रतिउत्तरसाथ पेस गरेको मिसिल संलग्न गंगा राय यादवको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि हेर्दा मिति २०३३।०४।२० को निर्णय पर्चा आदेशानुसार कि.नं. १२७ को जग्गा रामचन्द्र राय यादवको नाउँबाट दाखिल खारेज भई कायम हुन आएको भनी उल्लेख भएको पाइन्छ । प्रतिवादीले पेस गरेको मिति २०३३।०४।२० को निर्णयको प्रतिलिपि हेर्दा रामचन्द्र राय यादवले रू.९९।- लिई गरिदिएको सुक्री बिक्री राजीनामाको आधारमा गंगा राय यादवको दाखिल खारेजका लागि निवेदन परी भूमि प्रशासन कार्यालय, बाराबाट उक्त निर्णय भएको देखिन्छ । भूमि सुधार तथा मालपोत कार्यालय बाराले मिति २०७७।१०।१४ मा पठाएको पत्रमा जग्गाधनी प्रमाण पुर्जाबमोजिम स्रेस्ता खोजतलास गर्दा सक्कल स्रेस्ता फेला नपरेको तर मोठ स्रेस्तामा जग्गाधनी गंगा राय लेखिएको प्रतिलिपि राखिएको देखिएको भनी जवाफ प्राप्त भएको पाइयो। उल्लिखित प्रतिवादीका पिता गंगाराय यादवको जग्गाधनी स्रेस्तामा उल्लेख भएको कैफियत बेहोराबाट समेत उक्त कुरा पुष्टि हुन आएको पाइन्छ। दाबीको जग्गा भूमि प्रशासन कार्यालय, बाराको मिति २०३३।०४।२० को निर्णयबमोजिम प्रतिवादीका पिताका नाउँमा दाखिल खारेज भएको देखिएकोमा सो निर्णयलाई वादीहरूले कहीँकतै चुनौती दिई बदर गराउन सकेको वा सो बदर भएको भन्ने कुरा देखाउन सकेको पाइएन । यस स्थितिमा मिति २०३३।०४।२० को निर्णयबाट दाबीको जग्गा प्रतिवादीको पिताका नाउँमा दाखिल खारेज भएको देखिने।

अतः उक्त कि.नं. १२७ को ०-५-० जग्गा प्रतिवादीका पिता गंगाराय यादवको देखिई अदालतबाट भएको नापनक्सा मुचुल्कासमेतबाट सो जग्गा गंगा राय यादवका छोरा प्रतिवादी शिवनाथ राय यादवको भोगमा देखिएकोसमेतका आधार कारणहरूबाट विवादित जग्गाको प्रतिवादीको दर्ता जेठो देखिएको हुँदा प्रतिवादीहरूले कब्जा खिचोला गऱ्यो भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको मिति २०७०।०१।२३ को फैसला मिलेकै सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।०२।१२ को फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल भाद्र १९ गते रोज ३ शुभम्।

५०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७९-**WH-**०२८३, बन्दीप्रत्यक्षीकरण, दिवाकर पुरी वि. महानगरीय प्रहरी प्रभाग बलम्बु, काठमाडौंसमेत

निवेदक एकराज पण्डितले निजउपर चलाइएको अभद्र व्यवहारसमेतको मुद्दामा, मिति २०८०।०४।०३ मा भएको थुनछेकको क्रममा माग गरिएको रू.३५,०००।- (पैँतिस हजार मात्र) धरौटी रकम बुझाई थुनामुक्त भई हाल तारेखमा रहेको भन्नेसमेत बेहोरा खुलाई विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले लिखित जवाफ फिराएको देखिन्छ । साथै, नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ताले बहसको क्रममा माग गरिएको धरौट रकम भुक्तान गरी निवेदक थुनामुक्त भइसकेको भनी इजलाससमक्ष जानकारी गराउनु भएको छ। यसरी गैरकानूनी थुनामा रहेको भनी दाबी गरिएको निवेदक एकराज पण्डित थुनामुक्त भइसकेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी

गर्नुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल साउन २३ गते रोज ३ शुभम्।

**५१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७१-**CI**-०४४०, खिचोला छोडाई घर खाली गराई चलन, अक्षलाल दास तत्वा वि. दरोगा महतो कोइरी*

पुनरावेदक वादीले भोगको प्रमाण नबुझेको भन्ने जिकिर लिएको देखिएको सम्बन्धमा विचार गर्दा, नापी कार्यालय, पर्साबाट प्राप्त हुन आएको फिल्डबुक उतारमा उक्त कि.नं. ४७ को जग्गा घडेरी जग्गा भई जग्गा नाप जाँच ऐन, २०१९ को दफा ५ र ६ बमोजिम स्ववासी (घरबारी) मा दर्ता रहेको भन्ने देखिन्छ। अर्थात्, फिल्डबुकले नै उक्त जग्गामा व्यक्तिको बसोबासलाई दर्साउँछ। साथै, सो फिल्डबुक उतारको कैफियत महलमा प्रतिवादी दरोगा महतो कोइरीको भोग भन्ने कैफियत बेहोरा उल्लेख भएको उल्लेख भएको देखिन आउँछ। फिल्डबुकको उल्लिखित कैफियत बेहोरा विपरीत विवादित जग्गामा पुनरावेदक वादीको भोग बसोबास रहेको देखिने वा फिल्डबुकलाई चुनौती दिन सक्ने अन्य प्रमाणसमेत पेस भएको अवस्था छैन। त्यस्तै, प्रतिवादीको भोग टुटेको, निरन्तर भोगमा बिराम आएको वा प्रतिवादीले सो जग्गामा भोग बसोबास छाडेको पुष्टि हुने कुनै प्रमाण कागज मिसिल संलग्न रहेको नपाइएको अवस्थामा सरकारी कार्यालयबाट प्राप्त प्रत्यक्ष एवम् निश्चयात्मक प्रमाणको रूपमा रहेको फिल्डबुक उतारको विपरीत हुने गरी भोगको प्रमाण बुझ्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

पुनरावेदकका पिता रामवृक्ष दासको नाउँमा मिति २०५८।१२।१२ मा दर्ता भई पुनरावेदक वादीले अंशबन्डाबाट पाएको उल्लिखित कि.नं. ४७ को जग्गा मिति २०६५।१।२३ मा दा.खा. दर्ता भई वादीले जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत प्राप्त गरेको देखिन्छ। यसबाट उल्लिखित जग्गामा कानूनतः वादीको स्वामित्व देखिन्छ। तर स्वामित्वले मात्र भोग निर्धारण गर्दैन। सामान्यतया स्वामित्ववाला व्यक्तिकै भोग रहेको अनुमान गर्न सकिए पनि यथार्थमा भोग अन्य व्यक्तिको हुनसक्ने तथ्यलाई अन्देखा गर्न मिल्दैन। कानूनतः स्वामित्व हुँदैमा स्वामित्ववाला नै वास्तविक भोगकर्ता हुनुपर्छ भन्ने सोच भोगसम्बन्धी विधिशास्त्रीय अवधारणा प्रतिकूल हुन्छ। कानूनतः एकाको स्वामित्व र भोग निरन्तर रूपमा अन्य व्यक्तिको रहेको अवस्थालाई विधिशास्त्रले प्रतिकूल भोगाधिकार (**adverse possession**) को रूपमा अर्थ्याएको देखिने।

अतः प्रतिवादी दरोगा महतो कोइरीले मिति २०५६।१०।१९ मा नापी हुनुभन्दा वर्षौंअघिदेखि भोग गरी आएको कि.नं. ४७ को जग्गाका सम्बन्धमा वादीका पिता रामवृक्ष दासले नै कुनै उजुर बाजुर नगरी वादीको भोगाधिकारलाई वैधता दिएको देखिएको अवस्थामा सुरू पर्सा जिल्ला अदालतबाट प्रतिवादीले खिचोला गरेको ठहर्‍याई भएको फैसला उल्टी गरी प्रतिवादीले कि.नं. ४७ को जग्गामा निरन्तर भोग गरेकोले खिचोला गरेको ठहर्दैन भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।०९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल साउन २४ गते रोज ३ शुभम्।

**५२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-**CR**-०७६१, जबरजस्ती करणी, नेपाल सरकार वि. गगन नेपालीसमेत*

जाहेरवाली परिवर्तित नाम दैलेख (घ) ले मिति २०७०।१०।१६ गते रातको अन्दाजी २१:०० बजेको समयमा काँडेचौरस्थित होटलमा लगी जबरजस्ती करणी गर्ने भनी गगन नेपाली र मिति २०७०।१०।१३ गते रातको अन्दाजी १०:०० बजेको समयमा ना ४ख ७५८४ नं. को बसको क्याबिनभित्र जबरजस्ती करणी गर्ने नेत्रसिंह सुनार भनी सनाखत प्रक्रियामा

संलग्न भई मिति २०७०।११।०८ मा दुवै प्रतिवादीको पहिचान गरेको देखिन्छ । प्रतिवादी भरतबहादुर खड्का प्रारम्भदेखि नै मुद्दामा नजोडिई वारेन्टसहितको म्यादीपुर्जीको म्यादभित्र अदालतमा हाजिर भएको कारण निजको हकमा सनाखतको उल्लिखित प्रक्रिया पूरा भएको देखिन आउँदैन । यद्यपि, जाहेरवाली परिवर्तित नाम दैलेख (घ) ले मिति २०७१।०६।२७ मा अदालतमा उपस्थित भई बकपत्र गर्दा सो बकपत्रको सवाल जवाफ ३ मा प्रतिवादीमध्ये भरतबहादुर खड्कालाई चिन्दिन भन्ने उल्लेख गरेको देखिन्छ। जाहेरवालीको उल्लिखित बकपत्रको सवाल जवाफ ५ मा पुनः भरतबहादुर खड्काले मोटरसाइकलमा लिई आई खुर्सानीबारीको जङ्गलमा करणी गरे भन्ने बेहोरा उल्लेख गरेको देखिन आए पनि सोही बकपत्रको सवाल नं. ४२ को जवाफ दिने क्रममा भरतबहादुर खड्कालाई चिन्दिनँ यहाँ बकपत्र गर्दा उपस्थित भएका तीन जनामध्ये दुई जना प्रतिवादी नेत्रसिंह सुनार र गगन नेपालीलाई चिन्दछु र अर्का प्रतिवादीलाई चिन्दिन । यहाँ उपस्थित भएका भरतबहादुर खड्काले मलाई जबरजस्ती करणी गरेका होइनन् भनी प्रतिवादी भरतबहादुर खड्कालाई सनाखत गर्दै आफूले सवाल जवाफ ५ मा उल्लेख बेहोरा खण्डन हुने गरी बकपत्र गरिदिएको देखिन आउँछ। त्यस्तै, सवाल जवाफ ४३ मा मलाई भरतबहादुर खड्काले करणी गरेका होइनन् । यहाँ उपस्थित भएका भरतबहादुर खड्का वारदातमा थिएनन् । मलाई भरतबहादुर खड्काको नाम अरूले नै दिएकाले मैले जाहेरीमा सोही नाम राखेकी हुँ भनी भरतबहादुर खड्काको वारदातमा संलग्नता नरहेको बेहोरा पुष्टि हुने गरी जाहेरी दरखास्त र मौकामा भएको कागजभन्दा फरक बेहोराको बकपत्र गरिदिएको देखिने।

परिवर्तित नाम दैलेख (घ) को बायाँ हातको औंलाहरू जलेका कारण कानूनतः निजले प्राप्त गरेको अपाङ्गताको परिचयपत्रको प्रयोजनतर्फ विचार गर्दा अपाङ्ग भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ को प्रस्तावनामा "अपाङ्ग भएका व्यक्ति विरूद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवन यापनको वातावरण सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले" भन्ने उल्लेख भएबाट सो ऐन अपाङ्गता भएको व्यक्तिको विभिन्न किसिमका अधिकारको सम्मान, अपाङ्गताको आधारमा निजउपर हुने भेदभावको अन्त्य, सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराउन एवम् निजहरूलाई स्वावलम्वी बनाउने उद्देश्यका साथ जारी भएको देखिन्छ । उल्लिखित प्रयोजनका लागि अपाङ्गता भएको व्यक्तिको पहिचान एवम् वर्गीकरण गरी परिचयपत्र दिने ऐनको प्रावधान अनुसार परिवर्तित नाम दैलेख (घ) ले मध्यम अपाङ्गतामा बर्गिकृत भई वर्ग 'ग' को अपाङ्गताको परिचयपत्र प्राप्त गरेकोलाई निजले प्राप्त गर्न सक्ने सामाजिक न्याय, सुरक्षा र सशक्तीकरणसँग जोडी हेर्नुपर्ने।

अतः प्रतिवादी भरतबहादुर खड्कालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५(पाँच वर्ष) कैद गर्ने र सबै प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजाय नगरी दैलेख जिल्ला अदालतबाट भएको फैसला प्रतिवादी भरतबहादुर खड्कालाई सजाय गरेको हदसम्म केही उल्टी गरी प्रतिवादीलाई सफाइ दिने र मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम प्रतिवादीहरूलाई थप सजाय नगरेको हकमा दैलेख जिल्ला अदालतको फैसला मिलेकै ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।०३।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल श्रावण १६ गते रोज २ शुभम्।

**५३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-**CR**-०५७४, ०७३-**CR**-*

*०७१८, जबरजस्ती करणी र जबरजस्ती चोरी, नेपाल सरकार वि. गोविन्द श्रेष्ठ, गोविन्द श्रेष्ठ वि. नेपाल सरकार*

जाहेरवालाहरूमध्येका परिवर्तित नाम ३१(र) तथा ३१(य) ले जाहेरीमा प्रतिवादीसमेत भई परिवर्तित नाम ३१(र) लाई जबरजस्ती करणी गर्ने प्रयास गर्दा भाग्न सफल भएको र परिवर्तित नाम ३१(य)लाई जबरजस्ती करणी गरेको बेहोरा उल्लेख गर्दै सोहीबमोजिम अदालतमा समेत बकपत्र गरे तापनि जाहेरवालाहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जाहेरवाला परिवर्तित नाम ३१(र) को शरीरमा कुनै प्रकारको चोट नरहेको र स्वास्थ्य अवस्थासमेत सामान्य रहेको देखिएबाट प्रतिवादी गोविन्द श्रेष्ठले निज परिवर्तित नाम ३१(र) लाई जबरजस्ती करणी गरेको पुष्टि हुने देखिँदैन । त्यस्तै जाहेरवाला परिवर्तित नाम ३१(य) को स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको शरीरका विभिन्न भागमा चिथोरिएका तथा कोतरिएका घाउहरू रहेको देखिएको, सो प्रतिवेदन बेहोरालाई समर्थन गर्दै तत्काल स्वास्थ्य परीक्षण गर्ने तथा विस्तृत स्वास्थ्य परीक्षण गर्ने टोलीमा रहेका डा. मिथलेश ठाकुरले अदालतमा बकपत्र गरेको तथा घटनास्थलमा सामानहरू यत्रतत्र फैलिएको देखिएबाट प्रतिवादी गोविन्द श्रेष्ठले जाहेरवाला परिवर्तित नाम ३१(य) लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुर गरेको पुष्टि हुने देखिने।

मुलुकी ऐन, चोरीको महलको १ र ४ नं.को कसुरका सम्बन्धमा विचार गर्दा, जाहेरवालाहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जाहेरवालाहरूको कानसमेतमा कुनै प्रकारको चोट नरहेबाट जाहेरवालाहरूले प्रतिवादीले कानको टप, गलाको सिक्री हातको औँठीसमेत लुटी लगेको भन्ने जाहेरी बेहोरा पुष्टि हुने देखिँदैन। प्रतिवादी गोविन्द श्रेष्ठले जाहेरवालाहरूको घरमा प्रवेश गरी जबरजस्ती चोरी गरेको कुरामा विश्वास लाग्छ भनी मौकामा कागज गर्ने व्यक्तिहरूले घटना प्रत्यक्ष रूपमा देखेको नभई सुनेको आधारमा उक्त कागज गरेको देखिन्छ । सुनी जान्ने प्रमाण प्रमाण नहुने भन्ने प्रमाण कानूनको प्रचलित सिद्धान्तका आधारमा प्रत्यक्षदर्शीहरू नरहेका मौकामा कागज गर्ने मानिसहरूको कागजलाई प्रमाणमा ग्रहण गर्न मिल्ने देखिँदैन। चोरी भएको भनिएका नगद गरगहनासमेतका धनमाल प्रतिवादीबाट बरामद भएको देखिँदैन। जाहेरवालाहरूको नगद गहनासमेतका धनमाल चोरी गरेको भन्ने भरपर्दो तथा वस्तुनिष्ठ प्रमाणहरूको अभावमा प्रतिवादी गोविन्द श्रेष्ठले मुलुकी ऐन, चोरीको महलको १ र ४ नं.को कसुर गरेको ठहर गर्न मिल्ने नदेखिने।

अतः, प्रतिवादी गोविन्द श्रेष्ठलाई मुलुकी ऐन, चोरीको महलको १ नं.को कसुरबाट सफाइ पाउने, मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ नं.को कसुरमा सोही महलको ३ नं.बमोजिम ५ वर्ष कैद तथा १० नं.बमोजिम पीडित परिवर्तित नाम ३१(य) ले प्रतिवादीबाट रू.७५,०००।– (पचहत्तर हजार रुपियाँ) क्षतिपूर्तिबापत भराइपाउने तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नं.बमोजिम थप सजाय नहुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।०३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकार तथा प्रतिवादी गोविन्द श्रेष्ठ दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

इति संवत् २०८० साल भदौ १० गते रोज १ शुभम्।

## ५४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-१७४१, घर खाली गरी भाडासमेत दिलाइपाऊँ, रोमन थापासमेत वि. सकिला राईसमेत*

विवादित कि.नं. ३७० को घरजग्गा पुनरावेदक प्रतिवादी रोमन थापा र रोजिना थापाले कि.नं. ३७० को घरजग्गा आमा विमला थापाले बुबा विद्याकुमार थापाबाट प्राप्त गरेको मिति २०६४।५।२४ को र.नं.११५०क को अंश छोडपत्र लिखत जालसाज घोषित गरिपाउँ भन्ने मुद्दा र विमला थापाले सकिला राईसमेतलाई बिक्री गरेको मिति २०६७।११।१२ को र.नं.१३१६घ को पारित राजीनामा लिखत जालसाज घोषित गरिपाउँ भन्ने मुद्दामा दाबी नपुग्ने ठहरी उक्त लिखतहरू बदर

नभई सदर कायम गरेको सुरू अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलाउपर परेको (मु.नं.०७३-**CR**-१५९६ र ०७३-**CR**-१५९६) पुनरावेदनमा आज यसै इजलासबाट उक्त फैसलाहरू सदर हुने ठहरी यी प्रत्यर्थी वादीहरूले बिमला थापासँग खरिद गरी लिएको राजीनामाको लिखत सदर कायम रहने गरी फैसला भएकोले उक्त दाबीको कि.नं. ३७० को घरजग्गामा वादीहरूको हक कायम भएको देखिँदा सो घरजग्गामा पुनरावेदक प्रतिवादीहरूको हक रहेको देखिएन। वादीहरूले कानूनबमोजिम खरिद गरी स्वामित्वमा रहेको घरजग्गा भोग चलन गर्न पाउनु निजहरूको अधिकार हुने हुँदा प्रतिवादीहरू अनधिकृत रूपले सो घरजग्गा कब्जा गरी बसिरहेको देखिँदा वादीले प्रतिवादीहरूबाट घर खाली गराइलिन पाउने नै देखियो। तसर्थ, उक्त वादी दाबीको कि.नं. ३७० को घर जग्गाबाट पुनरावेदक प्रतिवादीहरूले घर खाली गराइदिनुपर्ने तर घरभाडा भराइपाउँ भन्ने वादी दाबी नपुग्ने गरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, पुनरावेदक प्रतिवादीहरूबाट कि.नं. ३७० को घरजग्गा खाली गराइदिने र घरभाडासमेत भराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७२।३।३ को फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।८ को फैसला मिलेको देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : हेमराज शर्मा
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०८० साल भाद्र २५ गते रोज २ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-**CR**-१५९६, जालसाजी, रोमन थापा वि. सकिला राईसमेत
- ०७३-**CR**-१५९५, जालसाजी, रोमन थापासमेत वि. विद्याकुमार थापासमेत

५५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-**WH**-०२३३, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, परमादेशसमेत, राजकुमार लामा वि. उच्च अदालत पाटनसमेत*

सानु बाबु श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार र यी रिट निवेदक प्रतिवादी भएको ०७८-**CB**-०७२४ नं. को बैंकिङ कसुर मुद्दामा प्रतिवादीको हैसियतमा रहेका निज निवेदकले जाहेरवालालाई दिएको भनिएको चेक सेतीदेवी निर्माण सेवा उद्योगको नाममा रहेको तथ्य मिसिल संलग्न रहेको उक्त चेकको सक्कलप्रतिबाट खुल्न आउँछ। सो सेतीदेवी निर्माण सेवा उद्योगको ठेगाना तारकेश्वर नगरपालिका, वडा नं. ८ काठमाडौंमा रहेको तथ्य घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंको च.नं. २९७७ मिति २०७८।०७।२८ गतेको पत्रबाट देखिन्छ। यसरी निवेदक तारकेश्वर नगरपालिका, वडा नं. ८, काठमाडौंमा कार्यालय खोली व्यापार व्यवसाय गरी बसोबास गर्दैआएको देखियो। यी रिट निवेदक प्रतिवादी भएको उक्त ०७८-**CB**-०७२४ नं. को बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट निजको नाममा पहिलोपटक जारी भएको समाह्वान म्यादमा निजको ठेगाना नुवाकोट जिल्ला, ककनी गाउँपालिका, वडा नं. ६ उल्लेख रही मिति २०७८।११।०३ मा बेपत्ते तामेल भएको देखिन्छ। दोस्रो पटक जारी गरिएको म्यादमा निवेदकको ठेगाना काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका, वडा नं. ११ भन्ने उल्लेख भई मिति २०७९।३।८ मा बेपत्ते नै तामेल भएको पाइन्छ। उक्त म्याद बदर भएपछि निवेदकको नाममा उच्च अदालत पाटनबाट मिति २०७९।०३।२० गतेको राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा निजको ठेगाना काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका, वडा नं. ११ उल्लेख गरी एकपटक मात्र समाह्वान म्याद जारी भई प्रकाशित गरेको पाइने।

यी रिट निवेदक राजकुमार लामा हाल कारागार कार्यालय, नख्खु ललितपुर थुनामा रहेको देखिँदा निजलाई सो बैंकिङ कसुर मुद्दामा झिकाई सुनुवाइको मौका दिई बयान तथा थुनछेकलगायत मुद्दामा जे जो बुझ्नुपर्ने हो बुझी पुन: कानूनबमोजिम कारबाही किनारा गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। निवेदक कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीले दायर गरेको मुद्दाको सिलसिलामा थुनामा रहेको र उक्त मुद्दामा थप कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने अवस्था रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन । बन्दीप्रत्यक्षीकरणको हकमा सम्म रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल जेठ २९ गते रोज २ शुभम् ।

- यसै लगाउका ०७९-**WH**-०२३४, बन्दीप्रत्यक्षीकरण, धुव्रप्रसाद दाहाल वि. आश्रय समूह लागु औषध उपचार तथा पुनरर्थापना केन्द्रसमेत

५६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सुनिलकुमार पोखरेल**, *०८०-WH-०१८२, बन्दीप्रत्यक्षीकरणसमेत, शक्ति थापा वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकले उक्त मुद्दाहरूको कारबाहीको प्रक्रियामा म्याद सूचना नपाएको भनी लिएको जिकिरतर्फ हेर्दा उक्त मुद्दाहरूमा निवेदकलाई गुल्मी जिल्ला, गुल्मी दरबार गा.पा. वडा नं. ६ मा समाह्वान म्याद पठाइएकोमा उक्त ७ वटै मुद्दाहरूमा म्यादहरू बेपत्ते तामेल भएको भन्ने आधारमा उक्त म्यादहरू बदर गरी उच्च अदालत पाटनबाट यी निवेदक प्रतिवादीका नाममा अभियोग पत्रमा उल्लिखित वतनमा राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा समाह्वान म्याद प्रकाशन गर्नु भनी आदेश भएको देखिन्छ। उच्च अदालत पाटन वाणिज्य इजलासको आदेशानुसार यी निवेदकको नाउँमा राष्ट्रिय दैनिक गोरखापत्रमा ०७६-**CB**-१४४१ को मुद्दामा मिति २०७६।१२।०३ मा ०७६-**CB**-११४९, ०७६-**CB**-०९८९ र ०७६-**CB**-११५८ को मुद्दामा मिति २०७७।०८।२२ मा ०७६-**CB**-०४८८ नं. को मुद्दामा मिति २०७६।१२।०३ मा ०७६-**CB**-०३२७ को मुद्दामा मिति २०७६।१२।०३ मा र ०७६-**CB**-३२४० नं. को मुद्दामा मिति २०७७।०९।१३ मा निवेदकलाई उपस्थित हुन भनी प्रत्येक मुद्दामा एक पटक मात्र म्याद सूचना प्रकाशित गरेको देखिने।

निवेदक शक्ति थापा हाल कारागार कार्यालय, नख्खु, ललितपुरमा थुनामा रहेको देखिँदा निजलाई सो बैंकिङ कसुर मुद्दामा झिकाई, सुनुवाइको मौका दिई बयान तथा थुनछेकलगायतको कार्य तथा मुद्दामा जे जो बुझ्नुपर्ने हो बुझी पुनः मुद्दा कानूनबमोजिम कारबाही किनारा गर्न मिति २०८०।०३।११ को राजपत्रमा प्रकाशित सूचनाले बैंकिङ कसुर मुद्दा हेर्ने क्षेत्राधिकार तोकिए अनुसार सम्बन्धित जिल्ला अदालतमा पठाइदिनु भनी उच्च अदालत पाटनका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। रिट निवेदक प्रतिवादी रहेको उक्त बैंकिङ कसुर मुद्दाहरूमा पुनः कारबाही चलाई निवेदकको हकमा सोहीबमोजिम हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत : महेन्द्र प्रसाद पौडेल

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल पौष ८ गते रोज १ शुभम्।

## इजलास नं. ७

५७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७१-CI-१६३९, उत्प्रेषणसमेत, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं वि. पुस्तुनचन्द्र सिंह प्रधानसमेत*

अखण्ड शमसेर ज.ब.रा. र लिने ज्ञानु शाहसमेत भएको र.नं. ७६४० मिति २०५९।११।१४ को विवादित कि.नं. ४७३ को ज.रो.०-७-१-० को राजीनामाको लिखत बदर हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति

२०६७।१०।२४ मा दावीबमोजिम राजीनामाको लिखत बदर हुने ठहरी फैसला भएको र तत्कालिन पुनरावेदन अदालतमा सोउपर प्रतिवादीको पुनरावेदनसमेत परेकोमा मिति २०६९।६।२९ मा प्रतिवादीले उक्त पुनरावेदन मुलुकी ऐन, अ.वं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिएको हुँदा काठमाडौं जिल्ला अदालतको उक्त मिति २०६७।१०।२४ को फैसला अन्तिम रहेको र सोही फैसला कार्यान्वयनको सिलसिलामा काठमाडौं जिल्ला अदालतबाट पत्राचार गर्दासमेत मालपोत कार्यालय, चावहिलबाट निवेदकको नाउँमा दा.खा. दर्तासमेत नगरी अदालतको फैसलाविपरीत निवेदन तामेलीमा राख्ने गरी मालपोत कार्यालय, चावहिलबाट मिति २०७०।१०।१३ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी अदालतको फैसलाअनुसार निवेदकको नाउँमा कानूनबमोजिम दा.खा.दर्ता गरिदिनु भनी विपक्षी मालपोत कार्यालयसमेतका नाउँमा परमादेशसमेत जारी हुने ठहऱ्याई तत्कालिन पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।०४।१४ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिर र यस अदालतबाट मिति २०७८।०१।०५ मा प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको आधारसँग यो इजलास सहमत हुन नसकिने ।

तत्कालिन पुनरावेदन अदालतबाट मिति २०७१।०४।१४ मा फैसला हुँदा रिट निवेदन माग भएबमोजिम रिट जारी भए तापनि ठहर खण्डमा साबिकको कि.नं. २७ का सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।०१।१६ मा फैसला भएको र उक्त विषयमा मिति २०६७।१०।२४ को काठमाडौं जिल्ला अदालतको नि.नं. २४७ मा उल्लिखित २०६६ को दु.दे.नं. ५४५१ को लिखत बदर मुद्दामा उल्लिखित आधार, प्रमाणका आधारमा समेत र.नं.७६४० को मिति २०५९।११।१४ को मालपोत कार्यालय चाहविल काठमाडौंबाट पारित लिखत बदर ठहरी वादीको नाउँमा जग्गा दर्ता हुने ठहर फैसला अन्तिम भएर रहेको देखिन्छ । साथै सार्वजनिक जग्गा भएमा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम जुनसुकै समयमा बदर गर्न सकिने कानूनी प्रावधान भएको हुँदा हाल अदालतको फैसलाबमोजिम दा.खा.दर्ता गर्ने परमादेशको आदेश मिलेकै देखिन आएकोले रिट निवेदन मागबमोजिम रिट जारी हुने गरी भएको पुनरावेदन अदालत पाटनको आदेशलाई अन्यथा मान्नुपर्ने नदेखिने ।

मालपोत कार्यालय, चावहिलबाट निवेदकको नाउँको कि.नं.४७३ जग्गाको तेरो मेरोसम्बन्धी विवाद साधिकार निकायबाट २०६६ दु.दे.नं. ५४५१ को मुद्दामा नै र.नं. ७६४० को मिति २०५९।११।४ को राजीनामाको लिखत र दर्ता बदर भई वादीको नाउँमा जग्गा हुने ठहर भई विवादको निरूपण भई मिति २०६७।१०।२४ मा समेत दूषित लिखत बदर हुने फैसला भइसकेको अवस्थामा उक्त फैसला कार्यान्वयन नगरी तामेलीमा राख्ने मिति २०७०।१०।१३ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी अदालतको फैसलाअनुसार निवेदकको नाउँमा कानूनबमोजिम दा.खा.दर्ता गरिदिनु भनी विपक्षी मालपोत कार्यालयसमेतका नाउँमा परमादेशसमेत जारी हुने ठहऱ्याई तत्कालिन पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।०४।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७८ साल मंसिर १७ गते रोज ६ शुभम् ।

**५८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-WO-००५४, उत्प्रेषणयुक्त परमादेश, देवकी प्याकुरेल वि. काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

प्रत्यर्थी काठमाडौं विश्वविद्यालयबाट MBBS / BDS अध्ययनका लागि मिति २०७३।५।२४ (9 September, 2016) मा प्रकाशित सूचनाका आधारमा यी निवेदकले MBBS तहमा अध्ययनका लागि चाहिने आवश्यक प्रमाणपत्रसहितका कागजहरू संलग्न गरी अनलाइन माध्यमबाट फाराम भरेको देखिन्छ । रिट निवेदनसाथ पेस गरेको कागजातहरूबाट उच्च माध्यमिक शिक्षा परिषद् सम्बन्धन महाशाखाको Pre-requisite

Course सञ्चालनसम्बन्धी अत्यन्त जरूरी सूचनामा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सोसरह उत्तीर्ण गरी स्वास्थ्य विज्ञान विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वा सोद्वारा मान्यता प्राप्त संस्थाबाट ३ वर्षे प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई उच्च माध्यमिक तहको विज्ञान विषयको समूहसरहको समकक्षता प्रदान गर्ने सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद्ले आवश्यक पाठ्यक्रम तथा निर्देशिका तयार गरे अनुसार परिषद्बाट सम्बन्धन प्राप्त गरेका विद्यालयहरूले Pre-requisite Course सञ्चालन गर्न अनुमति माग गरेकोमा विश्व निकेतन उच्च माध्यमिक विद्यालय त्रिपुरेश्वर काठमाडौंसमेत ५ वटा विद्यालयले अनुमति प्राप्त गरेको देखिन्छ । Pre-requisite Course सञ्चालन गर्न अनुमति प्राप्त विश्व निकेतन उच्च माध्यमिक विद्यालय त्रिपुरेश्वर काठमाडौंबाट जारी भएको प्रमाणपत्र, उच्च माध्यमिक शिक्षा परिषद्बाट जारी भएको Mark Sheet, Migration Certificate र Provisional Certificate बाट निवेदकले २०७२ सालमा Grade ११ सिम्बल नं. १०२७ बाट ६८.३३% प्राप्त गरी पास गरेको देखिन्छ । निजले त्रिभुवन विश्वविद्यालय र CTEVT बाट सम्बन्धन प्राप्त कान्तिपुर कलेज अफ मेडिकल साइन्स, सीतापाइला काठमाडौंमा २०६८-२०७१ सम्म अध्ययन गरी Certificate in Medical Lab Technology (CMLT) प्रथम श्रेणीमा पास गरेको भन्ने सो कलेजबाट निवेदकलाई प्रदान गरेको Character Certificate, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), परीक्षा नियन्त्रणको कार्यालय, सानोठिमी भक्तपुरबाट निवेदकलाई प्रदान गरेको Migration Certificate, Certificate र Academic Transcript बाट देखिने।

राष्ट्रिय परीक्षा बोर्डको च.नं. ६९७ मिति २०७८।९।२६ को पत्रबाट प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद् (CTEVT) वा सोद्वारा मान्यता प्राप्त संस्थाबाट स्वास्थ्य विज्ञान विषयमा ३ वर्ष प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई सोही क्षेत्रसँग सम्बन्धित विषयमा माथिल्लो तहमा अध्ययन गर्नका लागि निजहरूले अध्ययन गरेको विषय र पाठ्यक्रमले नपुग हुने भएकोले तत्कालिन शिक्षा मन्त्रालयको निर्देशनबमोजिम साबिक उच्च माध्यमिक शिक्षा परिषद्ले उच्च माध्यमिक तहको विज्ञान विषयसरहको समकक्षता हुने गरी निज विद्यार्थीहरूका लागि मात्र पूर्वाश्यकता पाठ्यक्रम (Pre-requisite Course) निर्माण गरेको छ। सोबमोजिम हालसम्म देशभर ५ वटा विद्यालयहरूलाई उक्त विषय पढाउने अनुमति दिइएको छ । पाठ्यक्रम मुताबिक सम्बन्धित विद्यार्थीहरूले अनिवार्य अङ्ग्रेजी ८० पूर्णाङ्क, अनिवार्य नेपाली २० पूर्णाङ्क, भौतिक शास्त्र ५० पूर्णाङ्क (५० सैद्धान्तिक र १५ प्रयोगात्मक), रसायन शास्त्र ५० पूर्णाङ्क (५० सैद्धान्तिक र १५ प्रयोगात्मक), जीव विज्ञान ५० पूर्णाङ्क (५० सैद्धान्तिक र १५ प्रयोगात्मक) र गणित ५० पूर्णाङ्क गरी कूल ३०० पूर्णाङ्क अध्ययन गर्नुपर्ने, उत्तीर्ण प्रतिशत ४० कायम गरिएको तथा उक्त पाठ्यक्रम ३ महिनाको हुने व्यवस्था रहेको छ । पूर्वाश्यक पाठ्यक्रमको वार्षिक परीक्षा एक वर्षमा एकपटक सञ्चालन हुने एवं उक्त परीक्षामा कुनै एक विषयमा अनुत्तीर्ण वा अनुपस्थित हुने नियमित परीक्षार्थीका लागि सोही वर्ष मौका परीक्षाकोसमेत व्यवस्था गरिएको भन्ने देखिने।

प्राज्ञिक परिषद्को ६० औँ बैठक मिति २०६६।४।२५ को निर्णयमा कति अङ्कभारको Bridge Course गर्नुपर्ने उल्लेख नभएको अवस्था, ९ सेप्टेम्बर २०१६ को Kathmandu University, School of Medical Sciences को Admission notice for Undergraduate Programme २०१६ मा Candidates are enlisted to read eligibility criteria carefully भन्ने उल्लेख भएकै आधारमा Merit List मा सफल हुन प्रवेश परीक्षामा ७०% स्वत: हुनुपर्ने तथा ३०% १०+२ or equivalent qualification मान्नुपर्ने भनी सो अनुसार मार्क दिई प्रवेश परीक्षा उत्तीर्ण भएको परीक्षाफल (result) निकालिसकेपछि आफ्नो गल्तीले अर्काको भविष्य (carrier) बिगार्न पनि मिल्दैन । उक्त सूचनाको ३ नं. मा The University

can deny or cancel University registration any time on the basis of the University eligibility criteria or for any other valid reason भनिए तापनि व्यवहार र आचरणबाट प्रमाणपत्रको मान्यता दिई योग्यताको सूची प्रकाशन गरी भर्ना गरी सो अनुसार कलेजमा पढ्ने कार्य गरी अन्तरिम आदेशबाट अन्तिम परीक्षासमेत दिइसकेको अवस्था र अन्तरिम आदेश खारेज गरिपाउन निवेदनसमेत नदिई सो अनुसार पढ्न परीक्षा दिनसमेत दिएकोमा हाल योग्यता नपुगेको भनी कुनै निर्णय गरेमा विद्यार्थीको भविष्यमा पूर्णरूपमा असर पर्ने देखिन आउँछ । विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मेडिकल कलेजले निवेदकलाई एम.बि.बि.एस. कार्यक्रममा भर्नाको लागि योग्यता परीक्षण गर्न सञ्चालित सो परीक्षामा उत्तीर्ण गराइ भर्ना लिई योग्य ठहऱ्याई केही समय अध्ययन गरिसकेपछि योग्यतामा प्रश्न उठाई परीक्षामा सहभागी हुन नदिने भनी प्रत्यर्थी काठमाडौं विश्वविद्यालय, प्राज्ञिक परिषद्ले मिति २०६६।४।२५ मा गरेको निर्णय न्यायसङ्गत नदेखिने ।

प्रत्यर्थीहरू काठमाडौं विश्वविद्यालयसमेतले उक्त प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुने गरी आफूले गरेको गल्तीको कारण निवेदकको चिकित्सा क्षेत्रको उच्च अध्ययन गरिरहेको अवस्थालाई रोक लगाउने गरी भएको निर्णय न्यायसङ्गत देखिन नआएकोले प्रत्यर्थी काठमाडौं विश्वविद्यालय, प्राज्ञिक परिषद्को मिति २०६६।४।२५ मा गरेको निर्णय, ऐ.को परीक्षा नियन्त्रणको कार्यालयको मिति २६ July २०१७ को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । प्रत्यर्थी इन्टरनेसनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा.लि. कलेज अफ मेडिकल साइन्सेस नेपाल, भरतपुर चितवनमा भर्ना भई भर्ना शुल्कसमेत तिरी अनवरतरूपमा यी निवेदक अध्ययन गरिरहेको हुँदा निजको भर्नालगायतका काम कारबाहीहरूलाई बदर गर्ने कार्य नगर्नु नगराउनु, MBBS कक्षामा अध्ययन गर्नबाट कुनै पनि प्रकारले रोक नलगाउनु, MBBS को परीक्षाहरूमा सामेल हुनबाट वञ्चित नगराई परीक्षा दिने कार्यमा रोक नलगाउनु, काठमाडौं विश्वविद्यालयको प्रचलित कानूनबमोजिमको रजिस्ट्रेसन अस्वीकार गर्ने कार्य नगर्नु नगराउनु तथा अन्य विद्यार्थीसरहकै व्यवहार निवेदकलाई पनि गर्नु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । साथै स्वास्थ्य सेवा मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय भएकोले अब उप्रान्त यस्तो गैरजिम्मेवार क्रियाकलाप हुन नदिने सम्बन्धमा प्रत्यर्थी काठमाडौं विश्वविद्यालय तथा परीक्षा सञ्चालनसँग सम्बन्धित तत्तत् निकायहरूले आवेदन दर्ता, परीक्षा, भर्नासमेतका नियमनकारी प्रावधानहरूको पालना (due diligence) अनिवार्यरूपमा गर्ने गराउनेतर्फ समूचित र प्रभावकारी व्यवस्था गर्नु गराउनु भनी प्रत्यर्थीहरूका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : इन्द्र कुमार श्रेष्ठ/हिरा डंगोल
कम्प्युटर : चन्द्राबती तिमल्सेना
इति सवंत् २०७९ साल ज्येष्ठ ३ गते रोज ३ शुभम् ।

## ५९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-RB-०३५७, बैंकिङ कसुर, भोज बहादुर दर्जी वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो खातामा पर्याप्त रकम नभएको जाँन्दा जाँन्दै जाहेरवालालाई उल्लिखित प्रभु बैंकको चेक काटिदिएकोमा सो चेक भुक्तानी नभई बाउन्स भई फिर्ता आएको देखिँदा प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम सजाय हुने नै देखिने ।

प्रतिवादीले बैंकमा रहेको आफ्नो खातामा पर्याप्त मौज्दात रकम नरहेको भन्ने जानीजानी जाहेरवालाको नाउँमा चेक काटिदिएको पुष्टि भई प्रतिवादी भोजबहादुर दर्जीले अभियोग दाबीबमोजिम कसुर गरेको देखिन्छ । प्रतिवादीले प्रस्तुत विवाद विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत कारबाही हुनुपर्ने भनी लिएको जिकिर उल्लिखित ०७६-NF-००११ नं. को बैंकिङ कसुर मुद्दामा पीडित पक्षले बैंकिङ कसुर तथा सजाय ऐनको

कार्यविधि अवलम्बन गरी ल्याएको जाहेरी दरखास्तका आधारमा बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गत कारबाही र किनारा गर्न मिल्ने भनी भएको व्याख्याद्वारा खण्डित भइसकेको परिप्रेक्ष्यमा प्रतिवादी भोजबहादुर दर्जीलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय ठहर गरेको उच्च अदालत, पाटनको फैसला मनासिबै देखियो। अभियोग दाबीबाट सफाइपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी भोज बहादुर दर्जीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम २(दुई) महिना कैद, रू ४,३६,०००।- (चार लाख छत्तिस हजार) जरिवाना र जाहेरवालाले प्रतिवादीबाट बिगो भराइ लिन पाउँने ठहऱ्याई उच्च अदालत, पाटनबाट मिति २०७५।०६।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दामोदर रेग्मी
कम्प्युटर : चन्द्राबती तिमल्सेना
इति संवत् २०८० साल असार ६ गते रोज ४ शुभम्।

६०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७६-RB-०१५७, बैंकिङ कसुर, नेपाल सरकार वि. आनन्द श्री न्यौपाने

प्रतिवादी आनन्द श्री न्यौपानेले मिति २०७४।०६।२३ गते आफ्नो छोरालाई एम.बि. बि.एस. पढाई गर्नका लागि भर्ना गराई दिन्छु भनी रू.५,००,०००।- लिई गएकोमा भर्ना नगराएकोले पैसा फिर्ता माग गर्दा निजले आफूलाई रू. ५,००,०००।- को चेक दिएको र बैंकमा चेक साट्न जाँदा मौज्दात रकम नभएको कारण चेक बाउन्स भएको हुँदा प्रतिवादी आनन्द श्री न्यौपानेलाई कानूनबमोजिम कारबाही गरी रकम फिर्ता दिलाई पाऊँ भनी जाहेरवालाले जाहेरी दरखास्त दिएको, सो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतसमक्ष निज जाहेरवालाले बकपत्र गरेको देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा जाहेरवालाबाट रूपियाँ लिएको, सो रकम फिर्ता गर्न भनी जाहेरवालालाई चेक काटिदिएको र आफूले जाहेरवालालाई दिएको चेक रकम खाम्ने गरी बैंकमा मौज्दात नरहेको आफूलाई थाहा भएको भनी स्वीकार गरी बयान गरेको देखिन्छ भने अदालतसमक्ष बयान गर्दा जाहेरवालालाई रू. ५,००,०००।- को चेकसमेत दिई उक्त चेक बराबरको रकम बुझाएको र सो चेक निजले मलाई फिर्ता नगर्नु भएको भनी बेहोरा लेखाइदिएको देखिन्छ। मौकामा बुझिएका मानिस मनोज भट्टराई, मोहनी राम घिमिरे र बलु अर्यालले गरिदिएको घटना विवरण कागज तथा प्रतिवादीको खातामा पर्याप्त मौज्दात नभएको कारण भुक्तानी हुन नसकेको भन्ने सानिमा बैंक लिमिटेडको मिति २०७५।०१।०५ को पत्रसमेतबाट प्रतिवादी आनन्द श्री न्यौपानेले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नहुँदा नहुँदै जानीजानी चेक काटिदिएको पुष्टि हुने।

जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीको भाइले मलाई दुई लाख रूपियाँ ब्याज तिर्नु भनेर दिएको हो भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीले जाहेरवालाको भाइबाट लिएको पाँच लाख रूपियाँमध्ये ब्याजस्वरूप दुई लाख रूपियाँ जाहेरवालाले प्रतिवादीबाट बुझेको देखिएको स्थितिमा अभियोग दाबीबमोजिम नै बिगो कायम गर्नु न्यायोचित हुने देखिँदैन । जसले जति दायित्व वहन गर्नुपर्ने हो, सोभन्दा बढी दायित्व वहन गर्न कसैलाई पनि बाध्य गराउनु न्याय एवं विवकेसम्मत हुन सक्दैन । त्यसकारण अभियोग दाबीमा उल्लिखित बिगो पाँच लाख रूपियाँमध्ये प्रतिवादीको भाइबाट जाहेरवालाले बुझेको दुई लाख रूपियाँ कट्टा गर्दा हुन आउने बाँकी तीन लाख रूपियाँ बिगो कायम हुने देखियो । प्रतिवादी आनन्द श्री न्यौपानेलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम १० (दश) दिन कैद र बिगोबमोजिम रू.३,००,०००।- (तीन लाख) जरिवाना हुने साथै बिगो रू.३,००,०००।- (तीन लाख) जाहेरवालाले प्रतिवादीबाट भराइ लिन पाउने ठहऱ्याई उच्च अदालत, पाटनबाट भएको फैसला मनासिबै देखिन आयो। तसर्थ, अभियोग दाबीबमोजिम बिगो पाँच लाख रूपियाँ कायम गरी बिगोबमोजिम नै प्रतिवादीलाई

सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी आनन्द श्री न्यौपानेलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम १० (दश) दिन कैद र बिगोबमोजिम रू.३,००,०००।- (तीन लाख) जरिवाना हुने साथै बिगो रू.३,००,०००।- (तीन लाख) जाहेरवालाले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याई उच्च अदालत, पाटनबाट मिति २०७५।५।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्र कुमार श्रेष्ठ

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० ज्येष्ठ ३ गते रोज ४ शुभम्।

**६१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-WO-०७५८, उत्प्रेषण परमादेश, शिशिरनाथ ज्ञवाली वि. उच्च अदालत, पाटन, हरिहरभवन, ललितपुरसमेत*

प्रत्यर्थीमध्ये भोटेकोशी जलविद्यूत् कम्पनी लिमिटेडबाट (यसपछि प्रत्यर्थी आयोजना कम्पनी भनिएको छ) १०२ मेगाबाट क्षमताको जलविद्यूत् आयोजना विकास गर्ने क्रममा उक्त आयोजनाको Engineering, Procurement and Construction EPC सेवाका लागि अन्तराष्ट्रिय बोलपत्र आहवान भएकोमा खरिद प्रक्रियामा समावेश हुनका लागि प्रत्यर्थी ग्याङ्जी हाइड्रोइलेक्ट्रिक कन्सट्रक्सन ब्युरो (यसपछि प्रत्यर्थी ठेकेदार कम्पनी भनिएको छ) ले नेपालभित्र स्थानीय स्तरमा सम्पर्क बिन्दुको रूपमा तथा आवश्यक परामर्श सेवा प्रदान गर्नका लागि निवेदक माउण्ट एभरेष्ट कर्पोरेट कम्पनी प्रा.लि. (यसपछि निवेदक कम्पनी भनिएको छ) लाई स्थानीय एजेन्ट मुकरर गरी एजेन्सी सेवा दिनका लागि सन् १० अप्रिल, २०१२ (तद्नुसार २०६८।१२।२८) मा निवेदक कम्पनी र ठेकेदार कम्पनीबिच कानूनबमोजिम एजेन्सी करार सम्झौता भएकोमा पक्षहरूबिच विवाद नदेखिने।

ठेकेदार कम्पनी र आयोजना कम्पनीबिच मध्येभोटेकोशी जलविद्युत् आयोजना निर्माणका लागि मिति २०७०।०९।१७ (तद्नुसार १ जनवरी, २०१४) मा ठेक्का सम्झौता भएको देखिन्छ। रिट निवेदक कम्पनी र ठेकेदार कम्पनीबिच ठेकेदार कम्पनीको तर्फबाट एजेन्ट भई एजेन्सी सेवा (निश्चित् काम गर्ने) दिनका लागि कानूनबमोजिम एजेन्सी करार सम्झौता भएकोमा विवाद देखिँदैन। निवेदक कम्पनीले ठेकेदार कम्पनीलाई एजेन्सी सेवा प्रदान गरेबापत आयोजना सम्झौतामा उल्लिखित रकम (Bid Amount) को दुई प्रतिशत रकम कमिशनस्वरूप बुझाउनुपर्ने सहमतीसमेत भएको देखिन्छ । उक्त सम्झौतामा दुवै पक्षहरूबिच सम्झौता कार्यान्वयका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको समाधान मध्यस्थताको माध्यमबाट गर्ने गरी सम्झौताको सर्त नं. १० मा स्पस्ट व्यवस्था गरेको देखिने।

निवेदक कम्पनी र ठेकेदार कम्पनीबिच भएको एजेन्सी करारबमोजिम उक्त एजेन्सी सम्झौता कार्यान्वयनका सम्बन्धमा उत्पन्न हुने विवादको समाधान गर्न हङकङको कानून लागु हुने (सम्झौताको सर्त नं. १७ बमोजिम), विवाद मध्यस्थबाट समाधान गर्ने र विवाद समाधान गर्ने प्रक्रिया आई.सि.सि.को नियमबमोजिम हुने र मध्यस्थता पेरिसमा गर्ने गरी एजेन्सी सम्झौता भएको देखियो । प्रत्यर्थी ठेकेदार कम्पनीले निवेदक विपक्षी निवेदक कम्पनीले एजेन्सीसम्बन्धी सम्झौता अनुसार गर्नुपर्ने कार्य गर्न असक्षम भएकाले ब्युरोलाई विभिन्न नोक्सानी भएकोले तत्काल लागु हुने गरी मिति २०७८।०४।१४ मा सम्झौता अन्त्य हुने निर्णय गरी निवेदक कम्पनीलाई सम्झौता भङ्ग (Termination letter) भएको पत्र दिएको मिसिल संलग्न कागजातबाट देखिन्छ । उक्त सम्झौता अन्त्य गरेको निर्णयको पत्र निवेदक कम्पनीले मिति २०७८।०५।०७ मा प्राप्त गरेको देखिन्छ । खासगरी एजेन्सी करार अन्त्य गर्ने आधार, प्रक्रिया तथा सूचनाको अवधिविपरीत हुने गरी प्रत्यर्थी कम्पनीले दिएको सूचना करारसम्मत् नभएको सो सम्बन्धमा निवेदक कम्पनीले मध्यस्थ गठन भएपश्चात् दाबी गर्नेछौँ, हाल आफूले एजेन्सी सम्झौताबमोजिम

पाउनुपर्ने कमिसनबापतको रकमसम्म रोक्का राखिपाउँ भनी निवेदन जिकिर लिएको तथा प्रत्यर्थी ठेकेदार कम्पनीले विपक्षी निवेदक कम्पनी र आफूबिच भएको सम्झौता अन्त्य भइसकेको, उक्त सम्झौता अन्त्य कानूनसम्मत् छ छैन सोको आधारमा निवेदक कम्पनीले रकम पाउने वा नपाउने भन्ने विषय नै विवादित रहेको र उक्त विषय एजेन्सी सम्झौताबमोजिम मध्यस्थबाट निर्धारण हुने हुँदा सोही प्रक्रियाको अवलम्बन गरी समाधान गर्नुपर्ने भनी लिखित प्रतिवाद गरेको अवस्थामा निवेदक कम्पनी र ठेकेदार कम्पनीबिच सम्झौता कार्यान्वयनको अवस्थामा उत्पन्न हुने विवाद मध्यस्थताबाट समाधान गर्ने कुरालाई दुवै पक्षले स्वीकार गरेको देखिने।

मुद्दाको कारबाहीको सिलसिलामा गरेको कुनै अन्तरकालिन आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेशलाई बदर वा रद्ध गराउन त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरेको पाइन्छ। निवेदक कम्पनीले सुरू जिल्ला अदालतमा प्रत्यर्थी ठेकेदार कम्पनी र पक्ष नै रहेको आयोजना कम्पनीउपर निषेधाज्ञाको निवेदन दिई सो अदालतबाट मागबमोजिमको भुक्तानी गर्नुपर्ने रकम रोक्का राखिदिने गरी अन्तरकालिन आदेश भएकोमा उक्त आदेशउपर प्रत्यर्थी ठेकेदार कम्पनीको तर्फबाट उच्च अदालत, पाटनमा निवेदन परेको र सो अदालतबाट सुरू जिल्ला अदालतको आदेश बदर हुने गरी भएको आदेशउपर यस अदालतमा दायर गरेको रिट निवेदनमा उल्लिखित मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ को अवस्था विद्यमान रहे भएको भनी स्पष्ट आधारहरू देखाउन नसकेको।

निवेदक कम्पनीले एजेन्सी सम्झौताबमोजिम प्रत्यर्थी ठेकेदार कम्पनीबाट पाउनुपर्ने हदसम्मको रकम ठेकेदार कम्पनीलाई भुक्तानी नगरी रोक्का राखिपाउँ भनी प्रत्यर्थी आयोजना कम्पनीसमेतलाई विपक्षी बनाई निषेधाज्ञाको आदेश जारी गर्न माग गरेको देखिन्छ। निवेदक कम्पनी र प्रत्यर्थी ठेकेदार कम्पनीबिच भएको एजेन्सी सम्झौतामा आयोजना कम्पनीको यो यस प्रकारको सम्बन्ध हो, छ भनी निवेदक कम्पनीले स्थापित गर्न सकेको देखिँदैन भने उक्त एजेन्सी सम्झौताबमोजिम निवेदक कम्पनीले ठेकेदार कम्पनीबाट पाउनुपर्ने कमिसनबापतको रकम ठेकेदार कम्पनीले भुक्तान नगरेमा आयोजना कम्पनीले रोक्का गरी निवेदक कम्पनीलाई भुक्तानी दिनुपर्छ भन्ने कहिँकतै सम्झौतामा उल्लेख गरिएको देखिँदैन। प्रस्तुत विवाद निवेदक कम्पनी र ठेकेदार कम्पनीकोबिचमा मात्र रहेको कुरामा कुनै विवाद देखिँदैन। साथै निवेदक कम्पनी र ठेकेदार कम्पनीबिच कुनै विवाद उत्पन्न भएको अवस्थामा आयोजना कम्पनीले पनि मध्यस्थता गर्न सक्ने गरी सम्झौतामा कुनै सर्त तथा व्यवस्था गरिएको पाइँदैन। निवेदक कम्पनी र ठेकेदार कम्पनीबिचको करारीय हक तथा दायित्वसँग सिर्जित विषयहरूमा आयोजना कम्पनीले कुनै भूमिका निर्वाह गर्न पाउने तथा आयोजना कम्पनीको पनि यो यो विषयमा संलग्नता रहन सक्छ भन्ने कानूनी तथ्यलाई निवेदक कम्पनीले स्पष्ट देखाउन सकेको देखिँदैन। प्रत्यर्थी ठेकेदार कम्पनी र आयोजना कम्पनीबिच भएको आयोजना निर्माणसम्बन्धी सम्झौताबमोजिम गर्नुपर्ने विषयहरूको हदसम्म आयोजना कम्पनी र ठेकेदार कम्पनीबिच करारीय हक र दायित्वको सिर्जना हुने र सोही विषयको हदसम्म आयोजना कम्पनी जिम्मेवार बन्नुपर्ने हुन्छ। आयोजना कम्पनीलाई निवेदक कम्पनी आफूले ठेकेदार कम्पनीसँग गरेको प्रतिनिधि सम्झौता (Agency Agreement) बमोजिमका कार्यहरू गर्न वा गराउन, सम्झौता कार्यान्वयनको सिलसिलामा उठन सक्ने कानूनी तथा करारीय दायित्वको पालना गर्न गराउन सक्ने कुनैपनि प्रकारको व्यवस्था सम्झौतामा गरेको देखिँदैन। निवेदक कम्पनी र आयोजना कम्पनीबिच कानूनतः कुनै कानूनी तथा करारीय दायित्व नरहे नभएको तथा उक्त प्रतिनिधि सम्झौताको पक्ष नै नरहेको स्थितिमा निवेदक कम्पनीले पाउनुपर्ने सम्झौताबमोजिमको रकम भुक्तानी नगरी रोक्का राखिपाउँ भनी सम्झौताको पक्ष नै नरहेको तेस्रो पक्ष प्रत्यर्थी आयोजना कम्पनीलाई समेत विपक्षी बनाई निषेधाज्ञाको निवेदन गर्नु र सोही निवेदनका आधारमा आदेश गर्नु कानून सङ्गत नहुने।

निवेदक कम्पनी र ठेकेदार कम्पनीबिच भएको

एजेन्सी करार सम्झौतामा सम्झौतासम्बन्धी र सोको कारणले उत्पन्न हुने कुनै पनि विवादमा यी दुई पक्षबिच सम्झौतामा हुदै नभएको पक्षले ठेकेदारको भुक्तानी रकम होल्ड गर्ने अधिकार रहे भएको देखिँदैन। यस्तो प्रकृतिको विवादमा हङकङको कानून लागु हुने र विवाद समाधान मध्यस्थताबाट हुने भन्ने सम्झौतामा नै स्पष्ट व्यवस्था गरिएको देखिन्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा ७०९ मा "करार कानून पक्षहरूले निर्धारण गरेबमोजिम हुने छ भन्ने शिर्षकमा, कुनै करारलाई नियमित गर्ने कानून (गभर्निङ ल) त्यस्तो करारका पक्षहरूले करारमा निर्धारण गरेबमोजिम हुने छ" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा विवादका पक्षहरू स्वयम् सारवान कानून अन्य राष्ट्रको लागु हुने गरी सम्झौता गरेपछि निजी अन्तर्राष्ट्रिय कानून (Private International Law) अनुसार सोही राष्ट्रको कानून आकर्षित हुने देखिन्छ । साथै सम्झौतामा नै कार्यान्वयनको चरणमा उत्पन्न हुने विवाद समाधान मध्यस्थताबाट समाधान गरिने छ भनी उल्लेख गरेको अवस्थामा सम्झौताले निर्दिष्ट गरेको कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्ने हुन्छ। यस्तै विषय समावेश भएको हरिकुमार श्रेष्ठ विरूद्ध नेपाल खाद्य संस्थान प्रधान कार्यालयसमेत रहेको (ने.का.प. २०६५, अङ्क ३, नि.नं. ७५९०) परमादेश मुद्दामा यसै अदालतबाट "एक किसिमको करारीय दायित्व देखिएको अवस्थामा सम्झौतामा नै करारीय दायित्वको विषय भन्ने उल्लेख भई विवाद समाधानको व्यवस्थासमेत रहेकोमा सोबमोजिमको वैकल्पिक व्यवस्थाको मार्ग अवलम्बन नगरी अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी रिट क्षेत्रबाट प्रवेश गरेबाट अधिकार क्षेत्रात्मक त्रुटि रहेको देखिने" भनी कानूनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । माथि उल्लिखित करार कानूनका सिद्धान्त तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतबाट करारीय दायित्व र जिम्मेवारी लाई कानूनी वा संवैधानिक हक अधिकार भन्न नमिल्ने अवस्थामा नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरी उपचार प्राप्त गर्न मिल्ने देखिँदैन । सम्झौतामा नै करारीय दायित्वको विषय भन्ने उल्लेख भई विवाद समाधानको व्यवस्थासमेत भई वैकल्पिक उपचारको बाटो रहे भएको अवस्थामा सोबमोजिमको उपचारको मार्ग अवलम्बन नगरी अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी रिट क्षेत्रबाट प्रवेश गर्दा अधिकारको क्षेत्रात्मक त्रुटि (jurisdictional error) हुने देखिने।

निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ असार १२ गते रोज १ शुभम्।

६२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-CR-१३३६, जबरजस्ती करणी, खड्कबहादुर राना वि. नेपाल सरकार*

आफूले नगरेको कुरा यी पीडितले किन लेखाइन्, जाहेरवाली र पीडितको अदालतको बकपत्र झुठ्ठा हो, पीडितको यौनाङ्गमा कुनै घाउचोट छैन, डाक्टरको प्रतिवेदनमा पनि सो कुरा उल्लेख छैन भनी आरोपित कसुरमा इन्कार रहि प्रतिवादीले अदालतसमक्ष बयान गरेको देखिए तापनि पीडित आफ्नो घरमा आएकी, निज पीडितले आफ्नो मोबाइलमा फिल्म हेरी रू.२०।- लिएर गएकी हुन् भनी आफूसँग भेट भएको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिएको, प्रतिवादीले मौकाको बयान आफ्नो होइन भनी अदालतको बयानमा जिकिर लिएको भए पनि निज प्रतिवादी पढे लेखेको मानिसले सो मौकाको बयान बेहोरा नपढी नसुनी त्यसै सहिछाप गरे होलान्, अथवा निजलाई मानसिक वा शारीरिक यातना दिई सहिछाप गराए होलान भन्ने कुराको सम्बन्धमा तथ्ययुक्त रूपमा कुनै आधारसमेत खुलाउन सकेको नदेखिँदा निजको अदालतसमक्षको इन्कारी बयान भरपर्दो एवं पत्यारलायक नदेखिने।

प्रतिवादीले मौकाको बयानमा आफ्नो लिङ्ग पीडितको योनिभित्र छिराउन खोजेको,

प्रयास गरेको, नछिरेपछि योनिमै लिङ्ग दलेको भनी लेखाएको बेहोरा घटना क्रमसँग मेल खान आउँछ । पीडित १२/१३ वर्षकी नाबालिका रहेको देखिएको र यस्ता उमेर समूहका बालिकाहरूको यौनाङ्गहरू अविकसित वा क्रमिकरूपमा विकास हुँदै गरेको हुने र यौनजन्य कृयाकलापका विषयमा कुनै किसिमको ज्ञान, अनुभव नहुने भएकोले नाबालिग उमेरकी बालिकाको योनिभित्र वयस्क पुरूषको उत्तेजित लिङ्ग सजिलै प्रवेश हुन नसक्नु स्वाभाविक नै हो । वयस्क पुरूषको उत्तेजित लिङ्ग नाबालिगको योनिमा सहज तरिकाबाट प्रवेश नभएकै कारण मात्रले त्यस्तो कार्य जबरजस्ती करणीको कसुर वा वारदात नै हुन सक्दैन भन्न मिल्दैन । नाबालिगमाथि बल प्रयोग गरी बालिकाको यौनाङ्गमा आफ्नो उत्तेजित लिङ्ग प्रवेश गराउन खोज्नु, धेरै बेरसम्म योनिमा दल्नु वा रगड्नुजस्ता कार्यबाट योनिमा घर्षण गरेको पुष्टि हुने देखिन्छ । त्यसकारण पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको ठहऱ्याई निजलाई सजाय गर्ने गरी उच्च अदालत, पोखराबाट भएको फैसला अन्यथा देखिन आएन । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी खड्क बहादुर रानाले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) विपरीत ऐ. को दफा २१९(२) अनुसार कसुर गरेकोले निज प्रतिवादीलाई ऐ. को दफा २१९ (३)(ख) बमोजिम चौध वर्षदेखि सोह्र वर्षसम्म कैद सजाय गरी र ऐ. संहिताको दफा २२८ बमोजिम कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्तिसमेत दिलाइ भराइपाउँ भन्ने अभियोग दाबी अनुसार निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) बमोजिम १४ वर्ष ६ महिना कैद हुने र दफा २२८ अनुसार पीडितले प्रतिवादीबाट रू.१,००,०००।- (एक लाख रूपियाँ) क्षतिपूर्ति भराइपाउने ठहर गरी सुरू स्याङ्जा जिल्ला अदालतबाट मिति २०७६।०६।०६ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पोखराबाट मिति २०७७।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्र कुमार श्रेष्ठ

कम्प्युटर : चन्द्रवती तिमल्सेना

इति संवत् २०७९ साल श्रावण ३१ गते रोज ३ शुभम्।

## ६३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-WO-०४१९, उत्प्रेषणसमेत, विनयप्रसाद चौधरी वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेत*

निवेदकलाई विभागीय कारबाही गर्दा कानूनी कार्यविधि पूरा भएको छ वा छैन भन्ने सम्बन्धमा हेर्दा निवेदक प्र.ज.उपर डिउटी खटिएको स्थानमा नबसी गाईको बाछी बोकेको ट्रकलाई पछ्याउँदै गई आफ्नो पदीय दायित्व तथा जिम्मेवारीको कुनै प्रवाह नगरी सिङ्गो प्रहरी सङ्गठनको छविमा आँच आउने गरी धाक धम्की दिई डरत्रासमा पारी रू. ५,०००।- लिएको भनी मिति २०७७।०२।२८ मा लिखित उजुरी परेपश्चात् उजुरीकर्ताले प्रहरी जवान विनयप्रसाद चौधरीले नै उक्त कार्य गरेको हो भनी सनाखत गरी निज प्र.ज.ले सहीछापसमेत गरिदिएको पाइन्छ । उक्त घटना सम्बन्धमा अनुसन्धान गर्न मिति २०७७।०२।२८ मा छानबिन समिति गठन भई उक्त समितिले मिति २०७७।०२।३० मा निवेदक प्रहरी जवान विनयप्रसाद चौधरीलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित) बमोजिम कारबाही हुनुपर्ने रायसहितको प्रतिवेदन पेस गरेको देखिन्छ। यी निवेदकलाई जिल्ला प्रहरी कार्यालय, हेटौंडा, मकवानपुरले मिति २०७७।०३।०१ मा पत्र सङ्ख्या २-०४-०२ +(०७६/०७७) च.नं. ६९७० मार्फत स्पष्टीकरण माग गरेकोमा यी निवेदकले मिति २०७७।०३।०१ मा स्पष्टीकरणको जवाफ लेखी पठाएको भन्ने देखिन्छ । निवेदकको उक्त स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएको कारण निवेदकलाई जिल्ला प्रहरी कार्यालय, हेटौंडा, मकवानपुरले मिति २०७७।०३।०२ मा पत्र सङ्ख्या २-०४-०२(०७६/०७७) च.नं.६९८७ मार्फत पुनःस्पष्टीकरण माग भएकोमा यी निवेदकले मिति २०७७।०३।०२ मा पुनः स्पष्टीकरण पत्रको जवाफ पेस

गरेको देखिन्छ । तत्पश्चात प्र.नि.सुरेन्द्र श्रेष्ठबाट मिति २०७७।०३।०३ मा निवेदकलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम ११२(क) मा अनुशासनहीन काम गरेमा र सोही नियमावलीको नियम ११२ (च) मा लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा भन्ने कसुरमा ऐ. नियमावलीको नियम ११९ को उपनियम १ को खण्ड (२) को देहाय (क) ले दिएको अधिकार प्रयोग गरी ऐ.को नियम १०९ (क) को देहाय (६) बमोजिम निज प्र.ज.ले खाइपाइ आएको ५ (पाँच) तलब बृद्धि घटुवा गर्ने गरी निर्णय भएको देखिन्छ । यसरी ऐन नियम अनुसार यी निवेदकलाई कारबाहीस्वरूप प्रहरी नियमावली, २०७१(संशोधनसहित) बमोजिम सोधिएको स्पष्टीकरण र निजले दिएको जवाफबाट सन्तुष्ट नभएको अवस्थामा प्रहरी नियमावलीले दिएको अधिकार प्रयोग गरी सम्बन्धित अधिकारप्राप्त अधिकारीबाट भएको निर्णय उक्त नियमावलीको नियम ११२(क), ११२ (च), ११९ को उपनियम १(२) को देहाय (क) र नियम १०९ (क) को देहाय (६) मा गरेको व्यवस्थाअनुरूप नै भएको देखिन्छ । यी निवेदक प्रहरी कर्मचारी राष्ट्र सेवक रहेको र प्रहरी नियमावली, २०७१ (संशोधनसहित) मा प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकारमा प्रहरी आचरण र अनुशासनमा रहने भनी उल्लेख भएकोमा यी निवेदकले कार्यस्थलमा आर्थिक लाभ लिने जस्तो आफ्नो पदीय आचरण, जिम्मेवारी तथा नैतिक दायित्वभन्दा बाहिरको कार्य गरेको हुँदा निजउपर विभागीय कारबाहीस्वरूप प्रहरी नियमावली अनुसार कानूनबमोजिमको निकायका अधिकारप्राप्त व्यक्तिबाट ५ (पाँच) तलब वृद्धि घटुवा गर्ने गरी निर्णय भएको देखिन्छ । यसरी कानूनी कार्यविधि पूरा गरी कानूनबमोजिम नै गरिएको उक्त निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

निवेदक प्रहरी जवान विनयप्रसाद चौधरीले आफूले पालना गर्नुपर्ने पदीय दायित्वसमेतको बेवास्ता गरी नागरिकको सुरक्षा गरी अनुशासन पालना गराउनुपर्नेमा आफैँ नै डिउटीमा खटिएको अवस्थामा सर्वसाधारण नागरिकबाट आर्थिक लेनदेन गरी अनुशासनहीन काम गरेको देखिँदा प्रहरी नियमावलीले गरेको व्यवस्था अनुसार निजउपर लागेको आरोप र हुनसक्ने सजायसमेत खुलाइ सुनुवाइको मौका दिई स्पष्टीकरण सोधी प्रहरी निरीक्षक सुरेन्द्र श्रेष्ठले प्रहरी नियमावली, २०७१ नियम ११२ को (क) र (च) को कसुरमा ऐ. नियम ११९ को उपनियम १ को खण्ड (२) को (क) ले दिएको अधिकार प्रयोग गरी नियम १०९ को (क) को देहाय (६) बमोजिम खाइपाइ आएको ५ (पाँच) तलब वृद्धि घटुवा गर्ने भनी मिति २०७७।३।३ मा भएको निर्णयलाई प्र.ना.उ. ईन्द्रबहादुर रानाबाट प्रहरी नियमावली, २०७१ (संशोधनसहित) नियम १२३ को उपनियम (२) बमोजिम सुरूको निर्णय सदर गर्ने गरी मिति २०७७।०५।२१ मा भएको निर्णयले यी रिट निवेदकको संविधान र कानूनप्रदत्त कुनै हकाधिकारको हनन् हुन गएको भन्ने नदेखिँदा निवेदक मागबमोजिम उत्प्रेषण परमादेशसमेतको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई, मतिना शाक्य

कम्प्युटर : सरस्वती दाहाल

इति सम्वत् २०७८ साउन २९ गते रोज ६ शुभम् ।

६४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-WO-०६९८, उत्प्रेषण / परमादेश, डा. बन्दना खनाल आचार्यसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत ।*

लोकसेवा आयोगले मिति २०७७।०६।२८ गते सूचना नं. ५५/०७७-७८ को आन्तरिक प्रतियोगितामार्फत पदपूर्ति हुने गरी बिज्ञापन नं. १७१८०/०७७-७८ प्रमुख कन्सल्टेन्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्रि पदमा १ जना, बिज्ञापन नं. १७१८९/०७७-७८ प्रमुख कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी पदमा ३ जना र विज्ञापन नं. १७१९४/०७७-७८ प्रमुख कन्सल्टेन्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, जनरल डेन्टल पदमा १ जना विज्ञापन भएको देखिन्छ । उक्त विज्ञापनमा आवश्यक न्युनतम योग्यताअन्तर्गत "स्वास्थ्य

सेवाको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएको आवश्यक न्युनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनुपर्ने छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्ने छ। दरखास्त दिने उम्मेदवारले अनिवार्य रूपमा आफ्नो सेवा, समूहसम्बन्धी परिषद्मा दर्ता नवीकरण भएको हुनुपर्ने छ" भनी स्पष्ट रूपमा उल्लेख गरेको देखिने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को उपदफा (२) को खण्ड (क) मा पद वा दरवन्दी नभएको कारण अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गर्न नपाएको भए उम्मेदवार हुन पाउने व्यवस्था भएकोमा यी रिट निवेदकहरूले आफु उम्मेदवार भएको सेवा समूहको पदमा उपक्षेत्रीय अस्पताल डडेल्धुरामा १/१ पदको दरबन्दी रहेको भनी स्वीकार गरेको रिट निवेदनबाट देखिने।

लोकसेवा आयोगले बिज्ञापन गर्दा नै आवश्यक न्युनतम शैक्षिक योग्यताअन्तर्गत नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएको आवश्यक न्युनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनुपर्ने उल्लेख गरेकोमा यी रिट निवेदकहरूको तोकिएको न्युनतम योग्यता पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : निराजन शर्मा

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल असार २० गते रोज २ शुभम्।

६५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७९-WO-०१०९, उत्प्रेषणसमेत, हाइवे कन्स्ट्रसन प्रा.लि. वि. हेटौंडा उपमहानगरपालिका कार्यालय, हेटौंडासमेत*

रिट निवेदकले सम्झौताबमोजिम प्रत्यर्थी हेटौंडा उपमहानगरपालिका तिर्नु बुझाउनुपर्ने रकम भुक्तान नगरेकोले निवेदकले ठेक्का सम्झौताको बखतमा तहाँ कृषि विकास बैंक लिमिटेड, भरतपुर शाखाबाट मिति २०७८।१२।०२ देखि लागु भई मिति २०७९।०४।३० सम्म म्याद भई यस कार्यालयको नाममा जारी जमानत नं.पि.वि. ।०२८६।००८५।५१३०।२२ बमोजिम रू. १३१३६२५०।- (अक्षेरेपि एक करोड एकतिस लाख छत्तिस हजार दुई सय पचास) को बैंक जमानतपत्र पेस गरेकोमा निजले तिर्नु बुझाउनुपर्ने रकममध्ये रू. १३१३६२५०।- रूपियाँ हालसम्म पनि दाखिला गर्न नआएकोले भुक्तान हुन बाँकी रहेको रकम बैंक जमानतबाट असुल गर्न मिति २०७९।०४।२४ गते भएको निर्णयानुसार उक्त रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड सिटी अफिस हेटौंडामा रहेको खा.पा.न. ०२५०३००००६००१००००००१ मा जम्मा गरिदिनु हुन अनुरोध छ भनी मिति २०७९।०४।२४ मा प्रत्यर्थी कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, भरतपुरलाई पत्राचार गरेकोमा सो बैंकले, "...हेटौंडा उपमहानगरपालिका, नगर कार्यापालिकाको कार्यालयबाट तपाइले सर्त अनुसारको कार्य सम्पादन नगर्नु भएकाले जमानत बराबरको रकम भुक्तानी माग गरी पठाएको पत्रबमोजिम सो रकम यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस बैंकमा अनिवार्य रूपमा दाखिला गर्न ल्याउनु हुन अनुरोध छ..." भनी मिति २०७९।०४।१५ मा निवेदकलाई पत्राचार गरेको देखिने।

प्रत्यर्थी कृषि विकास बैंङ्क लिमिटेडको मिति २०७९।०६।०४ को पत्रानुसार प्रत्यर्थी कृषि विकास बैंक शाखा कार्यालयका ग्राहक श्री हाइवे कन्सट्रक्सनलाई जारी गरिएको कार्य सम्पादन जमानत नं पि.वि. PB/०८६/००८५/५१३०/२२ को त्यस उपमहानगरपालिकाबाट दाबी भएको रकम रू. १,३१,३६,२५०।- (अक्षरेपि एक करोड एकतिस लाख छत्तिस हजार दुइसय पचास) मात्रको एकाउन्टपेयी चेक नं. २६८०२५३९ मार्फत हेटौंडा उपमहानगरपालिकाको नाममा जारी गरी त्यस उपमहानगरपालिकाका कर्मचारी श्री विष्णुकुमार महताई बुझाइएको बेहोरा अनुरोध छ भनी लेखेको पत्र तथा जारी गरिएको एकाउन्टपेयी चेक

नं. २६८०२५३९ को चेकको फोटोकपिसमेत मिसिल संलग्न रहेको देखिन्छ । बैंक जमानत भनेको यस्तो गैर कोष कर्जा हो जसअन्तर्गत यदि ऋणीले ऋण तिर्न नसकेमा तेस्रो पाटीलाई बैंकले रकम तिर्नुपर्ने गरी जारी गरिएको हुन्छ । नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा "बैंक तथा वित्तीय संस्थाहरूले जारी गरेका बैंक जमानत (Bank Guarantee) बापतको रकम Beneficiary लाई भुक्तानी दिनुपर्ने अवस्थामा माग दाबी परेको ७ कार्य दिनभित्र भुक्तानी दिइसक्नुपर्ने छ । साथै, International Chamber of Commerce, Uniform Rules for Demand Guarantee -७५८ (URDG-७५८) अन्तर्गत जारी बैंक जमानतहरूको हकमा भने URDG मा भएका व्यवस्थाहरूको अधीनमा रही भुक्तानीसम्बन्धी निर्णय गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाको आधारमा प्रत्यर्थी बैंकले बैङ्क ग्यारेन्टीको रकम जफत गर्ने कार्य मिति २०७९।०६।०४ मा सम्पन्न भइसकेको देखिएको तथा निवेदकबाट उक्त मिति २०७९।०६।०४ को पत्रलाई लिई पूरक निवेदनसमेत नदिई स्वीकार गरी बसेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त हुन आएको देखिने ।

प्रस्तुत विवाद दुई पक्षहरूबिच भएको सम्झौताबाट सिर्जित अधिकारको सम्बन्धमा भएको र त्यस्तो सम्झौताबाट सिर्जित विवादको सन्दर्भमा साधारण अधिकार क्षेत्रबाट विवादको समाधान गर्नुपर्ने देखिन्छ । प्रस्तुत विवादमा करारको परिपालना वा उलङ्घन भएको भन्ने कुराको सम्बन्धमा प्रचलित कानूनबमोजिमको क्षेत्राधिकारबाट विवादको समाधान गराउनु पर्नेमा सोतर्फ निवेदकले कुरा खुलाएको पाइँदैन । यसरी करारबाट सिर्जित हकको समाधान वैकल्पिक उपचारको बाटोमा सामान्यतया प्रवेश गर्न नसक्ने देखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नु प्रचलित न्यायिक मान्यताको विपरीत हुन पुग्ने देखिँदा निवेदकको मागबमोजिम आदेश जारी नमिल्ने ।

बैङ्क ग्यारेन्टीको रकम जफत गर्ने कार्य मिति २०७९।०६।०४ मा सम्पन्न भइसकेको देखिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ पौष २२ गते रोज ६ शुभम् ।

## ६६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०७६२, ०७५-CR-०८१३, ०७५-CR-१२८४, ०७५-CR-१२८५, ०७५-CR-१६९७, ०७५-CR-१६९८, अपहरण तथा शरीर बन्धक तथा सङ्गठित अपराध, नेपाल सरकार वि. प्रशन्न कार्की भन्ने प्रशन्न पराशर कार्कीसमेत, विवेक राई वि. नेपाल सरकार, रमेश अधिकारीसमेत वि. नेपाल सरकार, प्रशन्न कार्की भन्ने प्रशन्न पराशर कार्की वि. नेपाल सरकार, केशव तामाङ वि. नेपाल सरकार, सुरज लिम्बू वि. नेपाल सरकार*

सामान्यतया मनसाय (Intention), पूर्वतयारी (Preparation/ Planning), आपराधिक कार्य गर्ने प्रयास (Attempt) र आपराधिक कार्यको पूर्णता (Commission) भएमा मात्र पूर्ण अपराध हुन्छ । प्रस्तुत मुद्दामा अपहरणको मनसाय तत्त्व विद्यमान रहे तापनि अपहरण गरी नाबालक सिद्धान्त बजाजलाई कब्जामा लिई निश्चित ठाउँमा पुऱ्याई उक्त बालकका बाबु आमाबाट रकम असुल गर्ने भन्ने मनसाय पूरा हुन सकेको देखिँदैन । अपहरण गर्ने तथा शरीर बन्धक लिई फिरौती लिने मनसायबमोजिम नाबालक सिद्धान्त बजाजलाई कब्जामा लिई गइरहेको अवस्थामा प्रहरीले सूचना प्राप्त गरी उक्त कार्यलाई तत्काल बिचैमा रोकी अपहरित नाबालकलाई लुकाउन नपाउँदै प्रहरीले हस्तक्षेप गरी उद्धार गरेको हुँदा

अपहरणकारीबाट थप शक्तिको प्रयोग र रकम माग्ने वा प्राप्त गर्ने कार्य गर्न सक्ने अवस्थामा पुगेको देखिँदैन । उक्त अपहरणको कार्यलाई प्रहरीले तत्काल हस्तक्षेप नगरेको भएमा पूर्णअपराध हुन सक्नेमा प्रहरीले सूचना पाई तत्कालै हस्तक्षेप गरी अपहरित नाबालकको उद्धार गरेको देखिन्छ । बच्चाको अपहरणको कार्य सम्पन्न गर्न उद्धत रहेका प्रतिवादीहरूलाई प्रहरीको सशक्त प्रतिरोधबाट तत्काल Neutralize गरी अपहरणको कार्य सम्पन्न हुन नसकेको अवस्था भएकोले अपराध पूर्ण भई अपहरण भइसकेको मान्न नमिल्ने ।

सर्वप्रथम प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को हकमा हेर्दा प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को नाम जाहेरी दरखास्तमा उल्लेख भएको देखिँदैन । प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) ले अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमासमेत बयान गर्दा जाहेरवालाको नाबालक छोराको अपहरण वारदातमा आफ्नो कुनै संलग्नता नभएको भनी आरोपित कसुरमा इन्कार रही बेहोरा लेखाइदिएको पाइन्छ । वारदातमा संलग्न रहेका अन्य प्रतिवादीहरूले मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा बच्चा अपहरणमा प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को यो यस्तो संलग्नता रहेको थियो भन्ने बेहोरा उल्लेख गर्न सकेको पाइँदैन । प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को श्रीमान् प्रतिवादीमध्येका सुमन भन्ने खेमराज खड्का रहेको र निजको श्रीमान् प्रस्तुत वारदातमा संलग्न रही कसुर गरे पनि श्रीमान्सँग साथमा रहे बसेकै आधारमा प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को पनि संलग्नता रहेको छ भनी अनुमान गरी शङ्काको भरमा निजलाई कसुरदार कायम गर्न न्यायोचित हुने देखिँदैन । जाहेरी दरखास्त, प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को इन्कारी बयान, जाहेरवालाको बकपत्रलगायतका मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणसमेतबाट प्रस्तुत वारदातमा प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को संलग्नता पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी उच्च अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिएन । निज प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) लाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूउपर मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. को अभियोग दाबी रहेको सन्दर्भमा हेर्दा, निवेदक वसन्त भन्ने हर्षबहादुर गुरूङ विपक्षी काठमाडौं जिल्ला अदालतसमेत भएको रिट नं. ०७७-WH-००६४ को बन्दीप्रत्यक्षीकरण मुद्दामा "हाल मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १७ मा अपहरण वा शरीर बन्धकसम्बन्धी कसुर अन्तर्गत दफा २१३ मा अपहरण वा शरीर बन्धक लिएमा हुने सजायको व्यवस्था भएको पाइन्छ भने दफा २१४ मा थप सजाय हुने भन्ने शीर्षकअन्तर्गत उपदफा ३ मा सङ्गठित रूपले कसुर गरे गराएकोमा थप सजाय गर्ने व्यवस्था भए तापनि साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल अन्तर्गत ९ नं. मा भएको "महिला वा नाबालक विरूद्ध कसुर गरेकोमा थप सजाय गर्ने" व्यवस्था हाल कायम गरेको पाइएन । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ, भन्ने व्यवस्था रहेको देखियो । उक्त व्यवस्था अनुसार साबिक अपहरण गर्ने

तथा शरीर बन्धक लिनेको महलको ९ नं. बमोजिमको थप सजाय हुनसक्ने व्यवस्था हाल मुलुकी फौजदारी अपराध संहिता, २०७४ मा देखिएन" भनी व्याख्या भइसकेको हुँदा प्रस्तुत मुद्दामा समेत मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. को व्यवस्था आकर्षित हुने नदेखिने।

प्रतिवादीहरूलाई सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(३)(क) को कसुरमा सोही ऐनको दफा ९(क) बमोजिम थप सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा उल्लिखित कानूनमा भएको व्यवस्था अवलोकन गर्नुपर्ने देखियो । उक्त ऐनको परिच्छेद २ अन्तर्गत सङ्गठित अपराधसम्बन्धी व्यवस्था गर्दै दफा ३(१) मा "कसैले सङ्गठित अपराध गर्न गराउन हुँदैन।" ऐ. उपदफा (२) मा "उपदफा (१) को प्रयोजनका लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिने छ ।" ऐ. उपदफा (३) को खण्ड (क) मा प्रचलित कानूनबमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसुरलाई गम्भीर कसुरको रूपमा लिइएको देखिन्छ। यस्ता गम्भीर कसुर गर्ने अभियुक्तलाई सोही ऐनको दफा ९(क) मा दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसुर गर्नेलाई प्रचलित कानूनबमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने व्यवस्था गरेको देखिने।

अपहरित बालकलाई तत्काल सोही दिन प्रहरीद्वारा शसक्त प्रतिरोध गरी प्रतिवादीहरूको कब्जाबाट अपहरण मुक्त गरेको देखिन्छ । प्रतिवादीहरूले जाहेरवाला तथा परिवारका अन्य सदस्यसमेतबाट फिरौती रकम लिइसकेको भन्ने पनि देखिँदैन। अपहरण गर्ने तथा शरीर बन्धक लिई फिरौती लिने मनसायबमोजिम नाबालक सिद्धान्त बजाजलाई कब्जामा लिई गइरहेको अवस्थामा प्रहरीले सूचना प्राप्त गरी उक्त कार्यलाई तत्काल बिचैमा रोकी अपहरित नाबालकलाई लुकाउन नपाउँदै प्रहरीले हस्तक्षेप गरी सकुशल उद्धार गरेको हुँदा अपहरणकारीबाट थप शक्तिको प्रयोग र रकम माग्ने वा प्राप्त गर्ने कार्य गर्न सक्ने अवस्थामा पुगेको देखिँदैन । बच्चाको अपहरणको कार्य सम्पन्न गर्न उद्धत रहेका प्रतिवादीहरूलाई प्रहरीको सशक्त प्रतिरोधबाट तत्काल Neutralize गरी अपहरणको कार्य सम्पन्न हुन नसकेको अवस्था भएकोले अपराध पूर्ण भई अपहरण भइसकेको देखिन आएन। यस अवस्थामा प्रतिवादीहरूको कार्यबाट बच्चा र निजको परिवारलाई क्षतिपूर्ति भराइदिनुपर्नेसम्मको अवस्था उत्पन्न हुनुका साथै शारीरिक, मानसिक र आर्थिकरूपमा गम्भीर असर पुगेको अवस्था नभएकोले यी प्रतिवादीहरूबाट क्षतिपूर्ति भराइरहन नपर्ने ठहर गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट भएको फैसला सो हदसम्म मिलेकै देखिने।

प्रतिवादी मनिषा भन्ने कृष्णकुमारी तिवारी (खड्का) को हकमा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट भएको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ। अन्य प्रतिवादीहरू प्रशन्न कार्की भन्ने प्रशन्न पराशर कार्की, सुमन भन्ने खेमराज खड्का, मामा भन्ने रमेश अधिकारी, निषेध तामाङ, विवेक राई, सुरज लिम्बू र केशव तामाङको हकमा निज प्रतिवादीहरूले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ नं.बमोजिम अपहरण तथा शरीर बन्धक कसुरको उद्योग गरेको देखिन आएकोले प्रतिवादीहरू प्रशन्न कार्की भन्ने प्रशन्न पराशर कार्की, सुमन खड्का भन्ने खेमराज खड्का, मामा भन्ने रमेश अधिकारी, निषेध

तामाङ, विवेक राई, सुरज लिम्बू र केशव तामाङलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीतको कसुरमा सोही महलको ३ नं. बमोजिम जनही ९ (नौ) वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपियाँ) जरिवाना हुने, अपहरित व्यक्ति ५ (पाँच) वर्षको नाबालक देखिँदा सोही महलको ९ नं. बमोजिम थप २ वर्ष र संङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) समेतको कसुरमा सोही ऐनको दफा ९ बमोजिम सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम थप २ (दुई) वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालत, पाटनबाट भएको फैसला केही उल्टी भई निज प्रतिवादीहरू प्रशन्न कार्की भन्ने प्रशन्न पराशर कार्की, सुमन भन्ने खेमराज खड्का, मामा भन्ने रमेश अधिकारी, निषेध तामाङ, विवेक राई, सुरज लिम्बू र केशव तामाङलाई सोही महलको ५ नं. बमोजिम जनही ४ वर्ष ६ महिना कैद र रू. ५०,०००।- जरिवाना हुने।

इजलास अधिकृत : इन्द्र कुमार श्रेष्ठ

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल माघ १६ गते रोज २ शुभम्।

## इजलास नं. ८

### ६७

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-**WH**-०१८८, बन्दीप्रत्यक्षीकरण, बमबहादुर दमाई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

ज्येष्ठ नागरिकलाई लागेको कैद सजाय छुट दिने नमिल्ने भन्ने देखिँदैन । तर यो विषय ज्येष्ठ नागरिकको अधिकारको विषय रहेको नदेखिई निजको उमेर र कसुरको अवस्था विचार गरी निजलाई दिइने सुविधाको रूपमा सम्म रहेको देखिन्छ। निज निवेदकले यही व्यवस्थाको सुविधा माग गरी कैद सजाय छुट पाउँ भनी काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन दिएकोमा मिति २०७८।१२।२० मा निवेदकलाई कैद सजाय छुट दिन नमिल्ने भनी आदेश भएको देखिएको छ । अब निज निवेदकले माग गरेबमोजिमको सुविधा दिन इन्कार गरी भएको आदेशको वैधतालाई हेर्दा निज निवेदकले गरेको कसुरको प्रकृति हेर्दा वर्ष ११ की पीडित नाबालिकालाई पटकपटक जबर्जस्ती करणी गरेको देखिएको छ । सो करणीबाट निज नाबालिका गर्भवतीसमेत भएको भन्ने पीडितको शारीरिक परीक्षणसमेतबाट पुष्टि भइरहेको देखिन्छ । निज निवेदक ज्येष्ठ नागरिक हुँदा हुँदै पनि कसुर गर्दाको अवस्थामा निजको उमेर ६६ वर्षको रहेको देखिएको र निजको आफ्नो उमेर शक्तिको दुरूपयोग गरी ११ वर्षकी नाबालिकालाई पटकपटक जबर्जस्ती करणी गरेको देखिएको, जबर्जस्ती करणीको परिणामस्वरूप निज पीडित गर्भवतीसमेत हुनुपरेको तथा पीडितले जीवनभर कलङ्कित भई जीवनयापन गर्नुपर्नेसमेतको कसुर गर्दाको यो अवस्थालाई हेर्दा निज निवेदकले कैद सजायमा छुट पाउनै पर्ने भन्न मिल्ने नदेखिने।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने देखिन्छ वा देखिँदैन भन्ने अर्को प्रश्नमा विचार गरौँ। सिद्धान्ततः कुनै पनि व्यक्ति गैरकानूनी थुनामा रहनुपरेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने गर्दछ । बन्दीप्रत्यक्षीकरणको रिटको मुख्य उद्देश्य कुनै पनि व्यक्ति एकक्षण पनि गैरकानूनी थुनामा रहन नपरोस् भन्ने हो। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा थुनामा राखिएको कार्य कानूनी वा गैरकानूनी के हो भन्ने कुराको परीक्षण गर्नुपर्ने हुन्छ । कुनै थुना कानूनी वा गैरकानूनी के हो भनी हेर्नुपर्दा, थुनामा रहेका व्यक्तिलाई कानूनबमोजिम थुनामा राख्न

सकिने कारणमा थुनामा राखिएको हो वा होइन ? कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीको आदेश वा निर्णयले थुनामा राखिएको हो वा होइन ? थुनामा राख्दा कानूनबमोजिमको अख्तियार प्राप्त अधिकारीको आदेश वा निर्णयले नै थुनामा राखिएको भए पनि यसरी थुनामा राख्दा कानूनबमोजिम पालना गर्नुपर्ने कानूनी कार्यविधिको पालना भएको छ वा छैन ? र थुनामा राख्न पाइने यस्तो कानूनको प्रयोग गर्दा प्रवृत्त धारणा राखिएको छ वा छैन ? भन्ने जस्ता विषयहरूलाई विचार गर्नुपर्ने हुन्छ । यस सैद्धान्तिक मान्यताको रोहमा प्रस्तुत निवेदनमा उठाइएको विषयलाई हेर्दा, निज निवेदकलाई कानूनबमोजिम कारागारमा राख्न नमिल्ने कारणमा कारागारमा राखिएको हो भन्ने कुरा निवेदकबाट पुष्टि हुनसकेको देखिँदैन । निजउपर जबरजस्ती करणीको कसुरको अभियोग लागेकोमा उक्त मुद्दा हेर्न पाउने अधिकारक्षेत्र रहेको अदालतको फैसलाबमोजिम नै कैद भुक्तानीको लागि कारागारमा राखिएको पाइन्छ । निज निवेदकको कानूनबमोजिम पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी कारागारमा राखियो भन्ने दाबी पनि रहेको देखिँदैन । अधिकारक्षेत्रयुक्त अदालतको फैसलाबमोजिम नै कारागारमा राखिएको स्थिति हुँदा निजप्रति प्रवृत्त धारणा बनाई कारागारमा राखिएको भन्न मिल्ने अवस्था पनि नदेखिने ।

कानूनबमोजिम अधिकारक्षेत्रयुक्त अदालतको फैसलाले लागेको कैद सजायबापत नै निज निवेदकलाई कारागारमा राखिएको देखिएको, कैद सजाय छुटको विषय निजको अधिकारको विषय रहेको नदेखिई मुद्दाको परिस्थितिसमेतका आधारमा विचार गरिदिन सकिने सुविधाको रूपमा रहेको देखिएको, निजको उमेर ७१ वर्ष भएको भन्ने आधारबाहेक सोबमोजिमको सुविधा पाउनुपर्ने अन्य कुनै वस्तुनिष्ठ आधार र कारण निवेदकले देखाउन सकेको नपाइएको तथा निजले कसुर गर्दाको अवस्थालाई हेर्दा, कैद सजायमा छुट दिन सकिने अवस्थाको विद्यमानता रहेको पनि नदेखिँदा निवेदकको निवेदन माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रेया पौडेल

इति संवत् २०७९ साल वैशाख ९ गते रोज ६ शुभम् ।

## इजलास नं. १०

### ६८

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-**WO**-०४९२, उत्प्रेषण / परमादेश, इन्द्रकान्त मिश्र वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, रत्नपार्क, काठमाडौंसमेत*

प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणमा पेस गरेको मिति २०३६।१२।१० मा जारी भएको नागरिकताको प्रमाणपत्रमा निवेदकको उमेर नागरिकता जारी हुँदा १६ वर्ष भन्ने देखिएकाले उक्त प्रमाणपत्रबाट निजको जन्ममिति २०२०।१२।१० हुने देखिन्छ र निजले पेस गरेको शैक्षिक प्रमाणपत्रबाट निजको जन्ममिति २०१९।०३।२१ रहेको देखिन्छ । साथै, नेपाल विद्युत् प्राधिकरणमा निजले सेवा सुरू गर्दा मिति २०५२।०८।०५ मा पेस गरेको वैयक्तिक विवरणमा जन्म २०१६ साल लेखिएको देखिँदा सोबमोजिम निजको जन्म २०१६ साल भन्ने देखिन्छ । नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा, सर्त विनियमावली, २०७५ को विनियम १०७ को उपविनियम (१) बमोजिम कर्मचारीले पेस गरेका कागजातहरूमध्ये जुन कागजातको आधारमा कर्मचारीको अवकास छिटो हुन्छ सोही कागजातको जन्ममितिको आधारमा अवकास दिने भन्ने व्यवस्था भएको हुँदा निवेदकले पेस गरेको वैयक्तिक विवरणबमोजिम निजको जन्म २०१६ साल भएको देखिँदा उक्त कागजातबमोजिम निजको उमेर ५८ वर्षपहिले आउने भएको हुँदा सोबमोजिम निजले अवकास पाउने विषयमा विवाद रहेन । सोही

विनियमको उपविनियम (४) मा "उपविनियम (२) बमोजिम हिसाब गर्दा जन्म वर्ष मात्र खुली महिना र गते नखुलेमा वैशाख १ गते, जन्म वर्ष र महिना खुली गते नखुलेमा उल्लिखित महिनाको १ गते कायम गरी उमेरको हिसाब गरिने छ" भन्ने व्यवस्था रहेको देखिँदा निजको उमेरको हकमा पेस भएको नागरिकताको प्रमाणपत्रबाट प्रमाणपत्र प्राप्त गर्दाको मितिमा उमेर (वर्ष) मात्र खुलेकोले उपर्युक्त कानूनी व्यवस्थाबमोजिम निजको जन्ममिति २०१६।०१।०१ कायम गरी मिति २०७४।०१।०१ देखि अवकास दिने गरी गरेको प्रत्यर्थीको निर्णय कानूनसम्मत देखिँदा सो निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने।

निवेदकले निवेदनमा मिति २०७४।०१।०१ देखि मिति २०७६।०८।०२ सम्म काम गरेबापत खाए लिएको तलबभत्ता तथा सुविधा फिर्ता नगर्नु नगराउनु भनी आदेश जारी गरिपाउँ भनी लिएको निवेदन माग दाबीका सम्बन्धमा विचार गर्दा, यी निवेदकले निजको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति २०२०।१२।१० को आधारमा अवकास पाउने मिति २०७८।१२।१० मानी प्राधिकरणको सेवामा मिति २०७६।०८।०२ सम्म अनवरतरूपमा संलग्न रही कार्यरत रहेको देखिएको तथा प्रत्यर्थीले समेत मिति २०७६।०८।०२ मा निवेदकलाई मिति २०७४।०१।०१ बाट लागु हुने गरी सेवाबाट अनिवार्य अवकास दिने गरी पत्राचार गरेको हुँदा उक्त समयसम्म निवेदकले प्रत्यर्थी प्राधिकरणमा सेवा प्रदान गरेको विषयमा विवाद नरहने।

अतः निवेदक इन्द्रकान्त मिश्रको जन्म २०१६ साल कायम गरी माथि उल्लिखित प्राधिकरणको विनियमावलीको व्यवस्थाबमोजिम मिति २०७४।०१।०१ देखि लागु हुने गरी प्रत्यर्थी प्राधिकरणले मिति २०७६।०८।०२ मा अवकासको पत्र दिएको हुँदा उक्त मितिसम्म प्रत्यर्थीहरूको सेवामा रहेकाले मिति २०७४।०१।०१ देखि मिति २०७६।०८।०२ सम्मको खाइसकेको तलब भत्ता फिर्ता नगरेमा अवकासपछिको निवृत्तिभरण, बिदा रकम, सञ्चयकोष, औषधी उपचार रकम, बिमा रकमलगायत विनियमावलीअनुसार पाउनुपर्ने सुविधाहरूसमेत नपाउने भन्ने प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणको जिकिर कानून एवं न्यायसम्मत नदेखिएकाले निवेदकले मिति २०७४।०१।०१ देखि मिति २०७६।०८।०२ सम्म अवकासपश्चात्समेत प्रत्यर्थी प्राधिकरणमा सेवा प्रदान गरेको देखिएको अवस्थामा उक्त अवकासपछिको अवधिमा खाइपाइआएको तलब भत्तालगायत अन्य सुविधाका रकम निवेदकबाट फिर्ता नगराउनु र निजले नियमानुसार अवकासपश्चात् प्राप्त गर्ने रकम तत्काल उपलब्ध गराउनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : ललित सापकोटा
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०८० साल जेठ ९ गते रोज ३ शुभम्।

## इजलास नं. ११

### ६९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-**CR**-०१९३, सवारी ज्यान, नेपाल सरकार वि. कृष्णप्रसाद श्रेष्ठसमेत*

प्रतिवादी कृष्णप्रसाद श्रेष्ठको हकमा, मिति २०७३।०८।०३ मा अन्दाजी ९:०० बजे पोखराबाट स्याङ्जातर्फ आउँदै गरेको निज प्रतिवादीले चलाएको लु.२६प.६८२० नं. को मोटरसाइकलले सडकको बायाँ किनारमा हिँडिरहेकी पैदल यात्री हिरा थापालाई मोटरसाइकलको दायाँतर्फको हेन्डिलको भागले ठक्कर लाग्न गई निज हिरा थापा सडकमा लड्न पुगी टाउकोसमेतमा घाउचोट लाग्न गई घाइते भएको हुँदा उपचारको लागि अस्पतालतर्फ लगेको र उपचारको क्रममा मिति २०७३।०८।०९ गते head injury

को कारण उनको निधन भएको बेहोरा मिसिलबाट देखिन्छ । दुर्घटनामा विपरीत दिशाबाट बस आएको र सो बस र प्रतिवादी कृष्णप्रसाद श्रेष्ठ सवार रहेको मोटरसाइकल क्रस हुने क्रममा सडकको बिच भागमा उभिएकी पैदल यात्रीलाई नदेखी अचानक मोटरसाइकलको ह्यान्डलले उक्त पैदल यात्री हिरा थापालाई लाग्न गई दुर्घटना हुन गएको भन्ने देखिँदा यसलाई जानी जानी लापरवाहीपूर्वक भएको दुर्घटना भन्न मिल्ने अवस्था देखिएन । दुर्घटना भएपछि निज प्रतिवादी कृष्णप्रसाद श्रेष्ठ फरार नभई आफैँले उपचार गर्न अस्पताल लगेको एवम् घाइतेको उपचार खर्च र क्षतिपूर्तिसमेत सम्बन्धित व्यक्तिले पाइसकेको तथ्य संलग्न मिसिलबाट देखिने ।

अर्का प्रतिवादी, भाग्यरथी श्रेष्ठको हकमा विचार गर्दा, निज घरमा नहुँदा मोटरसाइकलको साँचो लिई सह-प्रतिवादी कृष्णप्रसाद श्रेष्ठ हिँडेको देखिनआएको र निज प्रतिवादी भाग्यरथी श्रेष्ठले सवारी चालक अनुमति पत्र नभएको भाइलाई जानी जानी मोटरसाइकल चलाउन दिएकोसमेत देखिँदैन । निज घरमा नभएको अवस्थामा भाइले मोटरसाइकल लिएर गएको कारण भएको दुर्घटनामा मूल कारणीले सजाय पाइसकेको अवस्थामा मोटरसाइकल मालिक निज प्रतिवादीको त्यस वारदातको लागि सक्रिय भूमिका रहेको देखिँदैन । यस दृष्टिकोणबाट पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम मागदाबी अनुसार निज प्रतिवादी भाग्यरथी श्रेष्ठलाई समेत सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) बमोजिमको कसुरमा ऐजन दफाबमोजिम नै सजाय गनुपर्ने अवस्था नदेखिई अभियोग दाबीबाट सफाइ पाउने गरी भएको सुरू स्याङ्जा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत, पोखराको फैसला मिलेको देखिँदा दुवै प्रतिवादीको हकमा पुनरावेदक वादी नेपाल सरकारको समग्र पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी कृष्णप्रसाद श्रेष्ठले चलाएको मोटरसाइकलले ठक्कर दिई सवारी दुर्घटना भएको पुष्टि भएको हुँदा, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुर गरेको भनी ऐजन दफाबमोजिम ६ (छ) महिना कैद हुने ठहऱ्याएको सुरू स्याङ्जा जिल्ला अदालतले मिति २०७४।०३।१५ मा गरेको फैसला उच्च अदालत, पोखराबाट मिति २०७४।११।२५ मा सदर गरेको हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ । तर, निजलाई दफा १६१(३) बमोजिम सजाय भएकोले दफा १६१(४) मा "चालक अनुमति पत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) र (२) बमोजिमको कसुर गरेकोमा मात्र निजलाई ऐजन उपदफा (४) बमोजिम थप रू.२०००।- (दुई हजार) जरिवाना हुनुपर्ने हुँदा सो हदसम्म मिलेको नदेखिँदा उक्त कानूनी व्यवस्थाबमोजिम दफा १६१(३) को कसुरमा थप जरिवाना नहुने देखिन्छ । यसैगरी, अर्का प्रतिवादी भाग्यरथी श्रेष्ठलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी मिति २०७४।०३।१५ मा भएको सुरू स्याङ्जा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत, पोखराबाट मिति २०७४।११।२५ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा निजको हकमा समेत सदर हुने । दुवै प्रतिवादीको हकमा पुनरावेदक वादी नेपाल सरकारको समग्र पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल फाल्गुण २६ गते रोज ६ शुभम् ।

**७०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-**RC**-००५६, कर्तव्य ज्यान, नेपाल सरकार वि. हस्तबहादुर घर्तीसमेत*

सर्वप्रथम प्रतिवादी चित्रबहादुर पुनका हकमा विचार गर्दा वारदात मिति २०६६/११/६ गते राति मृतक नारायण छन्त्याललाई बन्दुक, खुकुरी र चिर्पट,

दाउरासमेत प्रयोग गरी कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादी चित्रबहादुर पुन समेतउपर किटानी जाहेरी परेको र सो किटानी जाहेरीलाई समर्थन हुने गरी जाहेरवालाले सुरू अदालतमा बकपत्र गरिदिएको देखियो । यी प्रतिवादी मुद्दा अनुसन्धानको क्रमदेखि नै फरार रहेको देखिन्छ । सुरू अदालतबाट जारी भएको म्याद पुर्जीमा समेत हाजिर हुन नआई घटना घटेको झन्डै ६ वर्षपछि मात्र यी प्रतिवादी प्रहरीद्वारा पक्राउ परी सुरू म्याग्दी जिल्ला अदालतमा दाखिला गर्न ल्याएको देखिन्छ । वारदात मिति २०६६/११/६ गते राति बोमबहादुर पुनको घरमा प्रतिवादीमध्येका विश्व पुन र हस्तबहादुर घर्ती जाँड पिउँदै गरेको अवस्थामा मृतक नारायण छन्त्यालसमेत बोमबहादुर पुनको घरमा आएपछि निजहरूबिच वादविवाद भई मृतक नारायण पुनलाई घरबाहिर लगी झगडाको रूप बढ्दै गएपछि मेलास्थल चिउरीबोट नि.मा.वि.तर्फ गई त्यहाँ लालमान घर्ती, भिमबहादुर घर्ती, चित्रबहादुर पुन, तमबहादुर रोका, जीवन घर्ती, बलमान घर्ती, दलप्रसाद पुन, तिर्थेन्द्र घर्ती र दुर्गा घर्तीसमेतका ११ जना भई यी मृतक नारायण छन्त्याललाई खुकुरी बन्दुक र चिर्पट दाउराले हानी कर्तव्य गरी मारेकोमा यी प्रतिवादी चित्रबहादुर पुनले भरूवा बन्दुकले मृतक नारायण छन्त्यालको घुँडामा गोली हानी ढालेका थिए । वारदातस्थलमा रहेका चित्रबहादुर पुनले सो बन्दुकले मृतकको देब्रे घुँडामा प्रहार गरेपछि मृतक भुइँमा ढलेको भनी सहप्रतिवादीहरू बलमान घर्ती, लालमान घर्ती, जीवन घर्ती, भिमबहादुर घर्ती, दलप्रसाद पुन, तमबहादुर रोका, दुर्गा बहादुर घर्ती र विश्व पुनले अनुसन्धान अधिकारीसमक्ष स्पष्ट रूपमा लेखाएको पाइन्छ भने वारदातको समयमा मृतक नारायण छन्त्याललाई प्रहार गरिएको बन्दुक चिनैँ देखैँ । उक्त बन्दुक चित्रबहादुर पुनले फायर गरेका हुन् भनी प्रतिवादीहरू विश्व पुन, भिमबहादुर घर्ती, लालमान घर्ती, बलमान घर्ती र जीवन घर्तीले ततिम्बा बयानमा सनाखत गरिदिएको सुरू मिसिलबाट देखिने।

अर्का प्रतिवादी हस्तबहादुर घर्तीका हकमा सुरूम्याग्दी जिल्ला अदालतबाट मिति २०७२/११/१७ मा भएको जन्मकैदको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७७/६/१२ मा भएको फैसला मिले नमिलेको के रहेछ भनी विचार गर्दा, यी प्रतिवादीसमेत भई वारदात मिति २०६६/११/६ गते राति मृतक नारायण छन्त्याललाई भरूवा बन्दुक, खुकुरी र चिर्पट दाउराले प्रहार गरी कर्तव्य गरी मारेको भनी निजउपरसमेत मृतकका बाबुले किटानी जाहेरी दिई जाहेरी बेहोरा समर्थन गरी सुरू म्याग्दी जिल्ला अदालतमा बकपत्र गरिदिएको देखियो । यी प्रतिवादीसँग जाहेरवालाको कुनै रिसइवी र दुश्मनी भएको र जाहेरी दिनुपर्ने अन्य कारणहरू पनि रहेको देखिएन। घटना हुँदा यी प्रतिवादी घटनास्थलामा रहे भएको तर सुरू अदालतबाट जारी भएको म्याद पुर्जीको म्यादमा पनि उपस्थित हुन नआई निजका हकमा प्रस्तुत मुद्दा मुल्तबीमा रही साबिक मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम निजको भागमा निजका नामको अंश रोक्कासमेत भएको देखियो । वारदात मिति २०६६/११/६ गते बेलुका वारदातस्थल नजिक रहेको मृतक नारायण छन्त्यालले रक्सी खाएर गीत गाई बोमबहादुरको घरमा बसिरहेको अवस्थामा सोही समयमा यी प्रतिवादी बोमबहादुरको घरभित्र प्रवेश गरी मृतकलाई घरबाहिर निकाली विभत्स हत्या भएको र सो हत्या कार्यमा यी प्रतिवादीसमेत सामेल रहेका थिए भनी घटना विवरण कागज गर्ने, बोमबहादुर पुन, होममाया घर्ती, दलविरा पुन, राजेन्द्र घर्ती मगर र कमल छन्त्यालले मौकामा लेखाइदिएकोमा सो बेहोरालाई समर्थन हुने गरी निजहरूले सुरू अदालतमा बकपत्रसमेत गरिदिएको देखिने।

तसर्थ, साधकको रोहमा पेस हुन आएको प्रस्तुत कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरू चित्रबहादुर पुन र हस्तबहादुर घर्तीलाई मुलुकी ऐन ज्यानसम्बन्धी

महलको १३(३) नं. अनुसारको कसुरमा सोही नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरु म्याग्दी जिल्ला अदालतबाट मिति २०७२/११/१७ मा भएको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७६/६/१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद भट्टराई

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम्।

## ७१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७३-**WO**-००३९, उत्प्रेषणसमेत, अनु थापा वि. श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक काठमाडौंसमेत*

निवेदकले मैले भूकम्प पीडित सशस्त्र प्रहरी कर्मचारीलाई के कति राहत दिन लागेको हो भनी उजुरी तथा गुनासो सुनुवाइ शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा गरेको फोन सम्पर्क अमर्यादित, अनुशासनहीन र **Chain of Command** विपरीत नभएको भन्ने निवेदन दाबीका सम्बन्धमा विचार गर्दा, सशस्त्र प्रहरी सेवामा अनुशासन र **Chain of Command** (तहगत नियन्त्रण प्रणाली) को महत्त्व अत्यन्तै संवेदनशील हुन्छ । अनुशासनको कडा पालना गर्नुपर्ने, चालचलन र आचरण सही मर्यादित हुनुपर्ने र **Chain of Command** अनुसार चल्नुपर्ने जस्ता कुराहरू सशस्त्र प्रहरी सङ्गठनको विशेषता हो। निवेदकले सुरक्षा योजना बेस मुड्खुमा कार्यरत रहेको बखत दिन १ (एक) क्या.वि. गएको अवस्थामा मिति २०७२।५।२४ गते उजुरी तथा गुनासो सुनुवाइ शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा प्रहरी नायब उपरीक्षकसँग फोन सम्पर्क गर्दा सँगठनले भूकम्प पीडित कर्मचारीहरूलाई के कति राहत दिन लागेको हो ? राहत नीति के हो ? लगायतको प्रश्न सोध्ने सिलसिलामा अत्यन्तै अमर्यादित रूपमा संवाद गरेको र निजको परिचय दिनुहोस् भन्दा मेरो परिचय सम्बन्धमा के सरोकार, मैले राखेको जिज्ञासाको लागि दर्जा चाहिन्छ ? दर्जा अनुसार मात्र कुरा गर्ने भनी अमर्यादित तवरबाट संवाद गरेको र मर्यादित भई कुरा गर्नुहोस् भनी पटकपटक आग्रह गर्दा, म सिपाही हुँ, भक्तपुरबाट फोन गरेको भनी ठाडो जवाफ दिएको भनी मिसिल संलग्न मिति २०७२।५।२५ मा सशस्त्र प्रहरी नायब उपरीक्षकले निवेदक विरूद्ध दिएको निवेदनबाट देखिन आयो । यसबाट निवेदन दाबीबमोजिम निवेदकले केवल भूकम्प पीडितको लागि के कति राहत दिन लागेको हो ? भनी मात्र सोधेको भन्ने तथ्यसँग सहमत हुन सकिएन। प्रस्तुत रिट निवेदनमा निवेदकले फोन संवादमा को सँग, के कस्ता संवादहरू, के कस्तो शैलीमा भएको भन्ने बारेमा स्पष्टसाथ उल्लेख गरेको नदेखिने।

निवेदकलाई सेवाबाट हटाउने गरी भएको सशस्त्र प्रहरी उपरीक्षकको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको सशस्त्र प्रहरी नायब महानिरीक्षकको निर्णय अराजकपूर्ण र मनोमानीपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन मागदाबी सम्बन्धमा हेर्दा, निवेदकलाई मिति २०७२।५।२४ गते उजुरी तथा गुनासो सुनुवाइ शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा गरेको फोन सम्पर्क अमर्यादित र अनुशासनहिन भएको विषयलाई लिएर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम किन कारबाही नहुने भनी निवेदकउपर लगाइएको आरोपको विस्तृत विवरणसहित मिति २०७२।६।१ मा २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्नु भनी र मिति २०७२।६।५ मा १२ घण्टाभित्र पुन: स्पष्टीकरण पेस गर्नु भनी निवेदकलाई आफ्नो सफाइ पेस गर्ने मौका दिएको देखियो। प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निवेदकलाई सुनुवाइको अवसर दिएको र सशस्त्र प्रहरी ऐन तथा नियमावलीमा सफाइ पेस गर्नको लागि भनी किटानी कुनै समयावधि उल्लेख नगरेको अवस्थामा निवेदकले आफूलाई सफाइ

पेस गर्नका लागि मनासिब र उचित अवधि नदिएको भन्ने आधारमा निजलाई सेवाबाट हटाउने गरी भएको निर्णय कानूनसङ्गत छैन भन्ने दाबीसँग सहमत हुन सकिएन । यी निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११३(१) को खण्ड (ग) (च) र (झ) को कसुरमा ऐ. को नियम ११० को खण्ड (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी सशस्त्र प्रहरी उपरीक्षकबाट मिति २०७२।६।७ मा भएको निर्णयलाई सदर गर्ने गरी सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट मिति २०७३।१।२९ मा निर्णय भएको देखिन्छ । निज निवेदकलाई कसुर ठहर गरेको कानूनी प्रावधान हेर्दा, सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११३(१) मा "देहायको कुनै अवस्थामा सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ भन्ने व्यवस्था भएको पाइन्छ:-

(ग) आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा

(च) उर्दीको पोशाक लगाई वा ड्युटीको समयमा मादक पदार्थ सेवन गरेमा

(झ) आफ्नो पदको जिम्मेवारी बराबर बेवास्ता गरेमा

माथि उल्लिखित कानूनी प्रावधान अनुसार निवेदकले आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरेको र आफ्नो पदीय जिम्मेवारी बराबर बेवास्ता गरेको छ वा छैन भन्नेतर्फ हेर्दा, निज निवेदकलाई सशस्त्र प्रहरी बल कालिञ्चोक भगवती गणबाट मिति २०६२।९।१५ मा नसिहत, सशस्त्र प्रहरी नियुक्ति तालिम महाविद्यालय बर्दघाटबाट मिति २०६७।१०।२७ मा नसिहत, ऐ. कार्यालयबाट मिति २०६९।४।२१ मा नसिहत, ऐ. कार्यालयबाट मिति २०६९।६।२४ मा २ वर्ष बढुवा रोक्का र पुन: मिति २०७०।२।७ मा एक तह घटुवासम्मको विभागीय कारबाही भइसकेको भन्ने मिसिल संलग्न प्रमाण मिसिलबाट देखिने।

तसर्थ, निवेदक एक जिम्मेवार सशस्त्र प्रहरी कर्मचारी भएर आफ्नो पदीय जिम्मेवारी अनुसार त्रुटिरहित ढङ्गले कार्य सम्पादन गर्नुपर्नेमा जिम्मेवारी एवम् आचरणको बराबर उल्लङ्घन गरेको पाइएको हुँदा निवेदकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी विपक्षी सशस्त्र प्रहरी उपरीक्षकबाट मिति २०७२।६।७ मा भएको निर्णयलाई सदर गर्ने गरी विपक्षी सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट मिति २०७३।१।२९ मा भएको निणर्य कानूनसम्मत भई मिलेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गर्न मिल्ने नदेखिने । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- रेश्मा बुद्धाचार्य

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल कार्तिक २९ गते रोज ३ शुभम्।

**७२**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी**, *०७०-**CI**-०८३०, ०७०-**CI**-१२४४,* जग्गा दर्ता निर्णय बदर, *श्यामलाल डंगोल वि. प्रदिप कुमार शाक्य, प्रदिप कुमार शाक्य वि. श्यामलाल डंगोल*

विवादित कित्ता जग्गाहरूमा श्यामलाल डंगोल, प्रदिप कुमार शाक्य र पुण्यरत्न बज्राचार्यसमेतको हकदाबी परेकोमा पुण्यरत्न बज्राचार्यले प्रदिप कुमार शाक्यलाई हक दाबी छाडिदिएको मालपोत नियमावली, २०३६ को नियम ४(१) को सिफारिसका आधारमा प्रदिप कुमार शाक्यको हक नपुग्ने हुँदा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७'क' बमोजिम श्यामलाल डंगोलका नाममा रै.प. दर्ता गरीदिने भनी मालपोत कार्यालयबाट मिति २०६७।१२।३० मा निर्णय भएको देखिन्छ । पुण्यरत्न बज्राचार्यले गोरखापत्रमा हक दाबीसम्बन्धी सूचना प्रकाशित हुँदा उक्त कित्ताका जग्गाहरू मेरो बुबा पूर्णबहादुर गुभाजु भन्ने पूर्णरत्न बज्राचार्यको नामको जग्गा भएको र बाजे ज्ञानबहादुर

बज्राचार्यको नामको लगत टोखा मौजा भएको र हा.नं. ६६० बाट दर्ता हुने भनी मैले भुलवश दाबी लिएकोमा उक्त कित्ताका जग्गाहरू प्रदिपकुमार शाक्यको नाममा दर्ता भएमा मन्जुरी छ भनी निजले हकदाबी छाडी सनाखतसमेत गरेको मिसिल संलग्न कागजातबाट देखिन आउने।

तसर्थ, निवेदन मागदाबीबमोजिम पुनरावेदक वादीका नाममा जग्गा दर्ता गर्ने गरेको सुरू मालपोत कार्यालय चावहिलको मिति २०६७।१२।३० को निर्णय उल्टी गरी दुवै पक्षलाई आफ्नो हक कायम गराई ल्याउन सम्बन्धित जिल्ला अदालतमा जानु भनी सुनाइदिने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०७०।४।१४ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिन आयो। पुनरावेदक वादी र पुनरावेदक प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : हरिप्रसाद भट्टराई

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल पौष १९ गते रोज ३ शुभम्।

## इजलास नं. १३

### ७३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०६९-**CI**-०७०५, जिउनीको अबन्डा जग्गा बन्डा गरिपाऊँ, खेमबहादुर रायमाझी वि. भरतबहादुर रायमाझीसमेत*

पुनरावेदक / वादीको पुनरावेदन जिकिर हेर्दा, म पुनरावेदक वादी खेमबहादुर रायमाझीको ७ भागको १ भागसम्म दाबी पुग्ने गरी भएको मिति २०६८।१२।२१ मा भएको पुनरावेदन अदालत पोखराको फैसला सो हदसम्म कानूनी त्रुटिपूर्ण हुँदा बदर उल्टी गरी विपक्षीहरूलाई न्यायको रोहमा झिकाई बुझी मिलापत्रबमोजिम अंश भाग बुझी जिम्मा लिने अंशियारा भाइ ध्रूवबहादुर रायमाझी र जीवनकुमारीलाई समेत अ.वं. १३९ नं. बमोजिम बुझी मिलापत्र अनुसार जिम्मा रहेका विवादित रूपाकोट गा.वि.स. वडा नं. ३ कि.नं. ५८, १३१२ मा म पुनरावेदक वादीको ४ भागको १ भाग र मिलापत्रबाहेक अबन्डा रहेको ऐ. कि.नं. १९०९ को सम्पत्तिमा समेत नरम गरम मिलाई मेरो १ भाग दाबी पुग्ने गरी बन्डा छुट्याई मेरा नाउँमा नामसारी दा.खा. गरिपाउँ भनी जिकिर लिएको देखिन्छ । विवादित कित्ताहरू ५८, १३१२, १९०९ र बैदामतर्फका कित्ताहरू १५९५ र १६०६ जग्गाहरू पुनरावेदककी आमा कृष्णकुमारीको नाममा जिउनीका रूपमा रहेको देखिन्छ कि देखिँदैन भन्नेतर्फ विचार गर्दा, मिति २०२७।१२।१८ मा घरसारमा भएको अंशबन्डा लिखत कागजमा जिउनीको रूपमा आमा कृष्णकुमारीलाई गगनगौडा खलाको कित्ता नं. ५८,१३१२ र १९०९ र बैदामतर्फको जग्गा कि.नं.१५९५ र कि.नं.१६०६ को जग्गा जीवन निर्वाहको लागि सबै अंशियारहरूको सहमतिबाट दिएको देखिन्छ। यसरी घरसारमा भएको अंशबन्डाको लिखत कागजमा कसैको आपत्ति रहेको नदेखिँदा उक्त जग्गा आमाको जिउनीकै रूपमा रहेको भन्ने प्रस्ट देखिने।

पुनरावेदकको दाबीबमोजिम जिउनीको अबन्डा विवादित कित्ता जग्गाहरू बन्डा गरिदिन मिल्ने हो, होइन भन्ने प्रश्नतर्फ विचार गर्दा, विवादित कित्ता जग्गा आमा कृष्णदेवीले जीवन निर्वाहको लागि जिउनीको रूपमा पाएको जग्गा रहेकोमा विवाद छैन। उक्त जग्गा अंशसरह नै भएकोले आमाले जिउँदै रहेको अवस्थामा आफूखुस गर्न पाउने नै हुन्छ। तर केही छोराले गलत नियत राखी अन्य अंशियारको हक मार्ने उद्देश्यले कुनै बहानामा लिन खान पाउँदैन। साथै मिति २०२७।१२।१८ मा घरसारमा भएको अंशबन्डा लिखत कागजमा आमाको शेषपछि सबै छोराहरूले बराबर रूपमा बाँडी खाने भनी उल्लेख भएबाट आमाको शेषपछि सबै छोराहरूले जिउनीबापतको

जग्गा बराबर बाँडी लिन पाउने हुँदा उक्त जिउनीको अबन्डा जग्गा बन्डा गर्न मिल्ने देखिन्छ । तत्पश्चात् जिउनीको रूपमा आमालाई दिएको बैदामतर्फको २ कि.नं.१५९५ र १६०६ र गगनगौडातर्फको ३ कि.नं. ५८, १३१२ र १९०९ गरी दुई खलाको जमिनमध्ये बैदामतर्फको कि.नं. १५९५ र १६०६ जग्गा सर्भे नापीको क्रममा २०३२ सालमा अंशियारमध्येकै गणेशबहादुर रायमाझीले नापी गराई रजिस्ट्रेसन गरी लिएको विषयमा मुद्दा परी पुनरावेदन तहबाट समेत सदर भई अन्तिम अवस्थामा बसेको देखिन्छ । उक्त जग्गा जिउनीमध्येकै रहेको हुँदा र जग्गाको क्षेत्रफल बढी पाएको भनि कुनै अंशियारले आपत्तिसमेत नगरेको अवस्थाबाट निज गणेशबहादुर रायमाझीले घरसारमा मिति २०२७।१२।१८ मा भएको अंशबन्डाको लिखत कागजमा आमाको शेषपछि सबै छोराहरूले बराबर बाँडी लिन खान पाउने भन्ने उल्लिखित बेहोरा अनुसार हकदारहरूमध्येका गणेशबहादुर रायमाझीले आमाको जिउनीकै जग्गाबाट बैदामतर्फको २ कि.नं. १५९५ र १६०६ को जग्गा पाइसकेको हुँदा बाँकी रहेको ३ कि.नं. ५८, १३१२ र १९०९ जिउनी जग्गाबाट निज गणेशबहादुर रायमाझीले फेरि दोहोरो हुने गरी भाग पाउने अवस्था नदेखिने ।

तसर्थ विवादित कित्ताहरू आमा कृष्णकुमारीको जिउनीको रहेको र उक्त जिउनीको जग्गालाई आमाको शेषपछि बराबर बाँडी खाने हकदारहरू नौ जना रहेको नाता प्रमाणित कागजबाट देखिएको साथै यी अंशियारहरूमध्ये केहीले मिति २०३२ सालमा सर्भे नापीको क्रममा आफ्नो नाममा नापी गराई दर्ता गरेको कार्यलाई लामो समयसम्म दाबी विरोध नगरेबाट उक्त नापी दर्ता गर्ने कार्य कानूनसम्मत भई हालसम्म आमाको जिउनीको उक्त जग्गाहरू अन्य कुनै तरिकाले बेचबिखनसमेतबाट हिनामिना नगरेको हुँदा अबन्डा जिउनी जग्गा बन्डा गर्नुपर्ने देखिन्छ । साथै जिउनी जग्गामध्ये बाँकी २ कित्ता १५९५ र १६०६ को जग्गा हकदारहरूमध्ये गणेशबहादुर रायमाझीले पाइसकेको देखिएको आधारबाट निज गणेशबहादुर रायमाझीबाहेक गेहेन्द्र बहादुरको छोरा भरतबहादुर रायमाझीलगायत अन्य सबै छोराहरूले कि.नं. ५८, कि.नं. १३१२ र कि.नं. १९०९ बाट नरम गरम मिलाई बराबर जमिन प्राप्त गर्ने देखियो । अतः मिलापत्र भई कार्यान्वयन हुन बाँकी रहेको ध्रूव रायमाझीको जिम्मामा रहने भनी उल्लेख भएको जग्गाबाट वादी खेमबहादुरले ७ भागको १ भाग बन्डा छुट्याइपाउने भनी पुनरावेदन अदालत पोखराबाट मिति २०६८।१२।२१ मा भएको फैसला सो हदसम्म केही उल्टी भई आमाको जिउनीको विवादित कि.नं. ५८, १३१२ र १९०९ जग्गाबाट हकदार गणेशबहादुर रायमाझीबाहेक अन्य सबै अंशियारले नरम गरम मिलाई बराबर पाउने ।

इजलास अधिकृत : हरिबहादुर चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल भदौ ३१ गते रोज १ शुभम् ।

- ०६९-**CI**-०६६८, जग्गा छुट्याइपाऊँ, जमुनादेवी रायमाझी वि. झपटबहादुर रायमाझीसमेत
- ०६९-**CI**-०७२५, जग्गा छुट्याइपाऊँ, झपटबहादुर रायमाझी वि. हेमबहादुर रायमाझीसमेत